## परिच्छेद एक

# १. शोधपरिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **नारदमणि पौड्यालको जीवनी, व्यक्तित्व र कृतित्व** रहेको छ ।

### १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत रत्नराज्यलक्ष्मी क्याम्पस, नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौंपत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

### १.३ शोधपरिचय

नारदमणि पौड्यालको जन्म वि.सं. २०१४ साल पुस ८ गते ओखलढुङ्गा जिल्लाको विगुटार भन्ने गाउँमा पिता मनोरथ र माता कृष्णकुमारीका प्रथम पुत्रका रूपमा भएको हो । उनले प्रारम्भिक शिक्षा गाउँकै पाठशालाबाट हासिल गरेका हुन् । पछि उनले भारतको सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयबाट संस्कृत विषयमा शास्त्री उत्तीर्ण गरेका छन् । यसपछि नेपालको त्रिभुवन विश्वविद्यालयबाट नेपाली विषयमा स्नातकोत्तर तहसम्मको अध्ययन गरेका छन् ।

गहुँगोरो, होचोकद, छरितो र उज्यालो अनि शालीन व्यक्तित्वका धनी नारदमणि पौड्याल मिलनसार, मृदुभाषी, परिश्रमी र लगनशील प्रवृत्तिका छन् । व्यक्ति पूजामा पटक्कै विश्वास नगर्ने पौड्याल स्पष्ट वक्ता हुन् । पौड्याल २०३३ सालमा साहित्यिक संस्था साझा प्रकाशनबाट लिइएको परीक्षामा उत्कृष्ट भई जागिरमा प्रवेश गरेका हुन् ।

साहित्यिक लेखनतर्फ पौड्याल वि.सं. २०२९ सालबाट नै अगाडि बढेका हुन् । उनले 'उपत्यकाव्यापी अन्तरमाध्यमिक विद्यालय निबन्ध प्रतियोगिता' शीर्षकको निबन्ध लेखेर पुरस्कृत भएपछि आफूलाई यसक्षेत्रमा स्थापित गर्ने आधार निर्माण गरेका हुन् । नोकरीको सिलसिलामा डोल्पा प्रमुख भएर साझा प्रकाशनमा बस्ताको अनुभव सँगाल्दै **मेरो यात्रा संस्मरण** नामक नियात्रा लेखी २०३४ सालमा प्रकाशन गराएका छन् । यसपछि उनले साहित्य र पत्रकारिताका क्षेत्रमा कलम चलाउँदै चेतना साप्ताहिक र 'तुमुल' मासिक पत्रिकासँग सम्बद्ध भएर काम गरे । उनको पहिलो कविता 'बाँसुरीको धुनमा स्वर भरिदैछ' 'नवप्रभात' मासिक पत्रिकामा पहिलो पटक वि.सं. २०४० सालमा प्रकाशित भएको हो ।

पौड्यालले २०४२ सालमा 'तुमुल' मासिक पत्रिकाको कार्यकारी सम्पादक भएर काम गरे । यसै सिलसिलामा २०४३ सालमा १० जना कविहरूको सहलेखनमा **केही कवि केही कविता** प्रकाशन भयो । यसमा उनका चारवटा कविता प्रकाशित छन् । पौड्यालले नेपालका ६० भन्दा बढी जिल्लाको भ्रमण गर्दाको संस्मरण दैनिकीलाई नियात्राको रूप दिएर **नियात्राका नविनतम थुँगाहरू** (२०५९) प्रकाशन भएको छ । उनले धारावाहिक उपन्यास घर सडकको पनि सहलेखन गरेका छन् । यो 'मेरो प्यारो ओखलढुङ्गा' स्मारिकामा प्रकाशित भए पनि हाल अप्राप्त छ । यसपछि उनको कविता सङ्ग्रह **मभित्र यसरी बोल्छ** (२०६२) प्रकाशित भएकोछ ।

यसप्रकार नारदमणि पौड्याल साहित्यका कविता, नियात्रा अनि उपन्यास क्षेत्रमा कलम चलाउने प्रतिभा हुन् । उनका साहित्यिक रचनाका अतिरिक्त सहकारी लेख, रचनाहरू पनि प्रशस्त छन् । उनले विभिन्न पत्रपत्रिकाहरूका साथै कृतिहरूको सम्पादन पनि गरेका छन् । प्रस्तुत शोधकार्यमा यिनै विषयमा केन्द्रित भएर साहित्यकार नारदमणि पौड्यालको जीवनी, व्यक्तित्व र कृतित्वमाथि प्रकाश पारिएको छ ।

## १.४ शोधसमस्या

साहित्यकार नारदमणि पौड्यालको जीवनी, व्यक्तित्व र कृतित्वमा केन्द्रित प्रस्तुत शोधकार्यका समस्याहरू निम्नलिखित रहेका छन् ।

क. नारदमणि पौड्यालको जीवनी के कस्तो रहेको छ ?

ख. नारदमणि पौड्यालका व्यक्तित्वका के कस्ता पाटाहरू रहेका छन् ?

ग. नारदमणि पौड्यालको साहित्यिक यात्रा के कस्तो रहेको छ र उनको नेपाली साहित्यमा के कस्तो योगदान रहेको छ ?

घ. नारदमणि पौड्यालका कृतिहरू के कस्ता रहेका छन् र तिनको नेपाली साहित्यमा के स्थान छ ?

उपर्युक्त समस्याहरू नै प्रस्तुत शोधकार्यका मूल समस्या हुन् ।

## १.५ शोधको उद्देश्य

प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्नलिखित रहेका छन् ।

क. नारदमणि पौड्यालको जीवनी पक्षमा प्रकाश पार्नु,

ख. नारदमणि पौड्यालका व्यक्तित्वका पाटाहरूको निरूपण गर्नु

ग. नारदमणि पौड्यालका साहित्यिक यात्राको निरूपण गर्दै योगदानलाई खुट्याउनु

घ. नारदमणि पौड्यालका कृतित्वको अध्ययन, विश्लेषण गर्नु

उपर्युक्त उद्देश्यको परिपूर्ति गर्नमा नै प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ ।

## १.६ पूर्वकार्यको समीक्षा

साहित्यकार नारदमणि पौड्यालको जीवनी व्यक्तित्व र कृतित्वको सम्बन्धमा हालसम्म व्यवस्थित अध्ययन भएको छैन । केही साहित्यकार,

समीक्षक र शोधकर्ताले उनका बारेमा सामान्य टिप्पणी मात्र गरेका छन् । जे जति अध्ययन भएको छ । त्यसको क्रमिक विवरण तल प्रस्तुत गरिएको छ ।

मोहन कोइरालाले **केही कवि केही कविता** (२०४३) को भूमिकामा नारदमणि पौड्याललाई यथार्थ जीवनको धरातल पहिल्याउने कवि भएको उल्लेख गर्दै उनका कविता वान्कीदार भएका र जीवनका धेरै उकाली ओरालीको अनुभव गरिसकेकाले उनले पहाड र तराईका फाँट भोगिसकेका, देखेका कुरा लेखाइमा उतार्ने काम गरेका छन् भनी उल्लेख गरेका छन् ।

शब्दकोशीका प्रवाह, **साहित्यिक मासिक प्रकाशन** (२०४८) मा नारदमणि पौड्यालका कृतिमा राष्ट्रिय स्वाभिमान र स्वतन्त्रताका स्वरहरू पाइन्छन् भन्ने उल्लेख गरिएको छ ।

ज्ञानबहादुर खड्काले **नेपाली साहित्यमा ओखलढुङ्गाको योगदान** (२०६२) एम.ए. शोधपत्रमा साहित्यकार नारदमणि पौड्याल नेपाली साहित्यका विविध विधामा कलम चलाउने प्रतिभा भएको उल्लेख गर्दै नियात्रा साहित्यमा भने उनको स्थान ओखलढुङ्गा जिल्लामा नै सर्वोत्कृष्ट रहेको छ भन्ने उल्लेख गरेका छन् ।

डा. कृष्णप्रसाद भट्टराईले **मभित्र यसरी बोल्छ** (२०६२) को भूमिकामा नारदमणिका कवितामा सरलता, सहजता, माधूर्य, जीवनमूलकता र दार्शनिकता जस्ता विशेषताहरू पाइन्छन् भनी चर्चा गरेका छन् ।

पुरुषोत्तम दाहालले **मभित्र यसरी बोल्छ** कवितासङ्ग्रहको भूमिकामा नारदमा सानानानीहरूको, देशको भविष्यको चिन्ताले घर गरेको छ । तैपनि उनी प्रकृतिको सुन्दरतामा खेल्न खोज्छन्, निराशाको अन्धकारलाई चिर्दै प्रकाशमान आशाको बत्ती बाल्न खोज्छन् भनी चर्चा गरिएको छ ।

कलानिधि दाहालले **मभित्र यसरी बोल्छ** कवितासङ्ग्रहको भूमिकामा पद्य र गीति दुवै खालको कवितामा बान्कीले सज्जित यस सङ्ग्रहमा युगीन समसामयिक सामाजिक विकृति, प्रजातान्त्रिक गतिमा आएका अनेकानेक अवरोध जस्ता विषयबद्ध गरी उल्लेख गरिएकाले यसले नेपाली साहित्यमा योगदान दिनसक्ने  कुरा उल्लेख गरेका छन् ।

तीर्थराज अधिकारीले **मभित्र यसरी बोल्छ** कविता सङ्ग्रहको भूमिकामा समग्रमा यस कृतिमा विद्रोह, मानवीय भावना र प्रकृतिप्रेम, प्रणयप्रसङ्ग, जीवनका सुख र सुस्केराका भावहरू प्रकट भएका छन् भन्ने कुरा चर्चा गरेका छन् ।सामाजिक हत्याहिंसा अशान्ति तथा राजनैतिक विसङ्गति प्रतिको व्यङग्यात्मकता मुख्य रूपमा झल्किन पुगेका छन् भन्ने कुरा उल्लेख गरेका छन् ।

राष्ट्रकवि माधवप्रसाद घिमिरेले **मभित्र यसरी बोल्छ** कविता सङ्ग्रहको लोकार्पण कार्यक्रममा प्रमुख अतिथिका रूपमा यस सङ्ग्रहका कविमा कवित्व चेतनाको साथसाथै सामाजिकताको भावना अर्को पाटो रहेको छ भन्ने कुराको चर्चा गरेका छन् ।

प्रा. हेमनाथ पौडेलले **मभित्र यसरी बोल्छ** कवितासङ्ग्रहको लोकार्पण कार्यक्रममा उनका कवितामा आशा, गाउँप्रतिको माया, जन्मभूमिप्रतिको आस्था, देशभक्तिको भावना, प्रकृतिप्रेम, आफ्नै जीवन भोगाइका अनुभव र अनुभूति कविता बनेर आएका कुराको चर्चा गरेका छन् ।

प्रा. डा. वासुदेव त्रिपाठीले **मभित्र यसरी बोल्छ** कवितासङ्ग्रहको लोकार्पण कार्यक्रममा यस सङ्ग्रहका कवितामा जीवनप्रतिको जागरुकता र भविष्यप्रतिको दुःख दर्दले आक्रान्त वर्तमान राष्ट्रिय जनसन्दर्भप्रतिका सहानुभूतिभाव सामाजिक हत्या हिंसा अनि अशान्ति तथा राजनीतिक

विसङ्गतिप्रतिको व्यङ्ग्यात्मकता मुख्य रूपमा झल्किन पुगेका छन् भन्ने कुरा उल्लेख गरेका छन् ।

प्रा. घटराज भट्टराईले **मभित्र यसरी बोल्छ** कविता सङ्ग्रहको लोकापर्ण कार्यक्रममा यस सङ्ग्रहका कवि पौड्यालमा कवित्व चेतनाका साथसाथै सामाजिकताको भावना अर्को पाटो रहेको छ भन्ने कुराको चर्चा गरेका छन् ।

उपर्युक्त कार्य नै हालसम्म भएका पूर्वकार्य हुन् । यिनमा सामान्य टीकाटिप्पणी भएतापनि पूर्वकार्यबाट उनका कृतित्वका बारेमा केही मात्रामा सहयोग पुग्ने देखिन्छ ।

## १.७ शोधकार्यको औचित्य

पूर्वकार्यको विवरणबाट के स्पष्ट भएको छ भने साहित्यकार नारदमणि पौड्यालका बारेमा हालसम्म समग्ररूपमा व्यवस्थित अध्ययन भएको छैन, जे जति भएको छ त्यो सामान्य टिप्पणीका रूपमा मात्रै रहेको छ । प्रस्तुत शोधकार्यमा भने उनको जीवनी, व्यक्तित्व र कृतित्वका पक्षमा केन्द्रित भएर समग्र अध्ययन गरिने भएकाले यसको औचित्य स्वतः पुष्टि हुन्छ । यसका साथै यस शोधकार्यले नेपाली साहित्यको इतिहास लेखन कार्यमा र साहित्यकार पौड्यालका बारेमा जिज्ञासा राख्नेहरूलाई समेत सहयोग पुग्नेछ । यसबाट पनि प्रस्तुत शोधकार्यको औचित्य स्पष्ट हुन्छ ।

## १.८ शोधविधि

प्रस्तुत शोधकार्यमा पुस्तकालयीय विधिमा आधारित भई सामग्री सङ्कलन गरिएको छ । प्राथमिक एवं द्वितीयक दुवै सामग्रीहरू पुस्तकालयमा नै उपलब्ध हुन्छन् । अतः पुस्तकालयमा नै आधारित भएर प्रस्तुत शोधकार्यको सामग्री सङ्कलन गरिएको छ आंशिक रूपमा क्षेत्रीय विधिलाई पनि अँगालिएकोछ । यस क्रममा शोधनायकसँग सम्बन्धित व्यक्तिहरू, समीक्षक,

समालोचकहरूसँगको शोधपुछ आदिलाई पनि सामग्रीको स्रोत बनाइएको छ । सामग्रीको विश्लेषणका क्रममा भने जीवनीपरक समालोचना र साहित्यिक सिद्धान्तमा आधारित विषयपरक शोधविधिलाई आधार बनाइएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सुगठित र व्यवस्थित गर्नका लागि निम्नलिखित परिच्छेदमा विभाजन गरिएको छ ।

परिच्छेद एक : शोधपरिचय

परिच्छेद दुई : नारदमणि पौड्यालको जीवनी

परिच्छेद तीन: नारदमणि पौड्यालको व्यक्तित्व

परिच्छेद चार: नारदमणि पौड्यालको साहित्यिक यात्रा

परिच्छेद पाँच: नारदमणि पौड्यालको कृतित्व

परिच्छेद छ : उपसंहार

अन्त्यमा सन्दर्भसामग्री सूची राखिएको छ ।

♦♦♦

**परिच्छेद दुई**

# २. नारदमणि पौड्यालको जीवनी

## २.१ जन्म र जन्मस्थान

नेपाली साहित्यका विविध विधामा निरन्तर कलम चलाउने साहित्यकार नारदमणि पौड्यालको जन्म २०१४ साल पुस ८ गतेका दिन सगरमाथा अञ्चलको ओखलढुङ्गा जिल्ला विगुटार गा.वि.स. वार्ड नं ६ मा ब्राह्मण परिवारमा भएको थियो । पिता मनोरथ र माता कृष्णकुमारीका ज्येष्ठ सुपुत्रका रूपमा उनको जन्म भएको थियो । उनको न्वारनको नामबाटै बोलाउने नाम पनि नारदमणि नै राखियो । यस अनुसार उनको राशि बृश्चिक हुन आँउछ ।

## २.२ पुर्ख्यौली

नारदमणि पौड्यालका पुर्खा काठमाडौंको भीमढुङ्गा भन्ने ठाउँबाट वि. सं. १८६३ सालमा भीमसेन थापा प्रधानमन्त्री भएका बखत बिर्ता पाएर ओखलढुङ्गा जिल्लाको साइटार भन्ने गाउँमा गएर बसोबास गरेका थिए । पौड्यालका पुर्खा द्यौहरि पाध्य पौड्याल बहुतै प्रख्यात थिए । उनले भीमसेन थापाबाट बिर्ता पाएका थिए । द्यौहरिका सन्तान नभएकाले उनका भाइ तुलारामले उनीबाट वकस पाए । तुलारामका पनि गोकुल नामका भाइ थिए । गोकुल भने ताप्लेजुङ्गतर्फ छुट्टिएर गए । तुलाराम चाहिं साइटारमै गृहस्थी जीवन बिताउन थाले । तुलारामका छोरा इच्छाराम पौड्याल थिए । इच्छारामका छोरा लक्ष्मिविनोद पौड्याल थिए । लक्ष्मीविनोदका छोरा पद्मलाल भए । पद्मलालका छोरा भवनाथ साइटारबाट बसाइँ सरेर विगुटार भन्ने गाउँमा पुगेर घरगृहस्थी तथा पशुपालन व्यवसाय गरी बसे । भवनाथका छोराहरू क्रमशः रामलाल, विष्णुलाल र मनोरथ भए । मनोरथ पौड्यालका पाँचभाइ छोरा नारदमणि, रोमहरि, टंकनाथ, हरिप्रसाद र चूडामणि रहेका छन् । उनका पाँचभाइमा नारदमणि पौड्याल जेठा हुन् ।

## २.३ पारिवारिक पृष्ठभूमि तथा बाल्यकाल

ओखलढुङ्गा जिल्ला विगुटार गा.वि.स. मा रहेको नारदमणि पौड्यालको परिवार धेरै समयसम्म संयुक्त रूपमा नै थियो । वि. सं. २०४४ सालमा उनका बुबा बसाइ सर्ने क्रममा सुनसरीको बौका तर्फ लागेपछि भने भिन्न भएका थिए । उनका भाइहरू मध्ये उनी जेठा हुन भने उनका भाइहरू माइला रोमहरि, साहिला टंकनाथ, काईला हरिप्रसाद र कान्छा चूडामणि रहेका छन् । उनका चारदिदी बहिनीहरू भगवती दाहाल, चन्द्रकुमारी दाहाल, योगमाया खतिवडा र गोमा काफ्ले छन् । हाल उनका बुबाको परिवार पनि भिन्न भएर उनका भाइहरू छुट्टै घरजम गरी बसेका छन् । उनका केही भाइहरू सुनसरीको बौकामा खेती किसानी गरी बसेका छन् । उनका दिदीबहिनीहरूको घर कोहीको सुनसरीको इटहरी तिरै रहेका छन् भने कोहीको कपनमा छन् । नारदमणि पौड्याल काठमाडौंको कपन गा.वि.स. वार्ड नं ३ मा आफ्नै घरमा मातापिता लगायत परिवारजन सहित बसोबास गर्दै आएका छन् ।

ब्राह्मण परिवारको गृहस्थाश्रममा त्यसमा पनि जेठो सन्तानका रूपमा नारदमणि पौड्यालको जन्म भएकाले उनको बाल्यकाल सुखमय रूपमै बित्यो । खाने लगाउने र पढ्ने जस्ता कुराबाट उनले बञ्चित हुनु परेन । उनका बुबा खेती किसानी तथा पशुपालन व्यवसायमा लागेकाले उनलाई गाईभैंसीको हेरविचार गर्ने, दूध दुहने, घाँस काट्ने, दाम्लो बाट्ने जस्ता काम गर्न आउँछ । उनी यस्ता काम गर्दा असाध्यै खुसीसाथ गरेको बताउँछन् । उनी आफ्ना बुबालाई खेतीकिसानी लगायत अन्य काममा सघाउँथे । पौड्याल बिहान बेलुका अन्य काम गर्दै दिउँसोको समयमा पण्डित पुण्यप्रसाद दाहालको गुरुकुलमा लघुकौमुदी अमरकोष, हितोपदेश, रुद्री, चण्डी आदि ग्रन्थको अध्ययन पनि गरेको बताउँछन् (शोधनायकबाट प्राप्त जानकारी) । यसप्रकार नारदमणि पौड्यालको बाल्यकाल आफ्ना मातापिताको सुखदुःखमासाथ दिँदै उकाली ओराली लेकबेंसी, गाईगोठ हुँदै मेलापर्म र खेती किसानी गर्दै बित्यो ।

## २.४ शिक्षा–दीक्षा तथा स्वाध्ययन

शिक्षा जीवनको अपरिहार्य वस्तु हो । नारदमणि पौड्यालका मातापिता आफ्ना सन्तानलाई विद्वान बनाउन चाहन्थे । उनका बुबाले उनलाई विगुटार गाउँकै भाषा पाठशालामा भर्ना गरिदिए । केही समय त्यहाँ अध्ययन गरेपछि रामपुर निवासी पण्डित पुण्यप्रसाद दाहालको गुरुकुलमा संस्कृतको अध्ययन गरे । त्यहाँ पौड्यालले लघुकौमुदी, अमरकोष, हितोपदेश, अनुवाद र चन्द्रिकाहरूको अध्ययन गरे । कर्मकाण्ड पट्टिपनि उनले चण्डीरुद्री लगायतका ग्रन्थहरूको अध्ययन गरेका छन् । पठनपाठनकै लागि उनी १४ वर्षको उमेरमा देशको राजधानी काठमाडौं प्रवेश गरे । काठमाडौंको रानीपोखरी संस्कृत माध्यमिक विद्यालयमा उनी कक्षा सातमा भर्ना भए । वि. सं. २०३२ सालमा पूर्वमध्यमा परीक्षा पास गरेपछि जागिरको खोजीमा भौंतारिए । साझा प्रकाशन प्रशाखा प्रमुख भएर उनी डोल्पा, भोजपुर अनि सुर्खेतमा समेत पुगे । त्यसपछि कार्यालयबाट बिदा मिलाएर अध्ययन गर्नका लागि भारतको वाराणसीस्थित सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय पुगे । त्यहाँबाट उनले साहित्य विषय लिएर शास्त्री द्वितीय श्रेणीमा उत्तीर्ण गरे । त्यतिले मात्र उनको अध्ययन रोकिएन । नपालकै त्रिभुवन विश्वविद्यालयबाट नेपाली विषय लिएर स्नातकोत्तर अध्ययन गरे । स्नातकोत्तर पहिलो वर्षको परीक्षा दिएपछि पौड्यालले आफ्नो रोजीरोटीका लागि जागिर नभइनहुने भएकाले धेरै समय जागिरमा व्यस्त रहनुपरेकोले अध्ययन बीचैमा स्थगित गरे ।

## २.५ विवाह, दाम्पत्य जीवन र परिवार

विवाह जीवनको अपरिहार्य घटना हो । कुनैपनि व्यक्ति वैवाहिक जीवनमा बाँधिनुपर्छ । नारदमणि पौड्यालको विवाह उनको गाउँ विगुटारमै बसोबास गरी बसेका देवीप्रसाद दाहाल तथा कोमलकुमारी दाहालकी जेठी सुपुत्री भुवनकुमारी दाहालसँग वि.सं. २०३४ सालको आश्विन महिनामा प्रेम विवाह भएको थियो । उनले गाउँको ब्राह्मण परिवारमै पहिलो प्रेम विवाह गरी

साँस्कृतिक जागरण ल्याउने कार्य गरेका छन् । त्यसबखत उनको जागिर भोजपुरमा थियो । उनी आफ्नी प्रेमिकासाथ घरबाट बाहिरिएर तराईतिर गएर आफन्तजनको घरबाट मंसिर २४, २०३४ मा वैधिक विधिपूर्वक विवाह सम्पन्न गरेर भोजपुरतर्फ प्रस्थान गरे (शोधनायकबाट प्राप्त जानकारी) । विवाहको समयमा पौड्याल २२ वर्षका थिए भने उनकी श्रीमती १७ वर्षकी थिइन् । उनीहरूका प्रथम सन्तानका रूपमा वि.सं. २०३५ सालमा छोरा रञ्जनमणिको जन्म भयो भने दोस्रो सन्तानका रूपमा वि.सं. २०३८ सालमा राजनमणिको जन्म भयो । रञ्जनमणिको पढाइ सानैदेखि निकै राम्रो रहेको छ । राजनमणि पनि दाजुभन्दा कम छैनन् । रञ्जनमणि समाजशास्त्र विषयमा स्नातकोत्तर दोश्रो वर्षको परीक्षा दिएर कान्तिपुर एफ.एममा समाचार वाचकको काम गर्दागर्दै हाल अष्ट्रेलियामा अध्ययनरत छन् भने राजनमणि बि.बि.एस. तेस्रो वर्षमा अध्यनरत छन् । जेठा रञ्जनमणि साहित्यतर्फ पनि विशेष रुचि राख्ने स्वभावका छन् । उनका केही फुटकर कविताहरू पनि प्रकाशित भएका छन् ।

पौड्यालको पारिवारिक जीवन सुमधुर एवं प्रेमपूर्ण रूपमा बितिरहेको छ । पति शिक्षित र पत्नी कम शिक्षित भएपनि उनीहरूबीच राम्रो समझदारी छ । उनीहरूको परिवार मध्यमवर्गीय श्रमजीवी परिवार हो । श्रीमती भुवनकुमारीको बोलाउने नाम सीता हो । उनी असल गृहणीका रूपमा कार्यरत छिन् । पौड्याल र उनकी श्रीमती सीताले एक अर्काका दुःख सुखमा साथदिने, सहयात्री बन्ने र आजीवन हाँसी खुशी दिन बिताउने प्रणकासाथ प्रेम विवाह गरेका थिए । त्यो प्रण उनीहरूको जीवनमा सार्थक भएको छ । उनीहरूको जीवनयात्रा प्रेमपूर्ण रूपमा अघि बढिरहेको छ । उनीहरूको जोडी विगुटार गाउँमा उदाहरणीय बनेको छ ।

## २.६ कार्यक्षेत्र तथा आजीविका

पौड्यालले काठमाडौंको तीनधारा संस्कृत माध्यमिक विद्यालयबाट पूर्वमध्यमा परीक्षा दिएपछि मेहेनत र परिश्रमका साथ कर्मक्षेत्र खोज्दै अघि बढ्ने क्रममा वि.सं. २०३३ सालमा साहित्यिक संस्था साझा प्रकाशनबाट

लिइएको परीक्षामा सर्वोत्कृष्ट नतिजा ल्याई जागिरमा प्रवेश गरे । नोकरीकै सिलसिलामा उनी साझा प्रकाशनमा शाखा प्रमुख भएर डोल्पा जिल्लामा बसे । डोल्पामा बस्दाको अनुभव सँगाल्दै उनले **मेरो यात्रा संस्मरण** नामक नियात्रा लेखे । त्यसपछि भोजपुर सरुवा भएर गए । भोजपुर शाखा प्रमुख भएर बस्दा उनी प्रेमविवाहमा बाँधिन पुगे । भोजपुरबाट पौड्याल काठमाण्डौ सरुवा भएर आए । काठमाडौंमा उनले नोकरीका साथै पत्रकारिता र साहित्य दुवै क्षेत्रमा कलम चलाउँदै चेतना साप्ताहिक र तुमुल मासिक पत्रिकासँग सम्बद्ध भएर काम गरे । वि.सं. २०४२ सालमा उनले तुमुल मासिक पत्रिकाको कार्यकारी सम्पादक भएर काम गरे ।

नोकरीको क्रममा पौड्याल वि.सं. २०४४ सालमा सेवा परिवर्तन गर्दै हालको राष्ट्रिय सहकारी बिकास बोर्डमा पुगे । उनी जागिरमा प्रवेश गर्दाका बखत एक नम्बरमा नाम निस्किएको थियो भने त्यसपछिका पदोन्नतीमा पनि एक नम्बरमा नै रहन पछि परेनन् । राष्ट्रिय सहकारी बिकास बोर्डको संचार अधिकृत र योजना अधिकृत रहिसकेका पौड्याल आफ्नो कार्यप्रति लगनशील छन् ।

साझा संस्था लिमिटेडद्वारा प्रकाशित हुने आर्थिक पत्रिकामार्फत पौड्यालले वि.सं. २०४५ सालदेखि लेख प्रकाशन र साझा सहकारी रेडियो कार्यक्रम मार्फत सहकारीको माध्यमबाट आर्थिक विकासको सन्देश सम्प्रेषित गराउँदै गोरखापत्र दैनिक, समाज र राष्ट्रपुकार आदि साप्ताहिक पत्रिका मार्फत सहकारी लेख प्रकाशन गराउने काम गरे (शोधनायबाट प्राप्त जानकारी) । उनी समाजवादबाटै सहकारिता फस्टाउन सक्छ भन्ने कुरामा दृढ विश्वासकासाथ त्यसतर्फ लागे । गाउँवासीहरूलाई स्वावलम्बी, आत्मनिर्भर र स्वउत्तरदायी बनाउने हो भने सहकारितालाई इमान्दारीपूर्वक लागू गर्नुपर्दछ र त्यसैबाट नेपालको ग्रामीण क्षेत्रको विकासमा उल्लेख्य योगदान पुग्न गई राष्ट्र संम्बृद्धशाली बन्छ भन्ने कुरामा उनी आशावादी देखिन्छन् ।

उनी सहकारीमै रहेर रेडियो कार्यक्रम, टेलिभिजन कार्यक्रम र सहकारी सम्वादको सम्पादक भएर सहकारीको सन्देश दिन र प्रशिक्षक भएर मेची-महाकाली घुम्दै सहकारी जागरणमा सम्मिलित भए । यसरी सहकारिताको क्षेत्रमा प्रवेश गरी यसको विकासमा संलग्न हुन पाएकोमा पौड्याल कर्मक्षेत्रबाट भौतिकरूपले नभई सामाजिक रूपले सन्तुष्ट देखिएका छन् ।

यसप्रकार ३२ वर्ष सहकारी क्षेत्रको अनुभव बटुलेर राष्ट्रिय सहकारी विकास वोर्डमा संचार अधिकृतको पदबाट २०५९ सालमा स्वेच्छिक अवकास लिई हाल सहायता सहकारी संस्था लिमिटेडको अध्यक्ष पदमा कार्यरत छन् । यसका साथै उनले प्रवर्तमान मासिक पत्रिकाको सम्पादकका रूपमा पनि २०४९ सालदेखि नै कार्य गरिरहेका छन् । यस बाहेक उनी दर्जनौं सहकारी संस्थामा सल्लाहकार रहेर विशेषज्ञ सेवा प्रदान गर्दैछन् । (शोधनायबाट प्राप्त जानकारी)

## २.७ आर्थिक अवस्था

मध्यमवर्गीय परिवारमा जन्मेका साहित्यकार पौड्यालको आर्थिक अवस्था हालसम्म पनि मध्यम खालको नै छ । उनका पुर्खा जिजुबुबा तथा हजुरबुबा अनि बुबा सबैले खेतीपाती तथा पशुपालन व्यवसाय नै गर्दै आएका थिए । पढाइका सिलसिलामा उनी काठमाडौंमै डेरा गरी बस्दै आएका छन् । वि.सं. २०५२ सालदेखि उनी कपन ३ मा रहेको ६ आना जग्गामा बनेको श्रीमती भूवन कुमारीको नाउमा रहेको घरमा बसोबास गर्दै आएका छन् । उनले आफ्नो पुर्ख्यौली सम्पत्तिको पनि उपभोग गरेका छैनन् । मध्यमवर्गीय परिवार भएकाले उनी लगायत उनका छोरा, श्रीमती अनि माता पिता समेत आ-आफ्ना कार्यक्षेत्रमा व्यस्त रहेका देखिन्छन् । पौड्यालको नाममा इटहरीको बौकामा १ कट्ठा १० धुर जग्गा उनको पुर्ख्यौली सम्पत्ति नभएर स्वआर्जनबाटै खरीद गरेको रहेको छ । भक्तपुर नगरपालिका वार्ड नं १५ 'क' मा पनि उनको नाममा आधा रोपनी जग्गा रहेको छ । (शोधनायकबाट प्राप्त जानकारी)

## २.८ बसोबास

जन्मथलो ओखलढुङ्गा, विगुटार भएपनि उच्च शिक्षा अध्ययनका सिलसिलामा पौड्याल वि. सं. २०२८ सालदेखि नै काठमाडौंमा बसोबास गर्दै आएका छन् । अध्ययनको समाप्ति पछि जागिर खाने क्रममा डोल्पा, भोजपुर, सुर्खेत जस्ता जिल्लामा साझा प्रकाशनको प्रमुख भएर ती ठाउँमा अस्थायी बसोबास गरेपनि वि. सं. २०४२ सालदेखि काठमाडौंमा स्थायी रूपले नै बसोबास गर्दै आएका छन् । उनी हाल काठमाडौं जिल्लाको कपन गा.वि.स. वार्ड नं ३ मा अवस्थित घरमा आफ्ना माता पिताकासाथ सपरिवार बस्दै आएका छन् ।

## २.९ रुचि र स्वभाव

साहित्यकार नारदमणि पौड्याल नयाँ नयाँ ठाउँको भ्रमण गर्न रुचाउँछन्। उनी सानै उमेरदेखि नै साथीभाईसँग मिलेर काम गर्थे । नयाँ नयाँ साथीहरू बनाउने साथीहरूसँग मिलेर सहकार्य गर्ने उनको रुचि भएकाले नै उनी जीवनको अभिन्न अङ्ग जस्तै सहकारीलाई नै बनाउँदै अगाडि बढे । यही क्रममा नेपालका अधिकांश जिल्लाहरूको भ्रमण गर्नपनि सफल भए । यसका साथसाथै उनी पत्रपत्रिकाको अध्ययन पनि गर्दछन् । उनी कान्तिपुर, गोरखापत्र आदि पत्रिकाको नियमित पाठक हुन् । साहित्य लेखन पत्रिपत्रिकाको प्रकाशन सम्पादन गर्न पनि उनी असाध्यै रुचाउँछन् । परिश्रमी र मिलनसार अनि लगनशील स्वभावका पौड्याल बिहान सबैरे उठ्ने र बेलुका पनि १० बजेपछि मात्र सुत्ने गर्दछन् । उनी आफूलाई लेख्ने जाँगर चल्यो र कुनै विषयवस्तुले छोयो भने जुनसुकै समयमा पनि लेख्न सक्ने र लेखिहाल्ने गरेको बताउँछन् ।

खानपिन र पहिरनतर्फ भने उनको रुचि खासै यस्तै भन्ने छैन । खासगरी सामान्य किसिमको कपडा लगाउन रुचाउने पौड्याल नेपालको राष्ट्रिय पोशाक मनपराउँछन् । सानैदेखि गाईभैंसीको हेरचाह गर्ने पौड्याल

दही, दूध, कुराउनी विशेष मनपराउँछन् । धर्म र ईश्वरमा विश्वास राख्ने भएकाले अनि उनको अध्ययनको क्षेत्रपनि मिल्दोजुल्दो भएकाले उनी पुराण वाचन गर्न असाध्यै रुचाउँछन् । शोधनायकबाट प्राप्त जानकारी) । उनले आफैं वाचकी भएर सुनसरीको आफ्नो घरमा सप्ताह पनि लगाएका छन् । गरिब जनताको हितमा कुनै योजनाबद्ध कार्य गर्ने उनको उद्देश्य छ । पौड्यालले आफ्नो घरपरिवारमा असल र सहयोगी पति, मायालु र कर्तव्यनिष्ठ पिता अनि मातापिताको आज्ञाकारी पुत्रको भूमिका निभाएका छन् ।

## २.१० सामाजिक जीवन

सानै उमेरदेखि साथीभाइसँग मिलेर सहकार्य गर्ने नारदमणि पौड्याल समाजको लागि केही न केही गर्नुपर्छ भन्ने उद्देश्यका साथ त्यसतर्फ लागेका छन् । उनले आफ्नो पुर्ख्यौली गाउँ विगुटारमा पार्टी, पौवा, धार्मिकस्थल आदिको निर्माण कार्यमा सक्दो सहयोग गरेका छन् । सुनसरी जिल्लास्थित उनको गाउँ बौकामा पनि उनले मुक्तिनारायण मन्दिरमा भगवान शिवको मूर्ति आफ्नै खर्चमा निर्माण गरी स्थापना गराएका छन् । हाल उनी बसोबास गरेको स्थान काठमाडौं कपनअन्तर्गत सिद्धेश्वर मन्दिरको निर्माणमा पनि धेरै सहयोग गरेका छन् । साथै कपन गाविस वडा नं १ मा निर्माणाधीन सोमनाथ मन्दिर परिसरमा उनले आफ्नै खर्चमा भगवान् कुमारको मूर्ति प्रतिस्थापन गराएका छन् । यस्तै कपन साहित्य समाजको भवननिर्माणमा उनले उल्लेख्य आर्थिक सहयोग गरेका छन् । उनले कपनमै चखुञ्चा खहरे उमभोक्ता समितिमा अध्यक्षको हैसियतबाट खहरेमा सिमेन्ट पाइप बिछ्याई खोला पुर्ने कार्यको नेतृत्व गरेका छन् । सहायता सहकारी संस्थामा अध्यक्षको हैसियतबाट आफ्ना सदस्यहरूका लागि भवन निर्माण गर्ने विद्यालय सञ्चालन, बृद्धाश्रम, मन्दिरनिर्माण, खेलमैदान, बहुउद्देश्यीय भवननिर्माण, अतिथिगृह लगायतका सुविधासम्पन्न सहकारी क्षेत्रको ऐतिहासिक योजनाको जिम्मेवारी लिएर काम गरिरहेका छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

सहकारी क्षेत्रको विशेषज्ञ मानिने उनी सप्तरङ्गी नामक सहकारी गीतका गीतकार सहकारी प्रतीक चिन्ह लोगोका परिकल्पनाकार समेत रहेका छन् । गरीब, दुःखीप्रति उनको मन अत्यन्त द्रविभूत भएर पग्लिने गर्दछ । उनको अवधारणा अनुसार नेपालको सहकारी आन्दोलनको इतिहासमा नै पहिलो र नमूना योजना सहकारी आवासग्राम भक्तपुर नगर १५ क मा सञ्चालित छ ।

## २.११ सिर्जनाका निम्ति प्रेरणा, प्रभाव तथा परिवेश

नारदमणि पौड्यालले विद्यार्थी जीवनबाटै साहित्यिक लेख, रचनाहरू सिर्जना गर्न थालेको पाइन्छ । साहित्यिक लेखन तर्फ पौड्याल २०२९ सालबाट अगाडि बढेका हुन । उनले खासगरी निबन्ध विधाबाट साहित्य सिर्जना गरेका छन् । उनको पहिलो निबन्ध ‘अन्तरमाध्यमिक निबन्ध प्रतियोगिता’ शीर्षकको उपत्यकाव्यापी निबन्ध प्रतियोगितामा लेखेको निबन्ध हो ।

उनी आफन्त परिवारजन, साथीभाइ र कुनैपनि महत्वपूर्ण व्यक्ति विशेषको प्रेरणा वा प्रभावबाट प्रभावित भएर साहित्य सिर्जनामा लागेका होइनन् । उनी पढ्नका लागि काठमाडौं बस्दा आफ्नो जन्मभूमि, मातापिताबाट टाढिनुपर्दा आफ्नो गाउँघर, साथीभाइ, पाखापखेरा, नेपाली परिवेश आफ्नोपन आदिबाट प्रभावित भएर स्वतस्फूर्त रूपमा साहित्य प्रकट भएर साहित्य सिर्जनामा लागेको बताउँछन् । त्यसैले उनले आफ्नै गाउँ ठाउँ अनि जागिर खानेक्रममा देशका विभिन्न ठाउँमा बस्दाको अनुभवलाई निबन्धको रूपमा लेखेका छन् । (शोधनायकबाट प्राप्त जानकारी) आफ्नो कामको सिलसिलामा या अन्य कुनै विषयवस्तुले मनमा छोयो भने उनी त्यसलाई लेखिहाल्ने बताउँछन् । साहित्यका कविता, उपन्यास जस्ता विधामा उनले कलम चलाएका छन् ।

## २.१२ भाषाज्ञान

नारदमणि पौड्यालको मातृभाषा नेपाली हो भने पठनपाठनको भाषा संस्कृत धेरै जस्तो भएकाले उनलाई संस्कृत भाषामा राम्रो दक्खल छ । यसका

साथै उनलाई अंग्रेजी भाषाको पनि ज्ञान छ । उनी अध्ययनका क्रममा भारतमा बसेकाले हिन्दी भाषामा पनि बोलचाल गर्ने गर्दछन् । यति हुँदाहुँदै पनि उनले साहित्यिक अभिव्यक्तिको माध्यम भने मातृभाषा नेपालीलाई नै बनाएका छन् ।

## २.१३ भ्रमण

साहित्यकार नारदमणि पौड्यालको जीवनको अभिन्न अङ्ग जस्तै उनको सहकारिता रहेको छ । त्यसैले उनले जागिर खाने क्रममा महत्वपूर्ण जिम्मेवारी लिएर देशका ६८ भन्दा बढी जिल्लाहरूको भ्रमण गरेका छन् । तीर्थाटनका क्रममा भारतको महत्वपूर्ण अधिकांश तीर्थस्थलहरू बनारस, मथुरा वृन्दावन, अमोधर सोमनाथ, साइबाबा आश्रम, पदवती, बद्रीनाथ, हरिद्वार, ऋषिकेश, रामेश्वर, मधुराई कन्याकुमारी द्वारका जस्ता प्रसिद्ध तीर्थस्थलका साथै मलेशिया र सिङ्गापुरको समेत भ्रमण गरेका छन् । (शोधनायकबाट प्राप्त जानकारी)

## २.१४ सुख दुःख एवं जीवनको स्मरणीय क्षण

मानिसको जीवन अनेकौं घटनाहरूका आरोह अवरोह श्रङ्खलालाई पार गर्दै अगाडि बढेको हुन्छ । ती घटना मध्ये कतिपय घटनाहरू सम्झिरहन योग्य हुन्छन् । उनी जागिर खाने क्रममा लिइएको परीक्षामा सर्वप्रथम भएर जागिरे भएका बखत बहुतै खुशी भएको अनुभव बताँउछन् । त्यस्तै एउटी सिधा साधा गाउँले केटीसँग गरेको प्रेमलाई सफल वैवाहिक जीवनका रूपमा बिताउन पाएकोमा पनि अत्यन्तै सुख अनि खुशी लागेको बताउँछन् । त्यसैगरी देशमा २०४६ सालमा प्रजातन्त्र आएको बखत पनि अत्यन्त खुशी भएको बताउँछन् ।

पौड्यालका जीवनमा दुःखका क्षणहरू पनि स्मरणीय छन् । उनी काठमाडौंमा पढ्न बसेका बखत २०३२ सालमा एकपटक घरबाट खर्च नआइ पुगेकोले तीन दिनसम्म खान नपाएर भोकभोकै बस्नु परेको घटना स्मरणीय छ । त्यसबेला चिनेजानेका भन्ने सबै विद्यार्थी नै थिए । एकजना साथीले बनकाली निर रिङरोड बनाउने काममा लगाइदिने आश्वासन पाएर त्यहाँ गएका उनी

चाँहि अलि साना भएकोले बालुवाको भारी लगाइदिने काम पाएका थिए । त्यहाँ काम गर्दा पनि महिना दिन नभईकन ज्याला नपाउने भनेकाले असाध्यै निराश भएर बिना पारिश्रमिक डेरातर्फ फर्कनु परेको घटना उनले भोगेका छन् । उनको जीवनमा एकपटक भर्खर काठमाडौं आएको वेला बास नपाएर रत्नपार्कमा भोकै सुतेको अनुभव पनि छ । अध्ययनकै क्रममा उनले प्रहरी हिरासतमा पनि अनेकौं यातना भोगेका घटनाहरू अविस्मरणीय बनेर रहेका छन् ।

## २.१५ प्रकाशित पुस्तक, कृतिहरू तथा फुटकर रचनाहरू

साहित्यकार नारदमणि पौड्यालको साहित्यिक यात्रा निबन्ध विधाबाट प्रारम्भ भएको हो । उनले निबन्ध लगायत कविता, उपन्यास काव्य, गीत जस्ता विधामा पनि कलम चलाएका छन् । उनका विविध विधाका प्रकाशित कृतिहरू यसप्रकार छन् ।

### प्रकाशित साहित्यिक कृति

| | | |
|---|---|---|
| मेरो यात्रा संस्मरण | यात्रा निबन्ध | त्रिवेणी छापाखाना २०३४ |
| केही कवि केही कविता | कविता सङ्ग्रह (सहप्रकाशन) | प्रकाशन २०४३ |
| नियात्राका नविनतम थुङ्गाहरू | यात्रा निबन्ध सङ्ग्रह | कौशिकी साहित्कि प्रतिष्ठान २०५९ |
| म भित्र यसरी बोल्छ | कविता सङ्ग्रह | प्रवर्तमान पब्लिकेशन २०६२ |
| कोमल शोक काव्य | काव्य | प्रवर्तमान पब्लिकेशन २०६३ |
| मणि | गीतिसङ्ग्रह | कौशिकी साहित्य प्रतिष्ठान २०६३ |

## फुटकर रचना

| | | |
|---|---|---|
| पोखरी डाँडा | संस्मरण लेख | लिम्जुभुम्जु २०५४ |
| सहयात्रा इलामको सिंहवाहिनी | निबन्ध | बन्दना पूर्णाङ्क ५२ २०५६ |
| स्वर्गद्वारी देखि घोराहीसम्म | निबन्ध | बन्दना २०५६ |
| सहयात्रा विराटनगरदेखि जनकपुरसम्म | निबन्ध | कौशिकी साहित्य त्रैमासिक २०५६ |
| वाचा बाँधिएको कविता | कविता | २०५० नेपाल |

## साहित्येत्तर कृति

| | |
|---|---|
| साझा एकीकरण आजको परिप्रेक्ष्यमा | २०४७ |
| नेपालमा महिलाहरूको स्थिति र अवस्था | २०४७ |
| नेपालमा सहकारी आन्दोलन इतिहासदेखि वर्तमान सम्म | २०५२ |
| नेपाल फोरम बृहद ऐतिहासिक ग्रन्थ | २०५२ |
| सहकारी शिक्षा | २०५६ |

## सहित्येतर फुटकर लेखहरू

| | |
|---|---|
| साझा भण्डारको वार्षिक उत्सव | २०५० |
| सहकारी आन्दोलन उद्देश्यगत नीति र प्राथमिकता क्षेत्र समाज | २०५१ |
| सहकारीको सांचो जनतामा | २०५२ |
| सहकारीको सांचो जनतामा | २०५२ |
| सहकारी विकास बोर्ड चर्चा र चुनौति | २०५३ |
| नेपालमा वचत केका लागि, कस्का लागि | २०५४ |

| | |
|---|---|
| पाँचौ राष्ट्रिय सहकारी सम्मेलन | २०५५ |
| दुधमा सहकारीता कृषकहरूमा थप हौसला | २०५५ |
| वचत सहकारीको विकासमा सहकारी शिक्षा | २०५६ |
| सहकारी सिद्धान्त र प्रयोग रजतमहोत्सव स्मारिका | २०५६ |
| वचत सहकारीको विकासमा सहकारी शिक्षा | २०५६ |
| नेपालमा दुग्ध व्यवसाय हिजो र आज | २०५७ |
| आजको सहकारी क्षेत्रका चुनौतिहरू | २०५७ |
| यसरी शुरु भयो नेपालमा सहकारी | २०५७ |

♦♦♦

परिच्छेद तीन

# ३. नारदमणि पौड्यालको व्यक्तित्व

## ३.१ शारीरिक तथा निजी व्यक्तित्व

नारदमणि पौड्यालको शारीरिक व्यक्तित्व सामान्य नेपालीको वाह्य व्यक्तित्व अनुरूपकै देखिन्छ । पाँच फिट तीन इन्च उचाई भएका पौड्याल गहुँगोरो वर्णका कालो केश, पातलो जिउडाल भएतापनि फुर्तिला र उज्याला देखिन्छन् । लगनशीलता, कर्मशीलता, नम्रता, विद्वता जस्ता चारित्रिक विशेषताका धनी पौड्याल ज्यादै स्वाभिमानी छन् । तडकभडक र विलासिता जस्ता कुराहरूबाट टाढा रहेर सरल र साधा जीवन बिताउने यिनी शालीन व्यक्तित्वका धनी देखिन्छन् । व्यक्तिपूजामा पटक्कै विश्वास नगर्ने पौड्याल मिलनसार र मृदुभाषी छन् । यिनी जिन्दगीमा अनगिन्ती सङ्घर्ष र पीडाहरूलाई सहेर पनि हाँसेर बाँच्न मनपराउने व्यक्ति हुन् ।

आफ्नो कर्तव्यप्रति सदा सचेत रहने पौड्याल साथीभाइसँग मिलेर अरुका लागि र देशका लागि केही गरौं भन्ने पवित्र भावना राखेर अगाडि बढ्ने व्यक्ति हुन् । आफ्नो जन्मथलो र कर्मथलोको खातिर हुरुक्क हुने यिनी साहित्य सिर्जनामा पनि आफ्नोपनबाट प्रभावित भएर लागेको बताउँछन् । सानैदेखि नयाँ नयाँ ठाउँ घुम्न र नयाँ काम गर्न रुचाउने पौड्याललाई कर्मक्षेत्र पनि त्यस्तै खालको जुरेको पाइन्छ । उनी कुनैपनि नयाँ स्थानको भ्रमण गरेपछि त्यसबाट अनुभव भएका कुराहरूलाई लेखनमा उतारिहाल्ने गरेको बताउँछन् ।

## ३.२ साहित्यकार व्यक्तित्व

नारदमणि पौड्यालले नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएका छन् । उनी वि.सं. २०३२ सालबाट **मेरो यात्रासंस्मरण** नामक नियात्रा लेखेर वि.सं. २०३४ सालमा प्रकाशन गराइ नेपाली निबन्धको क्षेत्रमा

देखा परेका हुन् । उनले नेपाली साहित्यका अन्य विधामा पनि कलम चलाएका छन् । नेपाली साहित्यको कवितातर्फ पनि उनले कलम चलाएका छन् । त्यसैगरी पौड्यालले उपन्यास को पनि सहलेखन गरेको पाइन्छ । तर त्यो अप्रकाशित रहेको छ । पौड्यालले नेपाली साहित्यको काव्य विधामा पनि पाइला चालेका छन् । उनको **कोमल शोक काव्य** २०६३ प्रकाशित भएको छ । यसका साथै उनले गीततर्फ पनि कलम चलाएका छन् । यसरी वि.सं. २०३२ सालबाट नियात्रा लेखेर नेपाली निबन्धको क्षेत्रमा देखापरेका पौड्याल आजसम्म आइपुग्दा कविता, उपन्यास, काव्य तथा गीत जस्ता विधामा समेत कलम चलाउन सक्षम भएका छन् ।

## ३.३ निबन्धकार व्यक्तित्व

नेपाली साहित्यको पहिलो आधार नै निबन्धलाई बनाएका पौड्यालले विद्यालय जीवनबाट नै सबैभन्दा पहिले निबन्ध लेखेर प्रथम भएपछि आफ्नो लेखनकार्यलाई प्रारम्भ गरेका हुन् । साझा प्रकाशनमा जागिरे भएपछि प्रशाखा प्रमुख भएर सुदुर पश्चिमको डोल्पा जिल्लामा बस्दा आफ्नो गाउँको सम्झनामा केही लेखौं जस्तो लागेर लेखनकार्यलाई अगाडि बढाउँदै लगे । डोल्पा जिल्लामा बस्दा त्यहाँको रहनसहन र संस्कृति आदिको झल्को प्रस्तुत गर्दै **मेरो यात्रा संस्मरण** नामक नियात्रा उनले २०३२ सालमा लेखे । यसलाई वि.सं. २०३४ सालमा भोजपुरमा सरुवा भएर गएपछि प्रकाशन गराए । त्यसैगरी पौड्याल जागिरकै क्रममा देशका अन्य स्थानमा कार्यरत रहँदा पनि आफ्नो लेखनलाई निरन्तरता दिइरहने गर्दथे । उनले आफ्नो जीवनमा घटेका भोगेका घटनाहरूलाई आधार बनाएर पनि विभिन्न लेख तथा फुटकर निबन्धहरू लेखेका छन् । जागिरकै सिलसिलामा देशका ६८ भन्दा बढी जिल्लाहरूको भ्रमण गर्दा पनि उनले विभिन्न फुटकर निबन्धहरू लेखेका छन् । उनले लेखेका निबन्धहरूलाई सङ्कलन गरेर नियात्रा सङ्ग्रहको रूप दिएका छन् । उनको **नियात्राका नवीनतम थुङ्गाहरू** २०५९ प्रकाशित भएको छ । यसमा उनले आफ्नै जन्मस्थान र ग्राम्य जीवनको सरलता र सहजता, शहरको आधुनिक वातावरण,

देशका विभिन्न धार्मिक तीर्थस्थलहरूको जानकारी र महत्व अनि नेपालीहरूको सामाजिक, आर्थिक र राजनैतिक स्थिति अनि भारतको धार्मिक स्थलहरूको समेत यथार्थ स्थितिलाई प्रस्तुत गरेका छन् ।

## ३.४ कवि व्यक्तित्व

नारदमणि पौड्यालले नेपाली साहित्यको दोस्रो आधार कवितालाई बनाएका छन् । उनको पहिलो कविता 'बाँसुरीको स्वरमा धुन भरिंदैछ' नवप्रभात मासिक पत्रिकामा पहिलोपटक वि.सं. २०४० सालमा प्रकाशित भएको हो । त्यसैगरी पौड्यालले १० जना सहपाठी साथीभाइहरूको सल्लाहअनुसार कविता लेखेर संयुक्त प्रकाशन गराए । उनको कविता सङ्ग्रह **केही कवि केही कविता** वि.सं. २०४३ सालमा प्रकाशित छ । यसमा उनका चारवटा कविताहरू सङ्कलित छन् ।

उनको **मभित्र यसरी बोल्छ** कविता सङ्ग्रह (२०६२) प्रकाशित भएको छ । यसभित्र पद्यतर्फ ३० वटा र गीतितर्फ १५ वटा गरी ४५ वटा कविताहरूको सङ्कलन गरिएको छ । कवि पौड्यालका कविताहरू विविध किसिमका छन् । पौड्यालका कतिपय कविताहरू देशप्रेमले ओतप्रोत भएका छन् भने कतिपय कवितामा प्रकृति चित्रण गरिएका छन् । उनका कुनै कवितामा विद्रोह र मानवतावादी स्वर प्रकट भएका छन् भने कुनै कवितामा सहीदप्रतिको आस्था र शान्तिको कामना प्रकट भएका छन ।

## ३.५ काव्यकार व्यक्तित्व

नारदमणि पौड्यालले नेपाली साहित्यको तेस्रो आधारका रूपमा काव्यको रचना गरेका छन् । उनको **कोमल शोककाव्य** २०६३ प्रकाशित भएको छ । यसको आकार सानो भएपनि यसमा १६ भाग रहेका छन् । यो शोककाव्य आकारमा सानो भएपनि मर्मस्पर्शी र सरल रहेको छ ।

## ३.६ गीतकार व्यक्तित्व

नारदमणि पौड्यालले कविता, निबन्धका साथै गीति क्षेत्रमा पनि कलम चलाएका छन् । उनको **मणि** गीतिसङ्ग्रह २०६३ प्रकाशित भएको छ । यसमा उनका ५८ वटा गीतहरू सङ्कलित छन् । उनका गीतमा देशप्रेम, गाउँप्रतिको माया, प्रेमप्रणय आदि कुराहरू प्रकट भएका छन् ।

## ३.७ सञ्चारकर्मी व्यक्तित्व

नारदमणि पौड्याल साहित्यिक व्यक्तित्वका साथै सञ्चारकर्मी व्यक्तित्वका रूपमा पनि परिचित छन् । उनले २०४५ सालदेखि २०५८ साल सम्म रेडियो नेपालमा नाटकहरू लेख्ने र कलाकार भै सहभागी हुने काम गरेका छन् । उनले सहकारी रेडियो कार्यक्रम संचालक भएर १५ वर्ष सम्म काम गरेको पाइन्छ ।

यसै बीचमा उनले कृषिमन्त्रालय अर्न्तगत केन्द्रीय खाद्य अनुसन्धान महाशाखाद्वारा सञ्चालित पोषण ज्ञान बिस्तार रेडियो कार्यक्रम दुई वर्षसम्म संचालन गरेका छन् । उनले सहकारी सम्बन्धी टेलिभिजन कार्यक्रम प्रस्तोताका रूपमा पनि उनले काम गरेका छन् ।

उनले जितेन्द्र महत अभिलाषी, लोकमणि सापकोटा र मदनदास श्रेष्ठ जस्ता नाटककारसँग नाटक प्रचार प्रसारमा संलग्न भई उनले टेलिचलचित्र र वृत्तचित्र पनि लेखेका छन् ।

सहकारी स्वर्णमहोत्सव वर्ष २०६३ को उपलक्ष्यमा हालै मात्र सप्तरङ्गी नामक वृत्तचित्र पनि उनले लेखेका छन् । यसप्रकार साहित्य, कला र संस्कृतिको क्षेत्रमा एउटा संचारकर्मीको हैसियतले निर्वाह गर्नु पर्ने भूमिका उनले निर्वाह गरेका छन् ।

## ३.८ सम्पादक व्यक्तित्व

नारदमणि पौड्याल साहित्यिक स्रष्टा व्यक्तित्वका साथै सम्पादक व्यक्तित्वका रूपमा पनि चिनिएका छन् । उनले विभिन्न पुस्तकहरू तथा पत्रिकाको समेत सम्पादन गरी आफूलाई कुशल सम्पादकको रूपमा उभ्याउन सफल भएका छन् । उनले सम्पादन गरेका पुस्तक तथा पत्रिकाहरू यसप्रकार छन् ।

| | |
|---|---|
| नेपालमा साझा सहकारिता मान्यता र दृष्टिकोण | २०४७ |
| नेपाल फोरम ऐतिहासिक बृहद ग्रन्थ | २०५२ |
| प्रवर्तमान पब्लिकेशन्स मासिक पत्रिका (हाल सम्म) | २०४९ |
| सहकारी सम्वाद मासिक समाचारपत्र | २०५७ |
| भृकुटी स्मारिका (भृकुटी सहकारी संस्था लि.) | २०५७ |
| अमृतधार (जिल्ला दुग्ध उत्पादन सहकारी सं काभ्रे) | २०५७ |
| सहकारी ऋण कोष स्मारिका (साझा यातायात ऋण कोष) | २०४५ |
| कल्याणकारी स्मारिका (कल्याणकारी बचत स. संस्था लुभु) | २०५२ |
| सहकारी सिद्धान्त र प्रयोग रजतमहोत्सव स्मारिका | २०५६ |

यसबाट नारदमणि पौड्याल कुशल सम्पादक व्यक्तित्व समेत भएको कुरा स्पष्ट हुन्छ ।

## ३.९ प्रशिक्षक व्यक्तित्व

नारदमणि पौड्यालले आफ्नो ३२ वर्षे जागिरे जीवनमा सहकारी सम्बन्धी विभिन्न किसिमका तालिमहरू लिएर आफूलाई सम्बन्धित विषयमा दक्ष प्रशिक्षार्थीका रूपमा उभ्याएका छन् । त्यसैगरी उनले जागिरकै सिलसिलामा तालिम प्रशिक्षक भएर अधिराज्यका ६८ जिल्लाका सहकारी संघ संस्थामा संचालक र व्यवस्थापक भएर काम गरेका छन् । उनले आफूलाई सहकारी

सम्बन्धी क्षेत्रीय गोष्ठीहरूमा पनि संचालक तथा प्रशिक्षकका रूपमा उभ्याउन सफल भएका छन् । उनले लिएका तालिमहरू यसप्रकार छन् ।

| | | |
|---|---|---|
| सहकारी व्यवस्थापन | २०४४ | सहकारी विकास बोर्ड |
| रेडियो कार्यक्रम उत्पादन तथा प्रशारण | २०४५ | रेडियो प्रसार सेवा विकास समिति |
| फ्राम ब्रोडकाष्टिङ्ग | २०४६ | कृषि विभाग, हरिहरभवन |
| बैङ्क तथा वित्तिय व्यवस्थापन | २०५६ | होटल मर्स्याङदी ठमेल |
| कार्यालय व्यवस्थापन | २०५० | सहकारी प्रशिक्षण केन्द्र वानेश्वर |

पौड्यालले देशका विभिन्न जिल्लाहरूमा प्रशिक्षक भएर सहकारी सम्बन्धी तालिमहरू दिएका छन् । ती तालिमहरू यसप्रकार छन् ।

१. सहकारी सिद्धान्त र यसको प्रयोग
२. सहकारी र अन्य संघ संस्था सम्बन्धी
३. सहकारी ऐन नियमहरू
४. अर्न्तराष्ट्रियस्तरका सहकारीहरू
५. सहकारी व्यवस्थापन
६. सहकारी र बचत
७. बचत र त्यसको आवश्यकता
८. सहकारीमा महिला सहभागिता
९. महिलाहरूको लागि सहकारिता
१०. सहकारीका आधारभूत मान्यता

### ३.१० प्रशासनिक व्यक्तित्व

नारदमणि पौड्याल आफ्नो कार्यक्षेत्रमा कर्तव्यनिष्ठ लगनशील र इमान्दारीपूर्वक काम गर्ने कुशल प्रशासनिक व्यक्तित्व हुन् । वि.सं. २०३२

सालमा साझा संस्थाद्वारा लिइएको परीक्षामा उनी सर्वप्रथम भएर प्रथम पटक डोल्पा जिल्लामा प्रशाखा प्रमुख भई दक्षतापूर्वक आफ्नो जिम्मेवारी बहन गरेको बताउँछन् । त्यसैले उनी त्यसपछिका पदोन्नतीमा पनि प्रथम नै भएर आफूलाई उच्च स्थानमा राख्न सफल भए । उनले भोजपुर, सुर्खेतका साथै अन्यस्थानमा पनि प्रमुख भएर कार्य गरेका छन् । पछि सेवा परिवर्तन गर्दै उनी साझा संस्था र हालको (राष्ट्रिय सहकारी विकास बोर्ड) मा प्रवेश गरे । सहकारीलाई जीवनको कर्मक्षेत्र बनाउदै उनले देशका अधिकांश जिल्लाको भ्रमण गर्ने अवसर पनि पाइसकेका छन् । यसरी महत्वपूर्ण प्रशासकीय जिम्मेवारी पूरा गर्दै उनले आफ्नो ३२ वर्षे जागिरे जीवन पनि पूरा गरी २०५८ साल माघ २ गतेबाट राष्ट्रिय सहकारी विकास बोर्डको योजना अधिकृत पदबाट स्वेच्छिक अवकास लिएका हुन् । यसै बीचमा उनले राष्ट्रिय सहकारी विकास बोर्डबाट २०५८ मा प्रशंसापत्र, साझा भण्डार लि.बाट २०६० मा राष्ट्रिय सहकारी सम्मान तथा राष्ट्रिय नागरिक समाज नेपालद्वारा २०६४ सालमा राष्ट्रिय नागरिक स्वर्ण सम्मानद्वारा सम्मानित भै कुशल व्यवस्थापनको उदाहरण प्रस्तुत गरेका छन् । सहायता सहकारी संस्था लि. को कार्यकारी अध्यक्ष पदमा कार्यरत पौड्याल कर्तव्यप्रति सदा सचेत रहेर आफ्ना मातहतका कर्मचारीहरूलाई पनि सक्दो सहयोग, हौसला, सेवासुविधा दिएर लक्ष्यमा अघि बढ्न सहयोग पुग्ने बताउँछन् । यसबाट उनको उच्च प्रशासकीय व्यक्तित्व झल्किएको पुष्टि हुन्छ ।

♦♦♦

## परिच्छेद चार

# ४. नारदमणि पौड्यालको साहित्यिक यात्रा

नारदमणि पौड्याल लगभग तीनदशक भन्दा बढी समयदेखि नेपाली साहित्य सिर्जनामा लागिरहेका व्यक्तित्व हुन् । त्यो क्रम आजसम्म पनि कायमै छ । उनको साहित्यिक यात्रामा यात्रानिबन्ध, कविता, काव्य र गीत जस्ता विधाहरू समेटिएका छन् । पौड्यालका साहित्यिक प्रवृतिगत दृष्टिले उनको साहित्ययात्रालाई वि.स. २०२९ साल देखि २०३९ सम्म र २०४० देखि हालसम्म गरी दुई चरणमा विभाजन गर्न सकिन्छ ।

पौड्यालको प्रथम चरणका रचनाहरू मध्ये पहिलो रचना **मेरो यात्रा संस्मरण** (२०३४) हो । यसमा वि.स. २०२९ सालदेखि लेखिएका यात्रा संस्मरणात्मक लेखहरू समेटिएका छन् । उनका पछिल्लो चरणका रचनाहरूमा खासगरी कविता र यात्रा निबन्धहरू पर्दछन् । वि.स. २०४० सालदेखि रचना गरेका फुटकर कविताहरूको सङ्ग्रह **केही कवि केही कविता** (२०४३) सहप्रकाशन हो भने **मभित्र यसरी बोल्छ** एकल कविता सङ्ग्रह (२०६२) हो । यसैगरी विभिन्न यात्रा संस्मरणात्मक निबन्ध **नियात्राका नवीनतम थुङ्गाहरू** (२०५९) दोस्रो नियात्रा सङ्ग्रह हो । उनको **कोमल शोक काव्य** (२०६३) पनि प्रकाशित छ । यसका साथै उनका गीतहरूको सङ्ग्रह **मणि गीतिसङ्ग्रह** (२०६३) हो ।

पहिलो चरणमा पौड्याल आभ्यासिक देखिन्छन् भने दोस्रो चरणमा आएर निकै परिष्कृत र परिपाकको अवस्थामा रहेका छन् । विधागत दृष्टिले पनि पहिलो चरण नियात्रामामात्रै सीमित देखिन्छ भने दोस्रो चरणमा उनी विविध विधामा बिस्तारित भएका छन् । उनको साहित्यिक यात्रालाई चरणगत रूपमा विभाजन गर्ने आधार यही नै हो । प्रस्तुत शोधपत्रमा उनको साहित्यिक यात्रालाई मोटामोटी रूपमा दुई चरणमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ।

**प्रथम चरण  २०२९ – २०३९**

**द्वितीय चरण २०४० देखि वर्तमान सम्म**

## ४.१ प्रथम चरण (वि.सं.२०२९–२०३९)

वि.सं. २०२९ सालमा 'अन्तरमाध्यमिक विद्यालय निबन्ध प्रतियोगिता' शीर्षकको निबन्धबाट उनको लेखनयात्राको प्रारम्भ भएको छ । आफ्नो लेखनमा आफ्नै जन्मस्थान, ग्राम्यजीवनको भोगाइ अनि काठमाडौंमा रहँदा शहरको वातावरण आदिले प्रारम्भिक संस्कार दिएको बताउने नारदमणि पौड्यालको लेखन प्रवृत्तिलाई अध्ययन गर्दा उनको प्रथम चरण आभ्यासिक काल वा साधनाकाल मात्र हो भन्नुपर्दछ । यस अवधिमा उनले जागिरे जीवन बिताउने क्रममा सर्वप्रथम डोल्पा जिल्लामा साझा प्रकाशन प्रशाखा प्रमुख भएर बस्दा आफ्नो गाउँबाट धेरै टाढिनुपर्दाको तीतो अनुभवलाई उनले निबन्धको रूपमा सिर्जना गरेका छन् ।

पौड्यालको साहित्यिक यात्राको प्रथम चरणलाई प्रारम्भ गर्ने प्रथम रचना **मेरो यात्रा संस्मरण** २०३४ नामक नियात्रा निबन्ध हो । यसमा डोल्पा जिल्लाको संस्कृति, परम्परा अनि पूर्वको धार्मिकस्थल, दुधकुण्ड, हलेसी महादेव, ककनी आदि स्थलको बारेमा यथार्थ जानकारी र महत्त्व दर्साइएको छ । यसका साथै पक्षमा लेखक सानै छँदा आफ्नै जन्मस्थान र ग्राम्यजीवनका भोगाइ अनि उकाली ओरालीका सुसेलीका बारेमा पनि जानकारी प्रस्तुत गरिएको छ । त्यस अवधि पश्चात् उनको लेखन आफ्नो कर्मक्षेत्र तथा पत्रकारितातर्फ पनि लागेकाले साहित्यिक कृतिहरूको रचनातर्फ कम समय दिएको पाइन्छ ।

## ४.२ द्वितीय चरण (२०४० देखि वर्तमान सम्म)

यस चरणलाई प्रारम्भ गर्ने फुटकर रचना 'बाँसुरीको धुनमा स्वर भरिंदैछ' कविता हो । वि.सं. २०४० सालमा नवप्रभात पत्रिकामा प्रकाशित नारदमणि पौड्यालको यस चरणको रचना पहिलेको भन्दा परिपक्व र परिष्कृत रूपमा आएको पाइन्छ । यस समयमा उनी साहित्यका साथै पत्रकारिताको

क्षेत्रमा पनि कलम चलाँउदै केही पत्रिकाका सम्पादक समेत भएर आफ्नो कर्मक्षेत्रमा अगाडि बढेको पाइन्छ । यसपछि उनी लगायत १० जना सहपाठी साथीहरूको सहलेखनमा **केही कवि केही कविता सङ्ग्रह** वि.सं. (२०४३) प्रकशित भयो । यसमा पौड्यालका ४ वटा कविताहरू सङ्कलित छन् । उनका यी कविताहरूमा जीवनको यथार्थलाई प्रस्तुत गरिएको छ । यसका साथै उनका कविताले राष्ट्रियता र स्वतन्त्रताका स्वरहरू पनि प्रस्तुत गरेका छन् । वि.सं. २०४३ पछि पौड्याल आफ्नो जागिर तर्फ व्यस्त रहनु परेकोले उनले केही समय फुटकर रचनाहरू तर्फ मात्र ध्यान दिएका छन् । यस चरणमा उनको 'माया' कविता वि.सं. २०४५ मा 'ओखलढुङ्गा' स्मारिकामा प्रकाशित भएको छ । अर्को कविता 'वाचा बाँधिएको' कविता २०५० मा 'मिर्मिरेमा' प्रकाशित भएको छ । उनका फुटकर निबन्धहरू पनि यस समयमा देखिएका छन् । उनको 'स्वर्गद्वारी देखि घोराही सम्म' निबन्ध २०५६ मा वन्दनामा प्रकाशित भएको छ । अर्को सहयात्रा 'इलामदेखि सिंहवाहिनी' वन्दनामा २०५६ मा प्रकाशित भएको छ । त्यसैगरी संस्मरण लेख 'पोखरी डाँडा' लिम्जुभुम्जु त्रैमासिकमा वि.सं. २०५४ मा प्रकाशित भएको छ । उनको अर्को लेख 'सहयात्रा विराटनगरदेखि जनकपुर सम्म' 'कौशिकी' साहित्यमा २०५६ मा प्रकाशित भएको छ । पौड्यालको आफ्नो गाउँको सम्झनामा लेखिएको कविता 'अझै पनि त्यही गाउँ जाउँ झै लाग्छ यो मन' ओखलढुङ्गा स्मारिकामा २०५८ मा प्रकाशित भएको छ । यी फुटकर निबन्ध तथा कवितामा पौड्यालले आफ्नो जन्मस्थान प्रतिको प्रेम अनि देशप्रेम र प्रकृतीप्रेम जस्ता कुराहरूलाई स्पष्ट पार्न खोजेका छन् ।

पौड्यालले देशभरका अधिकांश जिल्ला तथा धार्मिकस्थल अनि भारतका पनि महत्वपूर्ण तीर्थस्थलका भ्रमण गरिसकेपछि विभिन्न संस्मरण लेखहरूलाई नियात्रा सङ्ग्रहको रूप दिएका छन् । उनको **नियात्राका नवीनतम थुङ्गाहरू** २०५९ प्रकाशित भएको छ । यसमा उनले देशका पहाड, तराईका जिल्लाको जनताको रहनसहन दुःख सुख विभिन्न परम्परा संस्कृति आदि कुराहरूको

झल्को प्रस्तुत गरेका छन् । यसका साथै पौड्यालले आफ्नो देश लगायत भारतका महत्वपूर्ण तीर्थस्थलहरूको जानकारी र महत्वका बारेमा समेत आफ्ना विचार व्यक्त गरेका छन् । यसपछि पौड्यालले नेपाली साहित्यको कवितातर्फ ध्यान दिएको पाइन्छ । उनको फुटकर कविता 'हराएको शान्ति खोजौं' २०६० मा प्रकाशित भएको छ । त्यसैगरी उनको कविता सङ्ग्रह **मभित्र यसरी बोल्छ** वि.सं. (२०६२) प्रकाशित भएको छ । यसका कविताहरू राष्ट्रियता, स्वतन्त्रता र शान्ति अनि भातृत्वले ओतप्रोत भएका छन् । यसकासाथै यी कविताहरूमा सरलता, सहजता अनि प्रकृतिप्रतिको प्रेमका अनुभूतिहरू व्यक्त भएका छन् । उनको लेखन र अभिव्यक्तिको शैली सरल छ । यस सङ्ग्रहमा पद्यतर्फ ३० वटा र गीतितर्फ १५ वटा गरी ४५ वटा कविताहरू सङ्कलित छन् । निश्चय पनि आधुनिक नेपाली साहित्यमा यो कविता सङ्ग्रहले यौटा ईटा थप्ने काम गरेको छ ।

यसपछि पौड्यालले नेपाली साहित्यको काव्यतर्फ पनि कलम चलाएको पाइन्छ । उनको **कोमल शोक काव्य** (२०६३) प्रकाशित भइसकेको छ । यो शोक काव्यमा आफ्नी सासू आमाको असामयिक निधनको शोकाकुल परिस्थितिलाई आधार बनाइ रचना गरिएको छ । यसमा मूलतः आमाको महिमागान र ईश्वरप्रतिको आस्थाका भावहरू मुखरित भएका छन् । यो शोककाव्य सरल र सहज हुनुकासाथै यसमा ग्रामीणपरिवेशको चित्रण पनि अत्यन्तै कलात्मक ढङ्गले गरिएको पाइन्छ ।

यसपछि पौड्यालले नेपाली साहित्यको गीततर्फ पनि कलम चलाएका छन् । उनको ५८ वटा गीतहरूको सङ्ग्रह **मणि (२०६३)** प्रकाशित छ ।

नारदमणि पौड्यालले मूलत नेपाली साहित्यका नियात्रा, कविता, काव्य तथा गीत तर्फ आफ्नो कलमलाई सशक्त बनाएका छन् । उनका यी कृतिहरूले नेपाली साहित्यमा मलजल थप्ने नै छन् भन्ने कुरा स्पष्ट छ ।

♦♦♦

**परिच्छेद पाँच**

# ५. नारदमणि पौड्यालको कृतित्व

## ५.१ परिचय

साहित्यकार नारदमणि पौड्याल नेपाली साहित्यका विविध विधामा कलम चलाउने व्यक्तित्व हुन् । वि.सं. २०३४ सालदेखि निबन्ध विधाबाट साहित्यका क्षेत्रमा पाइला चालेका पौड्यालले हालसम्म आइपुग्दा आफूलाई विविध विधाका सर्जक व्यक्तित्वका रूपमा स्थापित गरिसकेका छन् ।

निबन्ध विधाबाट थालनी भएको पौड्यालको साहित्य लेखन कविता, काव्य, तथा गीतमा समेत विस्तारित हुन पुगेको छ । उनका कृतिहरू **मेरो यात्रा संस्मरण** (२०३४), **केही कवि केही कविता** (२०४३), **नियात्राका नवीनतम थुङ्गाहरू** (२०५९), **मभित्र यसरी बोल्छ** (२०६२) कवितासङ्ग्रह, **कोमल शोक काव्य** (२०६३), **मणि** गीतिसङ्ग्रह र **मणि गीति एल्बम** (२०६३) प्रकाशित छन् । यी बाहेक विभिन्न पत्रपत्रिकामा फुटकर कविता तथा निबन्ध र साहित्येत्तर कृतिहरू **नेपालमा सहकारी आन्दोलन इतिहासदेखि वर्तमानसम्म (२०५२), सहकारी परिचय (२०५४), सहकारी शिक्षा (२०५९)** समेत प्रकाशित छन् ।

यस परिच्छेदमा उनका प्रकाशित कृतिहरूको विधागत रूपमा विश्लेषण गरिएको छ ।

## ५.२ साहित्यिक रचनाहरूको अध्ययन

### ५.२.१ नियात्राको अध्ययन

नारदमणि पौड्याल एक सशक्त नियात्राकार हुन् । उनले जागिर खाने सिलसिलामा देशका ६८ भन्दा बढी जिल्लाहरूको भ्रमण गरेका छन् । उनको

पहिलो कृति **मेरो यात्रा संस्मरण** (२०३४) हो । यसमा लेखकले गरेका विभिन्न जिल्लाहरूको भ्रमण अनि आफ्नै बाल्यकालमा भोगेका तीता मीठा अनुभव र धार्मिक तीर्थस्थलका बारेमा उल्लेख गरी लेखिएको छ ।

नारदमणि पौड्यालले देशका ६८ भन्दा बढी जिल्लाहरूको भ्रमण गरेका छन् । यसका साथै उनले नेपाल र भारतका महत्त्वपूर्ण धार्मिक तीर्थस्थलहरू र प्रान्तका समेत भ्रमण अनि तीर्थाटन गरेका छन् । लेखकले गरेका यी विभिन्न स्थानहरूको भ्रमणका बारेमा लेखिएको दैनिकीका रूपमा प्रस्तुत नियात्रासङ्ग्रह **नियात्राका नवीनतम थुङ्गाहरू** सङ्कलित छ । यी दुवै सङ्ग्रहरूको यहाँ विभिन्न उपशीर्षकमा विश्लेषण गरिएको छ ।

### ५.२.१.१ विषयवस्तु

नियात्राकार पौड्यालको पहिलो कृति **मेरो यात्रा संस्मरण** हो । यसमा पूर्वी नेपालका विभिन्न धार्मिकस्थल तथा लेखकका तीता मिठा अनुभवहरूलाई प्रस्तुत गरिएको छ । प्रस्तुत कृति सात उपशीर्षकहरूमा विभाजन गरी लेखिएको छ । जसमा पहिलो मेरो प्रथम अनुभव, दोस्रो ककनीको एक झलक, तेस्रो हँलेसी बजार एक परिचय, चौथो दूधकुण्ड जाँदा, पाँचौ तीन जिल्ला परिचय, छैठौं भ्रमण गरेका जिल्ला तथा अञ्चलहरू अनि अन्तिम पश्चिमतिर जागिर खाँदा उपशीर्षकहरू रहेका छन् ।

पहिलो भाग मेरो प्रथम अनुभव शीर्षकमा लेखकले आफूलााई जन्मदिने आफना माता पिता प्रति आभार प्रकट गर्दै आफ्नो जन्मस्थल ओखलढुङ्गा विगुटारको सङ्क्षिप्त चिनारी दिँदै आफूहरूले बाल्यकालमा आफ्ना हितैषी साथी पुरुषोत्तम दाहालसँग घरछाडि परदेशतर्फ लागेका र तीता मिठा अनुभवका बारेमा बयान गरिएको छ ।

दोस्रो भागमा 'ककनीको एक झलक' उपशीर्षकमा लेखकका विचारहरू प्रस्तुत भएका छन् । नेपालको पूर्वाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने सगरमाथा

अञ्चलको ओखलढुङ्गा जिल्ला प्राप्चा गा.वि.स. मा पर्ने ककनी भन्ने स्थान प्रचलित र यात्रुहरू जमघट हुने स्थान हो । यो धार्मिकस्थल भएकोले प्रत्येक वर्ष ठूली एकादशीमा मेला लाग्ने गर्दछ । लेखक सानै उमेरदेखि त्यसठाँउमा जाने गरेको कुरा उल्लेख गरिएको छ । त्यहाँको प्राकृतिक सुन्दरता र साक्षात भगवान ठूली एकादशीको महत्त्वका बारेमा प्रस्तुत भागमा बताइएको छ ।

तेस्रो भागमा 'हलेसी बजार एक परिचय' शीर्षक रहेको छ । हलेसी बजार दिक्तेल जिल्लामा अवश्थित चार पाँच जिल्लाका व्यवसायी, कृषक, उद्योगपति एवं बुद्धिजीवीवर्ग समेत जम्मा हुने ठाँउ मानिएको छ । हलेसी महादेवको मन्दिरलाई साक्षात् भगवानको प्रतिमूर्तिका रूपमा लिइन्छ । महादेवलाई भक्तजनका अनेक मनोकाङ्क्षा पूरा गर्ने देवताका रूपमा मान्ने गरिन्छ र त्यही विश्वासका साथ टाढाटाढाबाट हलेसी महादेवको दर्शनका लागि मानिसहरू जाने गर्दछन् । हलेसीमा वर्षको दुईपटक मेला वा बजार लाग्ने गर्दछ, बालाचर्तुदशी र शिवरात्रीमा । शिवरात्रीमा महाद्वीप बाल्ने र बालाचर्तुदशीमा भक्तजनले सत्बीज छर्ने अनि बत्ति बाल्ने र पूजापाठ नाँचगान र मनोरञ्जन गर्ने गर्दछन् । यो स्थान प्राकृतिक घना जङ्गलको बीचमा पर्दछ । त्यहाँको प्राकृतिक भू-भाग अति सुन्दर र आकर्षक भएको कुरा उल्लेख गरिएको छ ।

चौथो भागमा 'दूधकुण्ड जाँदा' शीर्षक रहेको छ । सोलुखुम्बु जिल्लाको माथिल्लो हिमाली खण्डको नजिक पर्ने दूधकुण्ड एक प्रसिद्ध धार्मिक स्थलको रूपमा परिचित छ । दूधकुण्डमा ऋषितर्पणी पूर्णिमाको अवसरमा मेला लाग्ने गर्दछ । खासगरी त्यहाँ गएर स्नान गरेमा पुण्य प्राप्त हुनुका साथै मानिसका मनका मनोकामनासमेत पूरा हुने विश्वास गरिन्छ । लेखक आफ्ना परिवार अनि अन्य साथीसंगीहरूसमेत त्यस क्षेत्रमा पुग्नका लागि घरबाट प्रस्थान गरेदेखि बाटामा भएका रमाइला अनि कठीन र तीता मिठा अनुभवहरूलाई अत्यन्तै सुन्दर भाषाका माध्यमबाट प्रस्तुत गरिएको छ । प्रस्तुत खण्डमा लेखकले बाटामा हिँड्दा देखेका जङ्गली वन्यजन्तु तथा वनस्पती बोटबिरुवा

फलफूल आदिको बयान आकर्षक ढङ्गमा गरेका छन् । बाटामा युवायुवती, अधवैंशे बुढाबुढी विभिन्न व्यक्तिहरूको खचाखचले बाटो भरिभराउ भएको चर्चा गरेका छन् । बाटाका मनमोहक दृष्य अनि वैंशालु युवा युवतीका दोहोरी गीत र सुसेलीले लेखक लगायत अन्य यात्रुहरूमा उत्साह र उमङ्गका अध्याय थपिदिएको कुरा उल्लेख गरिएको छ । यसरी रमाइलो र जोशका साथ दूधकुण्ड पुगेर त्यहाँ स्नान गरी फर्कदा बाटामा पर्ने चाङगुम्बा भन्ने स्थानमा पनि दर्शन गरेको कराको चर्चा छ ।

पाँचौं खण्डमा लेखकले 'चार जिल्ला परिचय' शीर्षक अन्तर्गत दोलखा, रामेछाप, ओखलढुङ्गा र सङ्खुवासभा जिल्लाको छोटकरी बयान गरेका छन् । यस खण्डको सुरुमा दोलखा जिल्लाको बारेमा केही चिनारी दिइएको छ । दोलखा जिल्लाको सदरमुकाम चरिकोटबाट करिब १ कोष पूर्वमा पर्ने दोलखा भिमसेनको मन्दिरको पनि चर्चा गरेका छन् । यो स्थानमा फाल्गुण महिनाको शिवरात्रीमा मेला लाग्ने गरेको कुरा उल्लेख गरिएको छ । त्यस स्थानमा प्राचीन स्मारक धातुको कलापूर्ण भीमसेनको एउटा मूर्ति रहेको कुरा उल्लेख गरिएको छ । यो जिल्लाको उत्तरपट्टि जिरी र पश्चिममा लामोसाँघु दोलालघाट अनि दक्षिणमा तामाकोशी र पूर्वमा रामेछाम जिल्ला भएकाले धानखेती प्रशस्त हुने कुरा लेखकले बताएका छन् । त्यसपछि रामेछाप जिल्लाको बारेमा संक्षिप्त चिनारी दिइएको छ । कुनै समयमा एउटा ठूलो गिद्ध आएर त्यस ठाउँको एउटा ढुङ्गामा बसेछ । त्यो गिद्ध उडेर गएपछि त्यसले टेकेको ढुङ्गामा रामेछाप भन्ने आकृति वा शब्द कोरिएको हुनाले त्यस ठाउँको नाम रामेछाप राखिएको भन्ने भनाइ रहेको छ । अर्को कथन अनुसार भगवान रामचन्द्रले शिवधनुष उचालेर आफ्नो पुरुषत्व दर्शाउँदा त्यस धनुषको टुटेको एक टुक्रा त्यसै स्थानमा खसेको हुनाले पनि त्यस जिल्लाको नाउँ रामेछाप रहेको भन्ने भनाइ छ । त्यसपछि ओखलढुङ्गा जिल्लाको नामको पनि सार्थकताका बारेमा बताइएको छ । राणाकालीन शासनकालमा त्यहाँ कुनै श्री ३ महाराजाको सवारी हुँदा त्यहाँका बासिन्दाले एउटा ढुङ्गाको ओखलमा धान कुटेर राणाजीको आतिथ्य सत्कार

गरेका थिए । त्यो ओखल जस्तो ढुङ्गा आजसम्म पनि छँदैछ, त्यसैले यस जिल्लाको नाम ओखलढुङ्गा रहेको हो भन्ने भनाइ रहेको कुरा लेखकले उल्लेख गरेका छन् । अन्त्यमा संखुवासभा (चैनपुर) जिल्लाको बारेमा छोटो चर्चा गरिएको छ । यो जिल्ला नेपालको पूर्वी पहाडी जिल्ला हो । यो कोशी अञ्चलमा पर्दछ । यसको सदरमुकाम पहिले चैनपुरमा थियो, हाल सोही जिल्लाको खाँदबारीमा सरेको छ । यसै स्थानलाई सखुवासभा खाँदबारी भन्ने गरिएको छ । चैनपुर एक मनोहर स्थल हो । त्यहाँ ठूला र राम्रा घरहरू छन् । त्यहाँ विकासका पूर्वाधार जस्तै बाटोघाटो, संचार सेवा उपलब्ध छ । हावापानी अत्यन्तै स्वस्थकर हुनाले त्यहाँ सबै वर्गका मानिसहरूको बसोबास रहेको पाइन्छ । त्यहाँ धातु तथा कलाकौशलका उद्योगहरूमा काँसका अम्खोरा, करुवा, फूलदान, पानस आदि सामान तयार गरिन्छ । घरेलू कपडा उद्योग, धान, च्यूरामिल पनि रहेको संखुवासभा जिल्ला सबै दृष्टिकोणबाट अत्यन्त सुन्दर रहेको कुरा लेखकले बताएका छन् ।

छैटौ खण्डमा लेखकले आफूले भ्रमण गरेका अञ्चल र जिल्लाहरूको बारेमा बयान गरेका छन् । सर्वप्रथम कोशी अञ्चल त्यसपछि सगरमाथा, जनकपुर, नारायणी, बाग्मती, भेरी, कर्णाली, सेती, महाकाली अञ्चलको भ्रमण गरेको कुरा बताइएको छ । उनल  यी सबै अञ्चलका र प्रायः सबै जिल्लाहरूको भ्रमण गरेको कुरा बताइएको छ । अन्तिम खण्डमा पश्चिमतिर जागीर खाँदा शीर्षक रहेको छ । लेखक जागिरको सिलसिलामा कर्णाली अञ्चलको डोल्पा जिल्लामा पुगेर त्यहाँको स्थिति र अवस्थाको बारेमा उल्लेख गरिएको छ । डोल्पा जिल्ला नेपालको सबैभन्दा ठूलो जिल्ला हो । यहाँ बसोबास गर्ने जनसंख्या भने यो जिल्लामा सबैभन्दा कम रहेका छन् । यो जिल्ला पहिला द्यो गाउँ पञ्चायतको नामबाट परिवर्तित हुँदै आएर यसको नाम डोल्पा हुन गएको रहेछ । हवाइजहाजको आवागमन भएको यस जिल्लामा मानिसहरूले जीविकोपार्जन गर्ने गर्दछन् । यस जिल्लाको सदरमुकाम 'दुनै' साँच्चै सालको पातबाट बनाइएको दुनो जस्तै छ । समुद्र सतहबाट ५०० फिट

उचाइमा पर्ने दुनैमा हाल विकासको लहर चल्दैछ । त्यहाँ कार्तिकदेखि हिँउ पर्न शुरु गर्दछ । धेरैमा ८ देखि १० फिटसम्म हिँउ पर्ने गर्छ । उद्योग व्यवसायमा त्यहाँ भेडा, च्याङ्ग्रा चौरीको उनबाट राडीपाखी, कानेटोपी, सुइटर बनाउने गरिन्छ । खेतीपातीमा आलु, मकै, गहुँ, जौ, उवा, चिनो, तितेफापर जस्ता अन्न त्यहाँ उब्जन्छ । धानको भने थोरै मात्रामा उत्पादन हुन्छ । त्यहाँ एउटा मात्र गोरु नारेर खेती गरिन्छ । कतैकतै भेडाले पनि खेत जोत्छ । त्यहाँ प्रसिद्ध औषधि, यार्सागुम्बा पनि उत्पादन हुन्छ । डोल्पा जिल्लाको संस्कृति परम्परा आफ्नै किसिमको रहेको पाइन्छ । त्यहाँ बोलचालको भाषा पनि ठाँउ हेरी फरक पर्दो रहेछ । यस जिल्लाको भाषामा पनि 'स' को उच्चारण पाँइदैन । त्यहाँ 'आइज' शब्दलाई 'न्हयापा' भन्ने गरिन्छ । त्यहाँ केटालाई छोटा र केटीलाई छोटी भन्ने चलन रहेछ । डोल्पामा बडा दशैं चैत्रमा मान्ने चलन रहेछ । त्यहाँका प्रसिद्ध स्थानमा ताराकोट, फोक्सुन्डोताल, त्रिपुराकोट, रिङ्गापुङ्गवासे गुम्बा, काञ्जिरोवा घुरोहिमाल आदि छन् । यसरी लेखकले आफ्नो जागिरे जीवनको उकाली ओरालीको दौरानमा आफूले भोगेका, देखेका विभिन्न स्थानका महत्वपूर्ण कुराहरू प्रस्तुत यात्रासँस्मरणमा उल्लेख गरिएको छ ।

पौड्यालको अर्को नियात्रासङ्ग्रह **नियात्राका नवीनतम थुङ्गाहरू** रहेको छ । साहित्यकार पौड्यालले देशका ६८ भन्दा बढी जिल्लाहरूको भ्रमण गरेका छन् । यसकासाथै उनले नेपालका महत्वपूर्ण धार्मिक तीर्थस्थलहरू अनि भारतका महत्वपूर्ण तीर्थस्थल र प्रान्तको समेत भ्रमण र तीर्थाटन गरेका छन् । लेखकले गरेका यी विभिन्न स्थानहरूको भ्रमणका बारेमा लेखिएको दैनिकीका रूपमा प्रस्तुत नियात्रा सङ्ग्रह सङ्कलित छ ।

प्रस्तुत नियात्रा सङ्ग्रहलाई पाँच खण्डमा विभाजन गरी वर्णन गरिएको छ । पहिलो खण्डमा पोखरी डाँडा, विगुटार, जीवनको वैवाहिक मोड, पहाडदेखि तराईसम्म, बाल्यकालको प्रयास, उकालोको पानी, कान्छी छोरीको दाइजो, जागिरको अनुभव भोजपुरको सम्झना, इटहरीको बसाइसराइ आदि

शीर्षकहरूमा लेखकका अनुभवहरूलाई प्रस्तुत गरिएको छ । पोखरी डाँडा शीर्षकमा लेखकका आफ्नै जन्मस्थल विगुटार अर्न्तगत पर्ने पोखरीडाँडाको बयान अत्यन्तै राम्रोसँग गरिएको छ । जीवनको वैवाहिक मोड शीर्षकमा लेखकले आफ्नो गाउँकी सिधासादा गाउँले केटीसँग प्रेम विवाह गरेका कुराहरू प्रस्तुत गरेका छन् । पहाडदेखि तराईसम्म शीर्षकमा लेखक आफ्नै गाउँ विगुटारबाट तराईतिर गएका कुराहरूको चर्चा गर्दै तराई भन्दा पहाड वा विगुटार नै स्वच्छ स्थल भएको कुरा उल्लेख गरिएको छ । बाल्यकालको प्रयास शीर्षकमा लेखक सानै छँदा भदौको उर्लदो भेलमा बुबा आमालाई थाहै नदिई घरबाट भागेर हिँडेको कुरा उल्लेख गरिएको छ । उकालोको पानी  कान्छी छोरीको दाइजो शीर्षकमा लेखक आफ्ना साथीहरूसँग ओखलढुङ्गाबाट पढ्नका लागि काठमाडौ तर्फ हिँड्दा बाटामा देखेका र भोगेका घटनाका तीतामीठा अनुभवहरूको बयान राम्रोसँग गरिएको छ । भोजपुरको सम्झना शीर्षकमा लेखक जागिर खाने क्रममा भोजपुर बस्दाको अनुभव त्यहाँको रमणीयता र आत्मीयताका बारेमा बयान गरिएको छ । इटहरीको बसाइ-सराइ शीर्षकमा लेखकले सुनसरीको इटहरीतर्फ बसाइ सर्दा भोगेका र देखेका कुराहरूको बयान गरिएको छ । लेखक बसाई सरेर सुविधा सम्पन्न विकासका पूर्वाधार भएको स्थानमा बस्न पाएपनि आफ्नै जन्मभूमी विगुटार नै उत्तम भएको कुरा प्रस्तुत गरिएको छ ।

दोस्रो खण्डमा वृन्दावनदेखि द्वारकाहुँदै अयोध्यासम्म बेनीदेखि कागबेनी हुँदै मुक्तिनाथसम्म, रामेश्वर देखि कन्याकुमारी हुँदै साइबाबासम्म शीर्षकहरू रहेका छन् । लेखक परिवार सहित अन्य साथीसँगीहरूका साथ भारतको वृन्दावन मथुरा, अयोध्याय, द्वारिकाधाम आदि तीर्थमा तीर्थाटन गरेका रमाइला प्रसङ्गहरू प्रस्तुत वृन्दावनदेखि द्वारका हुँदै अयोध्यायसम्म शीर्षकमा चर्चा गरिएको छ । भारतका महत्वपूर्ण तीर्थस्थलहरूको उत्पत्ति तथा ऐतिहासिक महत्त्वका बारेमा पनि लेखकले उल्लेख गरेका छन् । बेनीदेखि कागबेनी हुँदै मुक्तिनाथ सम्म शीर्षकमा लेखक आफ्ना मातपिता अनि जीवनसँगिनी र अन्य

इष्टमित्रकासाथ त्यसतर्फ प्रस्थान गरेदेखि मुक्तिनाथ भगवानको दर्शन गरेका कुराहरू अत्यन्तै राम्रोसँग बयान गरिएको छ । मुक्तिनाथ भगवानको उत्पति गलेश्वरधाम, त्यहाँको आश्चर्य, जलमाथि अग्निको महत्त्वका बारेमा बयान गरिएको छ । रामेश्वर देखि कन्याकुमारीहुँदै साइबाबा सम्म शीर्षकमा लेखक तीर्थाटनकै लागि फेरि भारतको रामेश्वरतर्फ प्रस्थान गरेदेखि साइबाबाको दर्शन गरेका कुराहरूको बयान गरिएको छ । यस बीचमा लेखक गोरखपुर मद्रास हुँदै रामेश्वर पुगेका कुराहरू उल्लेख गरिएको छ । कन्याकुमारीको दर्शन गरेपछि लेखक साइबाबा आश्रममा गएका र त्यहाँ साइबाबाको दर्शन पाएका कुराहरूको बयान गरिएको छ । साइबाबा हिन्दु मात्र नभएर विश्वकै जुनसुकै धर्म मान्ने व्यक्तिहरूको समेत महत्वपूर्ण साक्षात् भगवान भएको कुरा उल्लेख गरिएको छ ।

तेस्रो नियात्रा खण्डमा नवलपरासीको सहकारी कार्यक्रम पूर्वको यात्रा कालीकोदर्शन दाङ्गको यात्रा स्वर्गद्वारीसम्म, सुदूरपश्चिमको यात्रा शीर्षकहरू रहेका छन् । यस अन्तर्गत नवलपरासीको सहकारी कार्यक्रम शीर्षकमा लेखक आफ्नो जागिरको सिलसिलामा सहकारी कार्यक्रमका लागि नवलपरासी पुगेको एक झलक प्रस्तुत गरिएको छ । पूर्वको यात्रा कालीको दर्शन शीर्षकमा लेखक आफ्ना सहकर्मी साथीहरूकासाथ जागिरकै सिलसिलामा विराटनगर हुँदै झापाको विर्तामोड, इलाम अनि भारतको दार्जिलिङ्ग, कलकत्ता पुगेका कुराहरू प्रस्तुत गरिएको छ । देशका रमणीय शहर विराटनगर, झापा, इलामको आकर्षक चियाबगानको एक झलक प्रस्तुत गर्दै भारतको रमणीय शहर दार्जिलिङ्ग तथा कलकत्ताको पनि सुन्दर झलक प्रस्तुत गरिएको छ । लेखक साथी सहित कलकत्तामा कालीदेवीको दर्शन गरी त्यहाँको बन्दरगाह, हावडापुल, म्युजियम, पुरातात्विक सङ्ग्रहालय आदिले भारतीय सभ्यता र संस्कृतिको परिचय दिएको कुरा प्रस्तुत गरिएको छ । दाङ्गको यात्रा, स्वर्गद्वारीसम्म शीर्षकमा लेखक सहकारी कार्यक्रमकै सिलसिलामा त्यसतर्फ प्रस्थान गरेका कुराहरूको बयान गरिएको छ । लेखक आफ्नी जीवनसँगिनी

सीताका साथ स्वर्गद्वारी दर्शनका लागि दाङ्गतर्फ लागेका कुराहरूको बयान गरिएको छ । प्राकृतिक सौन्दर्यका दृष्टिले पनि स्वर्गद्वारीको आफ्नै विशिष्टता रहेको कुरा यहाँ प्रस्तुत गरिएको छ । स्वर्गद्वारीका प्रसिद्ध भगवान स्वर्गद्वारी महाप्रभुको उत्पति र स्थापना अनि महत्वका बारेमा पनि प्रस्तुत शीर्षकमा उल्लेख गरिएको छ । सुदूरपश्चिमको यात्रा शीर्षकमा लेखक सहकारी कार्यक्रमकै सिलसिलामा त्यसतर्फ प्रस्थान गरेका कुराहरू प्रस्तुत गरिएको छ । लेखक आफ्ना साथीहरूसहित नेपालगञ्ज प्रस्थान गरी त्यहाँका प्रसिद्ध वागेश्वरी महादेवका मन्दिरको दर्शन गरी भारतको रूपडियातर्फ पुगेको झलक प्रस्तुत गरिएको छ । त्यसपछि लेखक धनगढी हुँदै महेन्द्रनगरको सहकारी कार्यक्रममासमेत सामेल भएर भारतको नैनीताल पुगेका झलकहरू प्रस्तुत गरिएको छ । सुदूरपश्चिममा लेखक टनकपुर पुगेर त्यहाँ भारतले बनाएको बाँध तथा पुलको निरीक्षण गरेका कुराहरूको बयान गरिएको छ । त्यसपछि लेखक दिपायल डोटी, डडेलधुरा हुँदै सुर्खेत पुगेका कुराहरूको चर्चा गरिएको छ ।

चौथो नियात्रा खण्डमा सहयात्रा विराटनगरदेखि जनकपुर सम्म, सर्लाहीको मामाघर, डुगेश्वरको घिन्ताङ घिन्ताङ, पुनर्जागरण समाज र पिप्राको बसाइ, लुम्बिनी अञ्चलको सहकारी भ्रमण, गुल्मीको प्रसिद्ध ऐतिहासिकस्थल रेसुङ्गा, बिजुलीको पोखरी, पाँचगाउँको आँखामर्दिखोला, तनहुँको परासरगुफा, प्रमुख अतिथिको पगरी र दिव्यधामको दर्शन, पालुङ्गको यात्रा, जागिरे जीवनको अन्त्य मलामीबाट शीर्षकहरू रहेका छन् । सहयात्रा विराटनगरदेखि जनकपुरधामसम्म शीर्षकमा लेखक विराटनगरबाट इटहरीहुँदै जनकपुर पुगेर विवाह पञ्चमीका दिन प्रसिद्ध धार्मिकस्थल जानकी मन्दिरको दर्शन गरेका र जानकी मन्दिरको ऐतिहासिक महत्वका बारेमा पनि बयान गरिएको छ । 'सर्लाहीको मामाघर' शीर्षकमा लेखक आफ्नो मामाघर सर्लाही पुगेका कुराहरूको बयान गरिएको छ । डुगेश्वरको घिन्ताङ घिन्ताङ, शीर्षकमा लेखक सुर्खेतबाट दैलेखतर्फ जाने बाटाको डुगेश्वर भन्ने स्थानका बादी

जातिको साँस्कृतिक कार्यक्रमको झलक प्रस्तुत गर्दै पिपरा पुगेका कुराहरू बयान गरिएको छ । लुम्बिनी अञ्चलको भ्रमण शीर्षक अर्न्तगत लेखक गौतमबुद्धको जन्मस्थल लुम्बिनी पुगेर त्यहाँको धार्मिक तथा ऐतिहासिक महत्वका बारेमा बयान गरिएको छ । जागिरकै सिलसिलामा लेखक पाल्पा, गुल्मी, अर्घाखाँची, रूपन्देही अनि कपिलवस्तु पुगेर आफ्ना कार्यक्रम सम्पन्न गरेका र गुल्मी, स्याङ्जाको बीचमा पर्ने रुरुक्षेत्रको दर्शन गरेका कुराहरूको बयान गरिएको छ । ऋषिकेश अर्थात् रुरुक्षेत्रमा स्नान गरी कल्पवास बस्नाले नरक तर्नु पर्दैन भन्ने विश्वासका साथ यस स्थानमा दर्शन गरेका कुराहरू बयान गरिएको छ । गुल्मीको प्रसिद्ध धार्मिक स्थल शीर्षकमा लेखक गुल्मी जिल्ला पुगेर त्यहाँको प्राकृतिक सुन्दरताको बयान गरिएको छ । यसका साथै गुल्मीको सदरमुकाम तम्घास नाम रहनु परेको सार्थकता पनि प्रमाणित गरिएको छ । बिजुलीको पोखरी शीर्षकमा लेखक नुवाकोट जिल्लाको प्रसिद्ध पर्यटकीय स्थल ककनी पुगेका कुराहरू प्रस्तुत गरिएको छ । ककनीबाट साँझमा काठमाडौंको बत्ति बलेको दृष्य अत्यन्तै रमणीय र मनोरम देखिने भएकोले उक्त स्थानलाई लेखकले बिजुलीको पोखरीको संज्ञा दिँदै यसका बारेमा बयान गरेका छन् । पाँच गाँउको आँखा मर्दिखोला शीर्षकमा लेखक सहकारी कार्यक्रमकै सिलसिलामा त्यसतर्फ प्रस्थान गरे देखिका कुराहरूको बयान गरिएको छ । अन्नपूर्ण हिमालको काखमा अवस्थित प्रसिद्ध माछ्चापुच्छ्रे हिमालको फेदीबाट निस्केर मर्दीखोला बहेको छ । मर्दिखोलाको किनारमा अवस्थित त्यहाँको सुन्दर रमणीय गुरुङ्ग बस्तीको संस्कृति र परम्परा पनि यस शीर्षकमा राम्ररी बयान गरिएको छ । तनहुँको परासर व्यास गुफा शीर्षकमा लेखकले तनहुँको सदरमुकाम दमौली लगायत त्यहाँको प्रसिद्धस्थल परासर गुफाको महत्व र उत्पत्तिको बारेमा बयान गरिएको छ । परासर गुफा भन्दा केही माथि रहेको व्यास गुफाको पनि बयान गरिएको छ । प्रमुख अतिथिको पगरी र दिव्यधामको दर्शन शीर्षकमा लेखकले चितवनमा सहकारी कार्यक्रमको प्रमुख आतिथ्य गरेका कुराहरूको बयान गरिएको छ भन्ने अर्कातिर यो कार्यक्रमको समापन पछि नवलपरासी र चितवन  जिल्लाको सङ्गममा पर्ने

नारायणी नदीको किनारमा अवस्थित दिव्यधामको दर्शन गरेका कुराहरूको बयान गरिएको छ । त्यसपछि लेखक पालुङ्ग, दामन, टिस्टुङ अनि सिमभञ्ज्याङ पुगेका कुराहरूको बयान गरिएको छ । जागिरे यात्राको अन्त्य मलामीबाट शीर्षकमा लेखक जागिरको सिलसिलामा विभिन्न कार्यक्रममा पूर्वमेचीदेखि पश्चिम महाकालीसम्म घुम्ने कार्यक्रमको अन्तमा सहकारी अध्यक्ष विश्वबन्धु गौतमको बुबा परमधाम भएपछि उनको अन्त्यष्टिमा सामेल भएका कुराहरूको बयान गरिएको छ।

पाँचौं खण्डअन्तर्गत पुराण खण्डको बयान गरिएको छ । यसमा मनोरथको इच्छा र बौकाको पुराण प्रमुख शीर्षक रहेको छ । यसमा लेखकको जागिरका सिलसिलामा भएका देशव्यापी भ्रमण समाप्त भएपछि उनका बुबा मनोरथको छोरो (लेखक) वाचकी भएर सप्ताह लगाएको हेर्ने इच्छा भएकोले सोही सप्ताह लगाएका कुराहरूको बयान गरिएको छ । यसरी लेखक आफैसमेत लागेर सप्ताह समाप्त गरेका कुराहरूको बयान, भजन, कीर्तन आदिबाट यो नियात्राको अन्त्य भएको छ ।

### ५.२.१.२ भाषाशैली

प्रस्तुत नियात्रामा लेखकको निजात्मक शैली प्रस्तुत भएको छ । निबन्धको भाषा सरल र सुबोध्य छ । वर्णनात्मक शैलीले निबन्धलाई सुसङ्गठित र क्रमबद्ध बनाएको छ । निबन्धमा ठेट नेपाली र झर्रा नेपाली शब्दहरूको प्रयोग प्रशस्तै भएका छन् । लेखकले आफ्नो जन्मथलो विगुटारको चिनारी दिने क्रममा यस्ता झर्रा नेपाली शब्दहरूको प्रयोग गरेका छन् । “माथितिरको स्वच्छ हिमाली, पहाड, धनेपु, तारेभिर, रानीबनको दृष्यावलोकन गाउँलेलाई गराउँदै विगुटार व्युँझन्थ्यो । सुन्छु आज त्यो आफै अस्वस्थ छ अरे उजाड उदास र खिन्न”...... (**मेरो यात्रा संस्मरण,** पृष्ठ ३) त्यसैगरी लेखकले आफ्नो गाँउ र गाउँलेपनको सम्झना यसरी व्यक्त गरेका छन् । “खाँडी खद्धर खस्रो भयो, छिट र गहुत पाँइदैन पनि क्यार, थैली मैली सक्यो, सन्दुकको पनि खोजी

भैरहेकोछ । लँगौटी र कन्दनी कहाँ थन्किए । कोपरा, अम्खरा, कसौडी, फोसी, खड्कुला र घ्याम्पाहरू भेटिँदैनन् भन्छन् । चउन्नी, सुकी, पाँचनी, डालीपैसा र कम्पनी कता गए । घर छाउने खर दाम्ला बाट्ने अर्गेली र अल्लो अनि बाबियो उम्रन छाड्यो ।" थैला र धोक्रा बन्न छाडे यो यर्थाथ चित्रण हो मेरो गाउँको ......... (**नियात्राका नवीनतम थुङ्गाहरू** पृष्ठ ५) यसरी झर्रा नेपाली शब्दहरूको प्रयोग प्रस्तुत नियात्रामा प्रशस्तै भेटिन्छन् ।

यसकासाथै निबन्धमा कही-कही गीत र सरल कविताका पङ्क्तिहरू पनि भेट्न सकिन्छ ।

खटनपटन सबै पूजन यात्राकी मुख्य नायक
शोभाको धैर्यता राम्रो गाम्भीर्यता छ लायक
अच्यूत कोषका स्वामी उपस्थित सदा सदा
भाइ बसन्त ढुकै छन् नम्रता नम्र भै दिँदा *(नियात्राका नवीनतम थुङ्गाहरू, पृष्ठ ५०)*

यसका साथै कँही कँही तत्सम् र हिन्दी शब्दहरूको प्रयोग पनि प्रस्तुत नियात्रामा भेट्न सकिन्छ । मेरो यात्रा संस्मरण निबन्धमा पनि लेखकले आर्कषक र कलात्मक भाषा शैलीको माध्यमबाट निबन्धलाई चुस्त बनाउने काम गरेका छन् । "श्रावण महिना पानी बारम्बार परिरहँदा पृथ्वी सम्पूर्ण जलामय थियो । गगन कालो बादलले आच्छादित देखिन्थ्यो । रेखापाखाबाट बग्ने छहरा र सानातिना खहरे समेत एउटै समूहमा अटुट बगिरहेका हुन्छन् मानौं कुनै उन्मुक्त युवती झै उनीहरूको जवानीले पाइला सारेको देखिन्छ । सबै एकत्रित भएर एउटा समुन्द्रको रूप धारणा गर्दा त्यसको श्रोतबाट उडेको धुँवाले नै आकासलाई घुम्टो ओडाएको  हो कि जस्तो थियो ।.......*(मेरो यात्रा संस्मरण, पृष्ठ ५)*

निबन्ध आकारमा लघु भएपनि यसले नेपाल लगायत भारतकासमेत महत्वपूर्ण तीर्थस्थलहरूलाई समेट्न सफल भएको छ ।

### ५.२.१.३ उद्देश्य

उद्देश्य निबन्धले देखाउन चाहेको कुरा हो । यो निबन्धको सारतत्व हो । त्यसैले हरेक निबन्ध लेखनको पछाडि केही न केही उद्देश्य हुन्छ । प्रस्तुत नियात्रा तथा निबन्धको मूल उद्देश्य लेखकको जन्मस्थलहुँदै नेपालका पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका विभिन्न महत्वपूर्ण स्थलकासाथै तीर्थस्थल अनि भारतका महत्वपूर्ण तीर्थस्थलहरूको बारेमा पाठक वर्गमा जानकारी गराउनु रहेको छ । भारतका प्रसिद्ध महापुरुष साइबाबाको बारेमा जानकारी गराइएका केही अंश यसरी प्रस्तुत गरिएको छ । "दशौं हजार मानिस अटाउने सभाभवनमा  खचाखच मानिसहरू बसेका रहेछन् । नेपाली पनि हजारौंको संख्यामा आएका रहेछन् । पुटवर्ती भन्ने उराठलाग्दो गाउँ जसलाई बञ्जर क्षेत्रका रूपमा चिनिन्छ । सन् १९६२ को नोभेम्बर २३ का दिन पेटढ्वेकप्पा राजु र श्रीमती आमालाई यो वचन दिएका थिए कि उनी यो गाउँलाई कहिल्यै छाड्ने छैनन् । नभन्दै उनले आमालाई जुन वचन दिए त्यो पूरा गरेर आमाको ऋण तिरेका छन् । पुट्टवर्तीको उराठलाग्दो बञ्जर क्षेत्रको आज स्वर्गीय आनन्द प्राप्त गर्न चाहने असंख्य श्रद्धालु भक्तजनहरूको आस्थाको केन्द्रविन्दु बन्न पुगेको छ ।".....(नियात्राका *नवीनतम थुङ्गाहरू पृष्ठ ५६)*

त्यस्तै हाम्रो देशका पहाड, तराई, भित्री मधेस खोंच कन्दरा आदि स्थानका जनताको स्थिति त्यहाँको रहनसहन, रीतिरिवाज, संस्कृति, परम्परा जस्ता कुराहरूको यथार्थ जानकारी गराउनु पनि प्रस्तुत नियात्राको उद्देश्य रहेको छ । लेखकले हाम्रो देशको विकट जिल्ला डोल्पाको चिनारी दिने क्रममा यी कुराहरू उल्लेख गरेका छन् । त्यहाँ कार्तिकदेखि हिँउ पर्ने सुरु गर्छ । ८/१० फिट सम्म हिँउ पर्छ । घर माटोले छाएको हुनाले हिँउले पुर्ने सम्भावना हुन्छ । त्यसकारण ठूलो हिँउ पर्ना साथ छानामा चढेर फाल्नुपर्छ । नत्र घर

लड्ने सम्भावना हुन्छ । ठाँउ जाडो भएतापनि त्यहाँ झिँगा प्रशस्त लाग्छ । मानिसलाई रोग लाग्ने कारण पनि त्यही हो, विशेष गरी झाडाबान्ता र अन्य हानीकारक रोगहरू त्यहाँ उत्पत्ति हुन्छ ।" ....*(मेरो यात्रा संस्मरण पृष्ठ १२)*

यसप्रकार प्रस्तुत नियात्रा सङ्ग्रहका माध्यमबाट लेखकले आफूले भोगेका देखेका महत्त्वपूर्ण पक्षहरूको जानकारी पाठकवर्गमा गराउनु नै मूल उद्देश्य रहेको स्पष्ट हुन्छ ।

### ५.२.१.४ दृष्टिविन्दु

दृष्टिविन्दु बाह्य वा तृतीयपुरुष र आन्तरिक वा प्रथम पुरुष गरी दुई रूपमा रहेका छन् । यी नियात्राहरूमा लेखक स्वयं समाख्याता भएर रहेका छन् । त्यसैले प्रस्तुत नियात्राहरूमा प्रथम पुरुष दृष्टिविन्दु प्रयोग भएको छ । यसको एउटा अनुच्छेद हेरौं "एकदिन आफ्ना हितैषी साथी पुरुषोत्तम दाहाल र म काठमाडौ जाने विचार गरी हातमा १/ १ ओटा झोला बोकेर घरबाट पश्चिमतर्फ लाग्यौं । बिहानको झुल्केघाम सूर्यको प्रदिप्त डाँडामा प्रस्फुटित थियो, त्यही समयको साहित पारी अगाडि बढ्यौं ।" (मेरो यात्रा संस्मरण पृष्ठ १) यसरी निबन्धमा समेटिएका सम्पूर्ण घटना तथा वृत्तान्तका ज्ञाता तथा प्रत्यक्ष दर्शक स्वयं लेखक भएकाले प्रस्तुत निबन्ध तथा नियात्रामा प्रथम पुरुष दृष्टिविन्दु प्रयोग भएको छ ।

### ५.२.१.५ निष्कर्ष

नारदमणि पौड्यालको पहिलो यात्रा संस्मरण लेख **मेरो यात्रा संस्मरण** (२०३४) हो । यसमा लेखकले गरेका विभिन्न जिल्लाहरूको भ्रमण अनि आफ्नै बाल्यकालमा भोगेका तीतामिठा अनुभव र धार्मिक तीर्थास्थलका बारेमा बताइएको छ । प्रस्तुत कृति सात उपशीर्षकमा विभाजन गरी लेखिएको छ । जसमा पहिलो मेरो प्रथम अनुभव, दोस्रो ककनीको एक झलक, तेस्रो हलेसी बजारको एक परिचय, चौथो दूधकुण्ड जाँदा, पाँचौ तीन जिल्ला परिचय, छैठो

भ्रमण गरेका जिल्ला तथा अञ्चलहरू अनि अन्तिम पश्चिमतिर जागिर खाँदा उपशीर्षकहरू रहेका छन् । यसरी लेखकले आफ्नो जागिरे जीवनको उकाली ओरालीको दौरानमा आफूले भोगेका देखेका विभिन्न स्थानका महत्वपूर्ण कुराहरू प्रस्तुत यात्रा संस्मरणमा उल्लेख गरिएको छ ।

यसैगरी पौड्यालको अर्को नियात्रा सङ्ग्रह **नियात्राका नवीनतम थुङ्गाहरू** (२०५९) रहेको छ । साहित्यकार पौड्यालले देशका अधिकांश जिल्लाहरूको भ्रमण र भारतको महत्वपूर्ण तीर्थस्थलहरूको तीर्थाटन गरेका छन् । यी सबै कुराहरूको उल्लेख प्रस्तुत नियात्रामा गरिएको छ ।

प्रस्तुत नियात्रामा लेखकको निजात्मक शैली प्रस्तुत भएको छ । निबन्धको भाषा सरल र सुबोध्य छ । निबन्धमा झर्रो नेपाली शब्दहरूको प्रयोग प्रशस्तै भएका छन् । प्रस्तुत नियात्राको उद्देश्य लेखकको जन्मस्थलदेखि कर्मस्थल अनि नेपालका पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म र भारतका तीर्थास्थलहरूको बारेमा पाठक वर्गमा जानकारी गराउनु रहेको देखिन्छ । हाम्रो देशका पहाड, तराई, भित्री मधेश, खोंच आदि स्थानहरूका जनताहरूको रहनसहन, संस्कृति, परम्परा आदिको यथार्थ जानकारी गराउन पनि प्रस्तुत नियात्राको उद्देश्य रहेको छ ।

### ५.२.२ कविताहरूको अध्ययन

नारदमणि पौड्यालले नेपाली साहित्यका फाँटमा वि.स २०३४ सालदेखि कलम चलाउँदै आएका छन् । यात्रा निबन्ध विधाबाट सुरु गरेको साहित्य यात्रामा उनी वि.सं. २०४० सालबाट कविता विधामा प्रवेश गर्न पुग्दछन् । उनको पहिलो कविता 'बाँसुरीको स्वरमा धुन भरिदैछ' "नवप्रभात मासिक" पत्रिकामा पहिलो पटक वि.सं. २०४० सालमा प्रकाशित भएको हो । यसै सिलसिलामा वि.सं. २०४३ सालमा उनी समेत १० जना कविहरूको

सहप्रकाशनमा **केही कवि केही कविता** सङ्ग्रह प्रकाशन भयो । त्यसैगरी उनको अर्को कवितासङ्ग्रह **मभित्र यसरी बोल्छ** (२०६२) प्रकाशित भएको छ ।

उनको पहिलो कविता सङ्ग्रह १० जना कविहरूका सहलेखनमा वि. सं. २०४३ सालमा प्रकाशित छ । उक्त कविता सङ्ग्रहका अन्य कविहरू यसप्रकार छन् । कलानिधि दाहाल, गोविन्दप्रसाद भट्टराई, तीर्थराज अधिकारी, पुरुषोत्तम दाहाल, कृष्णप्रसाद दाहाल, चित्रकुमार दाहाल, नारदमणि पौड्याल, शम्भुमुकुट खरेल , मोहनबहादुर र हरिप्रसाद पोखरेल । प्रस्तुत सङ्ग्रहमा ४८ वटा कविताहरू सङ्कलित छन् । कवि नारदमणि पौड्यालका चारवटा कविताहरू उक्त सङ्ग्रहमा सङ्कलित छन् ।

उनको दोस्रो कविता सङ्ग्रह **म भित्र यसरी बोल्छ** २०६३ प्रकाशित भएको छ । प्रस्तुत कविता सङ्ग्रह भित्र ४५ वटा कविताहरू सङ्कलित छन् । जसमध्ये ३० वटा पद्य कविता छन् भने १५ वटा गीति कविता रहेका छन् । उनका समग्र कविताहरूलाई निम्नलिखित शीर्षकमा आधारित भई विश्लेषण गरिएको छ ।

### ५.२.२.१ विषयवस्तु

कवि पौड्यालका कविता सङ्ग्रहमा रहेका कविताहरू विविध विषयवस्तुमा समेटिएका छन् । उनको **केही कवि केही कविता** कविता सङ्ग्रहमा चारओटा कविताहरू रहेका छन् । यस सङ्ग्रहमा उनका वास्तवमा प्रारव्ध भन्नु प्रतिज्ञा नै थियो असारे रोपाई , आइमाइ , सहीद इतिहासको मानचित्र बन्छ कविताहरू रहेका छन् ।

त्यसैगरी उनको अर्को कवितासङ्ग्रह **म भित्र यसरी बोल्छ** मा सङ्कलित पद्य कविताहरू यसप्रकार रहेकाछन् । मानव बैभव, युग आस्था, हर्षले जग्मगाउँ, जितको जिन्दगी गीतफुल्ने सरोवर, आफै बनौं निर्भर, सञ्जीबनी, मभित्र यसरी बोल्छ नया बिहानी, क्रान्तिदूत, गाउँमाथिको कविता, बुद्धनेत्र,

कल्पवृक्षबनतिमी, माटोको मूल्य, हार्दिकता, म दिन्छु शुभकामना, सारङ्गी भित्रको जिन्दगानी परदेश निको हुन्न, दिनचर्या, शुभेच्छा, अठोट, खोन्दैछु अफ्न यो हक, पल्लो घरको कुकुर, अन्धो लाग्दैछ कानुन, मुक्त हो दिव्य जीवनी, पानीकै अभिनन्दन, कपन गाउँ, वार्ताबाटै छ सम्भव, प्रेयसी सँगको भेट र त्यही गाउँ रहेका छन् । गीति कविता तर्फ विकासको फूल, मनको प्यास, कतैछैन चैन, जिन्दगीको पाटो, गुराँसका आँखा, चन्द्रवदन, माया नै माया, सृष्टिको गीत, नासो, भाग्यरेखा, काउकुति, नौलो, बाला, स्वागत, प्रेमकोमाला रहेका छन् ।

**केही कवि केही कविता** सङ्ग्रहमा सङ्कलित कवितामा भएका कवितामा पहिलो कविता 'वास्तवमा प्रारव्ध भन्नु प्रतिज्ञा नै थियो' हो । यसमा कविले प्रतिज्ञामा बाँधिएको कुनै पनि व्यक्तिलाई प्रतिज्ञा छोड्न आग्रह गरेका छन् । कविले कुनैपनि व्यक्ति प्रतिज्ञामा बाँधिनु ठीक होइन । यसको बन्धनमा धेरै उमेर, वैश, विचार, सामर्थ्य, गाम्भीर्य र अनगिन्ती रहर हुन्छन् भनेका छन् । त्यसैले यी सबै चीजहरूलाई स्वतन्त्रपूर्वक मौलाउन दिनुपर्दछ भनी कवि भन्दछन् । पवित्र भावनालाई कसैको डर त्रास र धम्कीमा नभएर इच्छा अनुरूप बाँच्न दिनुपर्छ भनी कविले स्वत्रन्त्रताको सन्देश दिएका छन् ।

उनको अर्को कविता 'असारे रोपाई' हो । यसमा कविले आफ्नै जन्मभूमिको खेतवारीमा गरेका दिनचर्याका बारेमा चित्रण गरेका छन् । कवि खेतको रूपरङ्गको बयान गर्दै आफू एक्लो भएको र एक्लैले गरेर केही हुदैन भन्दछन् । कुनैपनि कार्य सम्पन्न गर्न जनशक्तिको आवश्यकता पर्ने कुरा कविले प्रस्तुत कवितामा बताएका छन् । मुठी खाएर मुरी उब्जाउनु पर्ने बेलामा पानी जस्तो अपरिहार्य बस्तुको साथै जनशक्तिको पनि खाँचो परेको कुरा प्रस्तुत कवितामा कवि बताउँछन् ।

उनको अर्को कविता 'आइमाइ' हो यसमा कविले नारीहरूका भूमिकाका बारेमा बयान गरेका छन् । नारी जन्मने बित्तिकै कुमारी त्यसपछि युवती हुँदै

वैवाहिक जीवनमा बाँधिएर आमाको रूप लिन्छिन् । उनी जस्तोसुकै पीडा , दुःख, बेदना, सहेर पनि आफ्ना सन्तानको सुखमा रमाइरहेकी हुन्छिन् । नारी नै चेली, लक्ष्मी , तिथिमा औंसी, पूर्ण अनि चाडमा तीज , तिहार भएर रमाइरहेकी हुन्छिन् । त्यसैले चेलीबेटी वा नारी विनाको घर रुखो र अशोभनीय जस्तो हुन्छ । पराइको घरलाई आफ्नो मानेर माया ममतामय र सुखी वातावरण बनाउने नारी जातिको स्थान विश्वमै अग्रस्थानमा रहेको कुरा कविले प्रस्तुत कवितामा उल्लेख गरेका छन् ।

कवि पौड्यालको **केही कवि केही कविता**मा रहेका कवितामा अन्तिम कविता 'सहीद' इतिहासको मानचित्र बन्छ हो । यसमा कविले सहिदको वीरताको बारेमा बयान गरेका छन् । सहिदलाई कविले भगवान रामको संज्ञा दिएका छन् । सहिदलाई कविले पुराणका प्रसङ्गहरू पनि दिएर प्रस्तुत गरेका छन्, जसरी पतिव्रता नारी सावित्रीले कठोर तपस्या गरेर आफ्ना मृत अवस्थाका श्रीमान् हरिश्चन्द्रलाई पुनर्जीवन गराउन सफल भइन् त्यसैगरी सबै देशभक्त नागरिकले आ-आफ्नो तर्फबाट उल्लेखनीय कार्य गरेर आजका वीर सहिदहरूलाई पुनर्जीवन दिलाउनु पर्दछ भनी उल्लेख गरेका छन् ।

कवि पौड्यालको **मभित्र यसरी बोल्छ** कविता सङ्ग्रहमा सङ्कलित कविताहरूमा पहिलो कविता मानववैभव हो । यसमा देशका निम्ति ज्यानको बाजी लगाएर आफ्नो अमूल्य जीवन बलिदान गर्ने सहिदका बारेमा बयान गरिएको छ । सहिदहरू मरेर गए पनि सधैं बाँचिरहेका छन् , उनीहरू अजर अमर रहिरहनेछन् भन्दै कविले अमर सहिदलाई महान् राष्ट्रभक्त भएको कुरा उल्लेख गरेका छन् ।

'युगआस्था' कवितामा राष्ट्रका कर्णधार युग निर्माण गर्ने जोसजाँगर भएका  नवजवान युवाहरूलाई चरमयुद्धतिर नलागेर आशावादी भई देश निर्माणमा लाग्न आहवान गरिएको छ ।

‘हर्षले जग्मगाउँ’ कवितामा कविले आफ्नो देशका कुनाकाप्चा लगायत सबै ठाउँमा विकासको लहर आएर जनताका मनमा खुशी छाएको देख्न चाहेको कुरा उल्लेख गरिएको छ ।

‘जीतको जिन्दगी’ कवितामा कविले देशप्रति सच्चा माया गर्ने राष्ट्रभक्तको बारेमा बयान गर्दै त्यस्तो राष्ट्रभक्त नै सबैभन्दा सर्वश्रेष्ठ भएको कुराको बयान गरेका छन् ।

‘गीतफुल्ने सरोवर’ कवितामा गाँउको माया गर्दै गीत गाउने युवाको बारेमा बयान गरिएको छ । गाउँले युवा परदेश गएकाले ऊ नहुँदा पाखा, पर्वत, घर, गाउँ, गोठ, डाँडाकाँडा सबैतिर शून्य भएको कुरा उल्लेख गरिएको छ ।

‘आफैंबनौ निर्भर’ कवितामा नेपाली दाजुभाई, दिदीबहिनीलाई आफ्नै देशको उर्जाशील माटोमा परिश्रम गरी देशलाई जताततै हराभरा र समन्वय बनाएर हामी आत्म निर्भर बन्नुपर्दछ भन्ने कुरा उल्लेख गरिएको छ । यसमा आफ्नै देशका प्राकृतिक बस्तुहरू , वनस्पति, खोलानाला, जडिबुटी आदिको सही सदुपयोग गर्दै हामी आत्मनिर्भर बनौं र स्वतन्त्र रूपमा जीवनयापन गर्ने गरौं भनी उल्लेख गरिएको छ ।

‘सञ्जीवनी’ कवितामा कविले धर्तीमा भएका प्राकृतिक धरोहरहरूलाई सञ्जीवनी बुटीका रूपमा बयान गर्दै यस्ता प्राकृतिक सृष्टिहरू मौलाउँदा साहित्यलगायत विकासका पूर्वाधार पनि मौलाउने कुरा उल्लेख गरेका छन् ।

‘म भित्र यसरी बोल्छ’ कवितामा कविले आफ्नो कर्तव्यका बारेमा स्पष्ट पारेका छन् । कविले युद्ध, सुख, दुख, पीडा, भोक, प्यास, मायाँ ममता, शत्रुमित्रु आदि जस्तो सुकै परिस्थितिमा पनि विचलित नभै आफ्नो कर्तव्य पालना गर्ने कुरा व्यक्त गरेका छन् ।

'नयाँ बिहानी' कवितामा मुलुकमा पुरानो शासन व्यवस्था समाप्त भएर प्रजान्तन्त्र प्राप्ति पछिका उमङ्ग र जोशका नयाँ नयाँ सिर्जना छाएका कुराहरूको बयान गरिएको छ । यहाँ पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म जतातत‌ै फोहर दुर्गन्ध हटेर नयाँ सिर्जना गरेर सबैमा प्रेमको बिउ रोपी वीर सहिदका सपना साकार पारिएका कुराहरू उल्लेख गरिएको छ ।

'क्रान्तिदूत' कवितामा अन्याय, अत्याचार, र निरङकुशताको विरुद्धमा गरिएको क्रान्तिको भेलको बारेमा बयान गरिएको छ । देशका शहरदेखि कुना काप्चा, गाउँ बस्ती सबैतिर क्रान्तिको राँको फैलिएको र त्यसलाई दवाउन निरङकुश कर्फ्यूको पिंजडा थपिएतापनि त्यसलाई भत्काउने प्रयास निरन्तर भइरहेको र निरङ्कुशता भत्काउने प्रयास गर्नेहरू वीर सहीद भएका कुरा उल्लेख गरिएको छ । प्रस्तुत कवितामा कविले हाल देशमा भइरहेको क्रान्तिका बारेमा उल्लेख गरेका छन् ।

'गाउँ माथिको कविता' कवितामा कविले देश विकासको मूल आधार गाउँ नै भएको कुरा बताएका छन् । गाउँ स्वच्छ , सुन्दर, हराभरा र विकासका पूर्वाधारहरूले सजिसजाउ भएमा नै देशको विकास सम्भव हुने कुरा बताउँदै गाउँका ताजा शुद्ध खाद्यान्न खाई गाउँकै संस्कृति र सभ्यतामा हुर्किएका आजका बालक नै भोलिका कर्णधार बन्न सक्तछन् भन्ने कुरा उल्लेख गरिएको छ ।

'बुद्वनेत्र' कवितामा कविले अल्छी, आलस्य त्यागेर फूर्ति र जाँगरकासाथ परिश्रम गरेमा देश स्वर्गझैँ सुन्दर बन्दछ साथै देशमा शान्तिको दियो बालेर भगवान गौतम बुद्धका निदाएका नेत्रलाई खुलाउनु पर्दछ भन्ने कुरा बताएका छन् ।

'कल्पवृक्ष तिमी वन' कवितामा प्राकृतिक सम्पदाको महत्वका बारेमा बताइएको छ । प्रस्तुत कवितामा वृक्ष यस्तो अमूल्य वस्तु हो जसले धर्तीलाई

हरियाली दिई हराभरा बनाइराख्दछ, बोट विरुवा अरुकै लागि जन्म लिन्छन् भने अरुकै लागि मर्दछन् । खासगरी वृक्षसँग मानिसको अगाढ सम्बन्ध रहेको कुराको बयान गरिएको छ । प्रकृतिका सुन्दर र सुगन्धित फूल लालीगुराँस पारिजात श्रीखण्ड, सुनाखरी , बेलीचमेलीका गुण र महिमाका बारेमा बयान गरिएको छ ।

'माटोको मूल्य' कवितामा प्रकृतिको अमूल्य वस्तु माटोको बारेमा बयान गरिएको छ । कवि हाम्रो जन्म, मृत्यु र पुनर्जन्म पनि माटोमै हुन्छ त्यसैले हाम्रो जीवनको प्रमुख आधार नै माटो हो भन्दछन् । कवि माटो मै देशका विशाल र ठण्डा हिमश्रृङखला अनि तराइका गर्मी फाँट भएका कुराको बयान गर्दै छहरा पहरालाई दुख्दा देशलाई नै दुख्दछ । माटोलाई दुख्यो भने देशलाई दुख्दछ त्यसैले देशको माटोलाई दु :ख हुने काम नगरौं सुख हुने काम गरौं , अनि जताततै पौरख गरी विकासको ढोका खोलौं र माटो समाएर सच्चाकर्म गर्ने वाचा गरौं भनी सबैलाई आह्वान गर्दछन् ।

'हार्दिकता' कवितामा कविले अग्रज स्रष्टाका योगदानका बारेमा बयान गरेका छन् । आदिकवि भानुभक्तको नेपाली काव्य जगतमा विशिष्ट योगदान रहेको छ । उनले बोल्दा कविता बन्थ्यो भने उनले हाँस्दा छन्द आउँथ्यो भनी कवि भन्दछन् । आजपनि उनै भानुको कविताले नेपालका पाखा पखेरा घन्किरहेका छन र अनन्त सम्म घन्किरहनेछन भनी कवि भन्दछन् । उनी मरेर गएपनि उनका कृति आकाशमा चन्द्र र सूर्य रहेसम्म उज्वल र अमर रहिरहनेछन् भन्ने कुरा यहाँ उल्लेख गरिएको छ ।

'म दिन्छु शुभकामना' कवितामा वसन्तऋतुको आगमन भएका बखत प्रकृतिको सुन्दरताको बारेमा बयान गरिएको छ । यस ऋतुलाई ऋतुराजका रूपमा प्रस्तुत गर्दै प्रकृतिका सारा फूलका बोटमा जताततै सुगन्धित फूलहरू ढकमक्क हुन्छन् भने सुकेका बोट वृक्षमा पनि पालुवा सजिएका हुन्छन् । धर्ती पनि हरियो देखिन्छ भने कोइलीले गीत गाउँदा मान्छेको मन प्रसन्न हुन्छ । यी

सबै सौन्दर्य देखेर कवि प्रसन्न भएर प्रकृतिलाई शुभकामना दिएका कुराहरूको बयान गरिएको छ ।

'सारङ्गी भित्रको जिन्दगानी' कवितामा सारङ्गीको बारेमा बयान गरिएको छ । जसरी आँखालाई दृष्टि दिनका लागि नानीको आवश्यकता पर्दछ त्यसरी नै सारङ्गीलाई राम्रो स्वर भर्न एक सच्चा स्रष्टाको आवश्यकता पर्दछ । त्यसैले सच्चा स्रष्टा नै राष्ट्रको गहना हो र सच्चा स्रष्टा आज नहुँदा सबैतिर शुन्य छाएको र शुन्य छाएतापनि उसको स्वरले शुन्यतालाई हराइदिएको कुरा उल्लेख गरिएको छ । देशको मूर्धन्य कलाकार र स्रष्टाका बारेमा प्रस्तुत कवितामा स्पष्ट पारिएको छ ।

'परदेश निको हुन्न' कवितामा कविले आफ्नो देश छाडी अन्य मुलूक गएका अनगिन्ती नेपाली युवाहरूलाई घच्घचाएका छन् । इराकमा निर्दोष नेपालीहरूको घाँटी रेटी बर्बरता पूर्वक हत्या गरिएको विषयलाई लिएर मर्माहत भएका कविले नेपाली दाजुभाइहरूलाई आफ्नै देशमा श्रमको बीज रोपेर केही गरौं भन्ने कुराको उल्लेख गरेका छन् ।

'दिनचर्या' कवितामा कविले बाल्यकालमा साथीभाइहरूसँग गरेका दिनचर्याका बारेमा बयान गरिएको छ । कविले आफ्नो जन्मथलोका पाखा पखेरा अनि उकाली ओराली गरेका र बचेको समयमा अध्ययन तर्फ मेहनत पूर्वक लागेका कुराको बयान गरिएको छ ।

'शुभेच्छा' कवितामा कविले आफ्ना साथीभाइसँगै मिलेर जोश उमङ्ग र विश्वासका साथ केही गरौं भन्ने इच्छा व्यक्त गरिएको कुरा बताइएको छ ।

'अठोट' कवितामा कवि हिमाल झैं उच्च अठोट र विश्वास लिएर आफ्नो कठिन कार्यमा लाग्ने इच्छा व्यक्त गरिएका कुराको बयान गरिएको छ ।

‘खोज्दैछु अझ त्यो हक’ कवितामा कविका बाल्यकाल देखि हाल सम्म जिम्मेवारी पूर्वक गरेका कार्यहरूका बारेमा बयान गरिएको छ । कवि गाउँमा हुर्कदा किसानको छोरो भएर खेतालाको रूपमा मेलापर्म गर्दथे भने विद्यार्थी हुँदा कपी किताब बोकेका त्यसैगरी समाचार बनाउँदा पत्रकार भइ कार्य गरेका छन् । उनी सिर्जना लेख्दा साहित्यकार भइ कार्य गरेका छन् भने जेलमा यौद्धा भएका छन् । त्यस्तै अड्डाको जागिर खाँदा अधिकृत भएर काम गरेका छन् भने घरमा जेठोबाठो अविभावक भएर काम गरेका छन् भन्दै अझै यी सबै भन्दा ठूलो जिम्मेवारी र हक आइपरेमा पनि उनी निर्धक्क भएर त्यो हक र जिम्मेवारी बहन गर्न तत्पर रहेको कुरा प्रस्तुत कवितामा व्यक्त गरिएको छ ।

‘पल्लो घरको कुकुर’ कवितामा शहरका धनी व्यक्तिका घरमा पालिएको कुकुरका बारेमा लेखिएको छ । कुकुर एउटा चारखुट्टे घरपालुवा जनावर हो । यो गुनीलो प्राणी हो । यसले सकभर नसुतिकन पहरा दिने काम गर्दछ । नौलो मान्छे देख्नासाथ भुकिदिन्छ । तर शहरका धनीमनीका ढाँचामा पालिएको कुकरले जो कोहीलाई पनि भुकेर सताउँदा भने कविलाई झर्को लागेको कुरा प्रस्तुत कवितामा बताइएको छ ।

‘अन्धो लाग्दैछ कानुन’ कवितामा देशमा हाल भइरहेको युद्धका चपेटामा परिरहेका निर्दोष नेपाली दाजुभाइ तथा दिदीबहिनीका करुण अवस्थाका बारेमा बयान गरिएको छ । व्याधाले गुँड भत्काइदिए पछि यसका बचराहरूको छटपटी भए जस्तै निर्दोष नेपालीलाई तातोगोली खान वाध्य बनाइएको छ । मारिनेको घरमा आमा बाबु अनि श्रीमती र बच्चाको चिहिलविहिल देख्दा कवि देशको कानुन अन्धो भएको भनी तीखो प्रहार गर्दछन् ।

‘मुक्त हो दिव्य जीवनी’ कवितामा कविले देशमा भइरहेको निरङ्कुश शासनको घोर विरोध गरेका छन् । कविले सरकारी जेलनेल सबै तोडेर मूक्तभई अगाडि बढ्न सबैलाई आहवान गरेका छन् । कवि गाँस, बास, कपास जस्ता अनिवार्य वस्तु नभए पनि सहन सक्ने तर निरङ्कुश शासन सहन

नसक्ने कुरा बताउँछन् । कविको प्रजातन्त्र प्रतिको आस्था प्रस्तुत कवितामा व्यक्त भएको छ ।

'पानीकै अभिनन्दन' कवितामा पानीको महत्त्व र गुणगानका बारेमा बताइएको छ । संसारको सृष्टि, भिजाउन फिजाउन र मौलाउनका लागि पानी नभइ नहुने अमूल्य वस्तु भएको र यो जति उपकारी वस्तु अर्को हुनै सक्दैन भनी कवि भन्दछन् । संसारका सबैप्राणीको जीवन नै पानी भए पनि आज यसको अभाव हुन गइरहेको छ । त्यसैले कवि पानीलाई ओर्लनकालागि फूलमाला चढाएर श्रद्धाभक्तिपूर्वक पानीको अभिनन्दन गर्दछन् । पानीका रूपमा बगेका वाग्मती , गंगा, आदि नदिहरूलाई सदावहार बगिरहुन भनी हातजोडेर कवि पूकारा गर्दछन् ।

'कपनगाउँ' कवितामा कवि हाल बसोबास गरेको कपन गाउँको बारेमा बयान गरिएको छ । कपन गाउँ काठमाडौंको एउटा सुन्दर गाउँ हो, जहाँ काठमाडौं शहरको सम्पूर्ण दृष्य देखिने गुम्बा उच्च स्थानमा अवस्थित छ । त्यसैगरी बगलामूखी, राममन्दिर, सिद्धेश्वर मन्दिर पनि रहेका छन् । बालउद्धार विद्यालयको मन्दिरले बालबालिकाको सुन्दर भविष्य निर्माण गरेको छ । कपन गाउँलाई कविले भुन्टे काकरीको उपमा दिएर यो विकासका पूर्वाधार, यातायात, बिजुली, संचारले जतातततै सजिएको गाउँ भनी उल्लेख गरेका छन् ।

'वार्ताबाटै छ सम्भव' कवितामा कविले देशमा भइरहेको युद्धको समाधानको बारेमा बताएका छन् । यसमा कविले छिटो भन्दा छिटो युद्धका भाला बन्दुक थन्क्याएर शान्ति स्थापना गरी युद्धबाट विस्थापित दाजुभाइहरूलाई गाउँमा फर्केर विकास निर्माणका काममा जुट्न आग्रह गरेका छन् ।

'प्रेयसीसँगको भेट' कवितामा कविले आफ्नी श्रीमतीको भूमिकाका बारेमा बयान गरेका छन् । वैवाहिक जीवनमा बाँधिनुभन्दा अघि र पछिका अवस्थाहरू फरक हुने कुरा यहाँ प्रस्तुत गरिएको छ ।

'त्यही गाउँ' कवितामा कविले आफ्नो जन्मथलो बिगुटार गाउँको बारेमा बयान गरेका छन् । यहाँ कविले आफ्नो गाउँको डाँडा, पाखा, बोट वृक्ष, फलफूल, पशुपन्छी पुर्खाका पौरख धर्म-कर्म र संकृतिका बारेमा अत्यन्तै राम्रोसँग बयान गरेका छन् । त्यस्तो सुन्दर गाउँ छाड्नु परेकोमा कविलाई पश्चाताप लागेको छ । उनलाई अहिले पनि त्यही गाउँ मै बस्न खेल्न, रमाउन मन लागेका कुराहरू प्रस्तुत कवितामा व्यक्त गरिएको छ ।

'विकासको फूल' कवितामा हाम्रो देशको विकास आफ्नै हातमा भएको कुरा बताइएको छ । यहाँ घर, आगन, मठ, मन्दिर, पाटी पौवा आदि स्वच्छ भएमा असभ्यता हटेर सभ्य समाजको निर्माण भई विकासको लहर फैलिन्छ भन्ने कुरा व्यक्त भएको छ ।

प्रस्तुत कविता सङ्ग्रहको गीति कविता तर्फ पन्ध्रवटा कविताहरू रहेका छन् । पहिलो गीति कविता 'मनको प्यास' मा कविले आफ्नो मनभित्रका इच्छाहरू व्यक्त गरेका छन् । कविलाई माटोसँग खेल्न, खान, अनि मुस्कुराउन मन लागेको छ । कविलाई यतीधेरै प्यास लागेको छ जुन प्यास मेटाउन कोशी, गंगा जस्ता नदिहरूले पनि सकेका छैनन ।

'कतै छैन चैन' गीति कवितामा यो देशमा कही कसैलाई पनि सुख र चैन छैन । शान्ति नभएकाले यो देश रोइरहेको कुरा कवि स्पष्ट पार्दछन् ।

'जिन्दगीको पाटो' कवितामा कविका प्रेम प्रणयसँग सम्बन्धित कुराहरूलाई झल्काउन खोजिएको छ । कवि आफू र आफ्नी प्रेमिकालाई एउटै बग्गीको दुइटा पाङ्ग्राका रूपमा तुलना गर्दै कहिल्यै पनि नछुट्टिने वाचा गर्न अनुरोध गर्दछन् ।

‘गुराँसका आँखा’ कवितामा कवि ढकमक्क गुराँस फुलेका डाँडापाखा अनि तराईका फाँटमा डुलेका घुमेका र साथीभाईसँग काम गरेका कुराहरूको बयान गरिएको छ ।

‘चन्द्रवदन’ कवितामा कविका प्रेमप्रणयसँग सम्बन्धित मायाप्रीतिका कुराहरू बताइएको छ ।

‘माया नै माया’ कवितामा मायाको महत्त्वका बारेमा बताइएको छ । माया भन्ने चिज बोक्न उठाउन, समाउन, पिउन, दिन, खोज्न सकिदैन त्यसैले यो अमूल्य चिज हो भनी कवि भन्दछन् ।

‘सृष्टिको गीत’ कवितामा कविले प्रेमिकाको वर्णन गरेका छन् । उनले आफ्नी प्रेमिकालाई गुराँसको फूल जस्ती भन्दै आँखा मृगका जस्ता भनी गुणगान गरेका कुरा प्रस्तुत गरेका छन् ।

‘नासो’ कवितामा पनि कविले आफ्नी प्रेयसीले लगाएका श्रृङ्गारका अनि रूपरङ्गका बारेमा बयान गरिएको छ ।

‘भाग्यरेखा’ कवितामा कविले मायाँप्रीति बसेको नै जुर्दो रहेछ भन्ने कुरा व्यक्त गरेका छन् ।

‘काउकुती’ कवितामा कविले  प्रेमप्रणयसँग सम्बन्धित कुराहरूको बयान गरेका छन्।

‘नौलो’ कवितामा कविले मायाँप्रीति अनि जिन्दगानीका साथै हावापानी, जुनघाम, तनमन सबै नौलो लागेका कुरा व्यक्त गरेका छन् ।

‘बाला’ कवितामा कविले आफ्नी प्रेयसीलाई सधै हाँसीखुशीभइ मुस्कुराइसँगै हिडेको, बसेको देख्न चाहेका कुरा व्यक्त गरेका छन् ।

'स्वागत' कवितामा कविले आफ्नी प्रेमीकालाई आफ्नो गाउँको झुपडी घरमै स्वागत गरेका र उनलाई खुशी हुन आग्रह गरेका कुरा बताइएको छ ।

'प्रेमको माला' कवितामा कविले आफ्नो प्रेमलाई सफल बनाइ प्रेमिकाकासाथ चन्द्रमालाई साक्षीराखी विहे गरेका कुराहरूको बयान गरिएको छ । प्रेमको अगाडि जतिसुकै वाधाव्यवधानहरू आए पनि त्यसलाई पन्छाएर अगाडि बढ्ने कवि साहसी भएका कुरा बताइएको छ ।

**५.२.२.२ भाव**

कवि नारदमणि पौड्यालका कवितामा विविध किसिमका भावहरू अन्तर्निहित भएका छन् । उनका कविताहरूमा मूलत देशप्रेम, पुर्ख्यौली महिमागान, प्रकृतिप्रतिको प्रेम जन्मथलोप्रतिको ममता विद्रोहमिश्रित मानवतावादी स्वर, सहिदप्रतिको आस्था अनि शान्तिको कामनाका भावहरू मुखरित भएको पाइन्छ ।

नारदमणि पौड्यालको **म भित्र यसरी बोल्छ** कविता संग्रहका सम्बन्धमा विभिन्न व्यक्तित्वहरूबाट व्यक्त गरिएका समीक्षाहरू यसप्रकार छन् ।

यस सङ्ग्रहका कवितामा जीवनजगत प्रतिको जागरुकता र भविष्य प्रतिको दुःख दर्दले आकान्त वर्तमान राष्ट्रिय जनसन्दर्भ प्रतिका सहानुभुति भाव, सामाजिक, हत्याहिंशा अशान्ति तथा राजनैतिक विसङ्गतिप्रतिको व्यङग्यात्मकता मुख्य रूपमा झल्किन पुगेका छन् । *(त्रिपाठी, २०६२ :४९)*

त्यसैगरी प्रस्तुत सङ्ग्रहका बारेमा डा. कृष्णप्रसाद भट्टराईद्वारा 'विचार विम्ब' शीर्षकमा समीक्षा प्रस्तुत गरिएको छ । कवि नारदका रचनाहरूले सत्यम् शिवम् सुन्दरम्को सङ्कल्प प्रवाहित गर्ने प्रयासमा आफूलाई अनुप्राणित गरेका छन् । प्रस्तुत सङ्ग्रहका रचनाहरू स्थिति गत्यात्मक सिर्जनाको रूपमा

प्रस्तुत भएका छन् । त्यसैले पनि रचनाहरू दीर्घजीवी छन् , गतिला र घतिला छन् ।

प्रस्तुत सङ्ग्रहका कविताका सम्बन्धमा हेमनाथ पौडेलद्वारा गरिएको समीक्षा यसप्रकार छ । उपर्यूक्त सङ्ग्रहका कवितामा मूलत : गाउँप्रतिको मायाँ, जन्मभूमि प्रतिको आस्था देशभक्तिको भावना प्रकृतिप्रेम र आफ्नै जीवन भोगाइका अनुभव र अनूभूतिहरू कविता बनेर आएका छन् भनिएको छ ।

उनको **केही कवि केही कविता** सङ्ग्रहको भूमिकामा कवि मोहन कोइरालाले नारदमणि पौड्याल बान्कीदार र प्रयोगात्मक कविता रच्न मन गर्ने अर्को नाम रहेछ । यथार्थ जीवनको धरातल पैल्याउने काम उनको कवितामा भएको छ भनी उल्लेख गरिएको छ ।

### ५.२.२.३ देशप्रेम

कवि नारदमणि पौड्यालका कतिपय कवितामा देशप्रेमका भावहरू प्रस्तुत भएका छन् । उनका गाउँमाथिको कविता, गीतफुल्ने सरोवर, आफैं बनौं निर्भर, सञ्जीवनी माटोको मूल्य, पानीकै अभिनन्दन, कल्पवृक्ष वन तिमी कवितामा देशप्रेमका भावना प्रस्तुत भएका छन् ।

'गाउँमाथिको कविता' कवितामा देश विकासको मूल आधार नै गाउँ भएको र गाउँ सम्वृद्ध भए देश सम्वृद्ध हुन्छ त्यसैले सारा गाउँको विकास गरेर ऐश्वर्य फैल्याउने भाव व्यक्त भएको छ । यसलाई प्रस्तुत पङक्तिहरूबाट अझ स्पष्ट पार्न सकिन्छ ।

गाउँको संस्कृति बोकी सभ्यता मुस्कुराउँछ ।
गाउँको सृष्टिमा सिङ्गै राष्ट्र नै अङकुराउँछ ॥ *(पृष्ठ १२)*

त्यसैगरी आफैं बनौ निर्भर कवितामा हाम्रो देशका प्राकृतिक धरोहरहरूको सही प्रयोग गरी तिनलाई हामी आफैंले श्रम खर्ची हराभरा र सम्बृद्धशाली बनाएर हामी आत्मनिर्भर बन्नुपर्दछ  भन्ने भाव व्यक्त भएको छ ।

यिन्कै गर्न प्रयोग आज कृषिमा सारा अगाडि सरौं ।

आफ्नै देश बचाई अन्न रसले सम्मान आफैं गरौं ॥ *(पृष्ठ ६)*

उनको माटोको मूल्य कवितामा देशप्रेमका अगाढआस्था प्रस्तुत भएका छन् । माटोको  मूल्य स्वर्ग र देवताभन्दा पनि बढी भएको कुरा उल्लेख गर्दै छहरा, पहरा र ढिस्कोलाई दुख्दा माटोलाई र देशलाई नै दुख्दछ । त्यसैले माटो समाएर सच्चाकर्म गर्ने वाचा गर्न सबैलाई आह्वान गरिएको छ ।

ढिस्को दुख्ता यहाँ दुख्छ देशको मुटु बेसरी ।

देश दुख्ता कहाँ फुल्छन पाखामा गुनकेशरी ॥ *(पृष्ठ १५)*

कवि पौड्यालको “कल्पवृक्ष तिमी वन” कवितामा आफ्ना देशका महत्वपूर्ण फलफूल, अनि बोट वृक्ष आदिका गुणगान र योगदानका बारेमा बयान गरेर अपार देशप्रेमका नमूना अभिव्यक्त गरिएको छ । यी पङ्क्तिहरू हेरौं ।

बेली चमेलीका गुच्छा सुनाखरी मुना मुना ।

लालीगुराँस झै फुल्छौं सृष्टिका नव-सिर्जना ॥ *(पृष्ठ १४)*

यसप्रकार कवि पौड्यालका कवितामा देशप्रेमको भाव व्यक्त भएका छन् ।

### ५.२.२.४ प्रकृति प्रेम

कवि नारदमणि पौड्यालका केही कवितामा प्रकृति प्रेमका भावहरू मुखरित भएको पाइन्छ । उनको ‘म दिन्छु शुभकामना’ कवितामा वसन्तऋतुमा

देखिने प्रकृतिका मनोरम उपहारका बारेमा चर्चा गरिएको छ । यस ऋतुमा रङ्गीचङ्गी फूलहरूमा नयाँनयाँ वास्ना छाएको हुन्छ भने मान्छे यही प्रकृतिको सहारामा बाँचेको हुन्छ । रुखविरुवामा नयाँनयाँ पालुवाले सजिएको हुन्छ । यस ऋतुमा सबै चिजहरू सुन्दर भएर सजिएको देखेर सारा प्राणीहरू खुशीले रमाइरहेका हुन्छन् । प्रकृतिको चित्रण कविले यसरी गरेका छन् ।

ताराहरू फूलेका छन् मुस्कुराएर पल्पल
उज्यालो धर्तीको काख पोको पारेर झल्मल *(पृष्ठ १८)*

कवि पौड्यालको अठोट कवितामा पनि प्रकृतिको चित्रण गरिएको छ । कवि प्रकृतिका अमृतरूपी रसहरू पान गर्दै प्रकृतिमै रमाइरहन मन पराउँछन् ।

जहाँ छ त्यो उच्च हिमाल सुन्दर
उन्मुक्त आकाश त्यही मनोहर
गुराँस फुल्छन ढकमक्क भैकन
डाँफेचरी नाच्दछ त्यो वनैवन । *(पृष्ठ २३)*

यसरी कवि पौड्यालका कवितामा पाइने प्रकृति चित्रणको भाव स्पष्ट पार्न सकिन्छ ।

### ५.२.२.५ लय

कवि नारदमणि पौड्यालका **केही कवि केही कविता** कविता सङ्ग्रहका कविताहरू केही गद्यलयमा आवद्ध छन् भने उनको 'आइमाइ' कविता वर्णमात्रिक शार्दूलबिक्रिडित लयमा लेखिएको छ । कविले गद्यलयमा लेखिएका कविताहरूमा भावअनुरूप नै शव्द र अनुच्छेदको आयोजना गरेका छन् । गद्य कवितामा लयगत सङ्गठनको आयोजनामा कवि स्वतन्त्र हुने भएकाले कविताको बनोट पनि कविका इच्छा अनुरूप नै हुने गर्दछ । कवि पौड्यालका **केही कवि केही कविता** सङ्ग्रहका कवितामा वास्तवमा प्रारव्ध भन्नु प्रतिज्ञा नै

थियो, असारे रोपाई, सहीद इतिहासको मानचित्र बन्छ  कविताहरू गद्यलयमा आवद्ध छन् । कवि पौड्यालका यी कविताहरू गद्य भएपनि  शव्द र वाक्य सङ्गठन चुस्त भएकाले लय सृजनामा एक किसिमको मिठास पाइन्छ । छोटा र छरिता अनि लामा नै भएपनि ती हरफले कवितामा लयात्मक बान्कीको प्रवेश प्रशस्त भएको देख्न पाइन्छ ।

कवि पौड्यालको **मभित्र यसरी बोल्छ** कवितासङ्ग्रह भित्रका कविताहरू वर्णमात्रिक छन्दका विभिन्न लयहरूमा सजिएका छन् । उनका अधिकांश कविताहरू अनुष्टुप छन्दमा आवद्ध छन् भने केही शार्दूलबिक्रीडित, मन्दाक्रान्ता, वंशस्थ, इन्द्रबज्रा र उपेन्द्रबज्रा छन्दमा रचना भएका छन् । 'अनुष्टुप' छन्दका कविताहरूमा लयगतसिद्धि पाइन्छ । यी कविताहरूमा सुन्दर भावना मुखरित भएको पाइन्छ । उनका कविताहरू चुस्त र छोटा अनि लय सृजनामा एक किसिमको मिठास पाइन्छ । कविले अनुभूति र भावलाई व्यक्तगर्न आवश्यकता अनुरूप वर्णहरूको निर्माण गरेका छन् । भावको मिठाससँगै आएका स्वर व्यञ्जन वर्णका आवृतिले पौड्यालका कविता प्रभावकारी र कलात्मक बनेका छन्  यद्यपि कहींकहीं भने छन्दभङ्गको स्थिति पनि पाइन्छ । सुक्तिमयताले भरिएका कलात्मक पङ्क्तिहरूले उनका प्रशस्त कविताहरू सजिएका देख्न पाइन्छ ।

ज्योति हौ तिमी सृष्टिका चहकिला ताराबनी चम्कियौं ।
मोती हौ तिमी धातुमा गहकिला आभा दिइ गम्कियौ ॥
भर्दै पूर्ण घडा खडा रहिरहुन माङगल्यले हुन् धनी ।
तिम्रै चिन्तनमा उनेर सपना फुल्नेछ सञ्जीवनी ॥ *(सञ्जीवनी पृष्ठ ७)*

कवि पौड्यालका "म भित्र यसरी बोल्छ" कविता सङ्ग्रहमा सङ्कलित गीति कविताहरू गीतिलयमा आवद्ध छन् । उनका गीति कविताहरूले पनि

प्रकृति र जीवनका सुन्दरपक्षलाई टिपेर सुन्दर भाव र सन्देश प्रस्तुत गरेका छन् ।

हिमचुली झैं चोखो रहोस तिम्रो हाम्रो माया ।
नपरोस त्यो टेडो आँखा नपरोस त्यो छायाँ ॥
कसको छोरा कसकी छोरी माया बराबरी ।
सँगै बाँच्ने सँगै हाँस्ने के छ लानु मरी ॥ *(चन्दंवदन पृष्ठ ३८)*

उपर्युक्त ढाँचाका सुन्दर गीतिकविताहरू उनका कविता सङ्ग्रहमा संरचित छन् । गीतिकविताहरूले कवि नारदमणि पौड्याललाई गद्यकवि, छन्दोवद्ध कवि मात्र नभएर गीतिकविका रूपमा पनि परिचय गराएका छन् । यस किसिमका विविध उदाहरणहरूबाट भन्न सकिन्छ कविताको लयगत प्रौढता कवि नारदमणि पौड्यालको विशेषता हो ।

### ५.२.२.६ रस

कवि पौड्यालका कवितामा विभिन्न किसिमका रसको प्रयोग भएको छ । उनको केहीकवि **केही कविता कविता** सङ्ग्रहका कवितामा वीररस र शान्तरसको प्रयोग भएको छ भने **मभित्र यसरी बोल्छ** कविता सङ्ग्रहका कवितामा करुण रस, वीभत्सरस, वीररस र श्रृङ्गार रसको परिपाक भएको छ । उत्साह र विद्रोहका भावको प्रस्तुतिमा वीररस, गरिबी तथा दीनहीनताको प्रस्तुतिमा करुणरस विकृतिविसङ्गतिको प्रस्तुतिमा वीभत्स रस र प्रेमप्रणयको प्रस्तुतिमा शान्त रसको उत्पत्ति भएको छ ।

कवि पौड्यालका कतिपय कवितामा करुण रसको प्रयोग भएको छ । 'अन्धो लाग्दैछ कानून' कवितामा हाल देशमा भइरहेको द्वन्दको मारमा परेका निर्दोष जनताको स्थितिको मार्मिक चित्रणमा करुण रस  परिपाक भएको छ । उदाहरणकालागि निम्न पङ्क्तिहरूलाई हेरौं ।

आमा रोइरहेकी छन् छाती पिटेर बेसरी ।

होसै गुमिसकेको छ वावुको झन नराम्ररी ॥

भक्कानो फुटी पग्लन्छ पत्नीको मन पल्पल ।

टुहुराहरूमा देख्छु आँसु टल्पल टल्पल ॥ *(पृष्ठ २६)*

अन्धो लाग्दैछ कानुन कवितामा कविले विभत्स रसको पनि प्रयोग गरेका छन् ।

बग्यो रगतको खोलो थुप्रो खरानीको कति ।

अङ्गभङ्ग भए कयौं रोकिन द्वन्दको गति ॥ *(पृष्ठ २६)*

कवि पौड्यालका कतिपय कवितामा बीररसको प्रयोग भएका श्लोकहरू प्रशस्तै छन् । अन्याय र अत्याचारको विरुद्ध विद्रोहको स्वर प्रकट गर्दा यो रस प्रस्तुत भएको छ । 'मुक्त हो दिव्य जीवनी' कवितामा कवि जस्तो सुकै बाधा अड्चनलाई पनि फुत्काएर विद्रोह गर्न तत्पर रहेको भाव व्यक्त गर्दछन् । यसलाई स्पष्ट पार्न निम्न पंक्तिहरू हेरौं ।

जेलचाहिन्न भत्काऊ नेल भाँच धमाधम ।

म मान्छे मुक्तिको पैलो सृष्टिको नव आदम ॥

म यो धर्ती रहे सम्म सर्वत्र हिंड्छु छमछम ।

सहन्न अरुको धम्की गाली बेइज्जतीको बम ॥ -पृष्ठ २७ )

उनका गीतिकवितामा श्रृङ्गार रसको प्रयोग भएका छन् । खासगरी उनका धेरै जसो गीतिकविताहरूमा प्रेमप्रणयका भावहरू प्रस्तुत भएका छन् । यसलाई निम्न पङक्तिबाट स्पष्ट पार्न सकिन्छ ।

दुईखोलाको दोभानको संगम कस्तो हुन्छ ।

दुइटा मुटु एउटा धड्कन धड्के जस्तो हुन्छ ॥

दुइटा ओठ एउटा बन्छन् यौटै दुवै दन्त ।

सत्ये सत्ये धरोधर्म मन जाँदैन अन्त ॥ *(जिन्दगीको पाटो पृष्ठ ३६)*

माथिका उदाहरणहरूबाट के स्पष्ट हुन्छ भने कवि नारदमणि पौड्यालका कवितामा विविध रसहरू परिपाक भएका छन् ।

### ५.२.२.७ शैली–शिल्प

कवि नारदमणि पौड्यालका कवितामा स्वच्छन्दतावादी भाव र परिष्कारवादी शैली पाइन्छ । त्यस्तै उनी विषय, भाव, संरचना, रस अलङकार तथा विम्व र प्रतीकको समन्वयात्मक आयोजना गरी कलात्मक बान्की र शिल्पकारिताको संयोजन गर्ने कविका रूपमा देखिन्छन् । कविता लेखनका क्रममा आन्तरिक तथा बाह्य दुवै रूपमा कवितालाई सजाइ नवीन शैली शिल्पको संयोजनतर्फ कविले विशेष ध्यान दिएको पाइन्छ ।

कविताका बनोट र बुनोटमा विशेष सजगता अपनाई चमत्कारी अभिव्यक्ति सिर्जना गर्नमा कवि सर्तक भएका छन् । उनका कतिपय कवितामा शैली र शिल्पको मनोहारिताले कवितात्मक सङ्गठन सुरुचिपूर्ण बनेको छ । पौड्यालका कवितामा राष्ट्रिय जनसन्दर्भ प्रतिका सहानुभूतिभाव, सामाजिक हत्या, हिंसा, अशान्ति तथा राजनैतिक विसङ्गतिप्रतिको व्यङग्यात्मकताका भावहरू पाइन्छ ।

उनका कविताले प्रकृतिको चित्रण गर्दै स्वच्छन्दतावादी शैलीलाई पछ्याएका छन् । यसलाई निम्न पङ्क्तिमा हेरौं ।

जहाँ छ त्यो उच्च हिमाल सुन्दर ।

उन्मूक्त आकाश त्यही मनोहर ॥

गुराँस फुल्छन् ढकमक्क भैकन ।

डाँफेचरी नाच्दछ त्यो वनैवन ॥

आशा सुनौला मनमा सँगाली ।
उर्जा हुरी पत्थर त्यो पगाली ॥
हिमालकै अमृत खोजी ब्यूँतछु ।
यैमृत्तिका भित्र सँधै म ज्यूँदछु ॥ *(पृष्ठ २३)*

कवि पौड्यालका कविता विषयगत सरलता र सहजताले बोधगम्य पनि छन् । बिम्ब र अलङ्कारको प्रयोगले अभिव्यक्तिको विचित्रता स्थापित भएको छ । त्यस्तै रसभावको परिपाक र विन्यास सन्तुलित बनेको छ । यसप्रकार उनका समग्र कविताहरूको अध्यनबाट के निष्कर्ष निस्किन्छ भने कवि नारदका कविता उच्च गुणस्तर र कवितात्मक मूल्य प्रचुर मात्रामा भएकाले नेपाली साहित्यलाई प्रदान गरी महत्वपूर्ण देन दिएका छन् ।

### ५.२.२.८ निष्कर्ष

नारदमणि पौड्यालका कविता सङ्ग्रहरू **केही कवि केही कविता** (२०४३) र **मभित्र यसरी बोल्छ** (२०६२) हुन् । उनको पहिलो कविता सङ्ग्रह १० जना कविहरूको सहलेखनमा संयुक्त प्रकाशित कविता सङ्ग्रह हो भने **मभित्र यसरी बोल्छ** एकल सङ्ग्रह हो ।

**केही कवि केही कविता**मा रहेका चारवटा कविताहरू सङ्कलित छन् भने मभित्र यसरी बोल्छ कविता सङ्ग्रहमा ४५ वटा कविताहरू सङ्कलित छन् ।

कवि पौड्यालका यी कविताहरूमा विभिन्न किसिमका भावहरू मुखरित भएका छन् । उनका कवितामा देशप्रेम, पुर्ख्यौली महिमागान, प्रकृतिप्रेम, सहिदप्रतिको आस्था, अनि शान्तिको कामनाका भावहरू प्रकट भएका छन् भने यिनमा विविध रसको पनि सफल प्रयोग भएको छ । उनका कुनै कवितामा वीररस र शान्तरस अनि करुण रस पाइन्छ, भने कुनै कवितामा वीभत्स रस र श्रृङगार रसको पनि परिपाक भएको पाइन्छ ।

### ५.२.३ 'कोमल शोक काव्य' को अध्ययन

### ५.२.३.१ परिचय

साहित्यकार नारदमणि पौड्यालले कविताका क्षेत्रमा वि.सं. २०४० सालबाट पाइला चालेका हुन । उनका ५ दर्जन भन्दा बढी कविताहरू प्रकाशित भइसकेको छ । उनको प्रकाशित काव्य **कोमल शोक काव्य** (२०६३) हो । यसमा १६ भाग रहेका छन् । यो शोककाव्य सानो भए पनि मर्मस्पर्शी र सरल एवम् सरसपूर्ण रहेको छ ।

### ५.२.३.२ विषयवस्तु

साहित्यकार पौड्यालको आफ्नी सासु कोमलकुमारी दाहालको असामयिक मृत्युको शोकाकुल परिस्थितिलाई आधार बनाएर त्यसबेलाको शोक र पीडालाई प्रस्तुत काव्यमा व्यक्त गरिएको छ । यसमा एक देखि सोह्र भाग रहेका छन् । यसमा एक-प्रारम्भ, दुई -घटना, तीन-पर्वतकीचरी, चार-चीर निद्रा, पाँच-स्वर्गयात्रा, छ-ब्रहमलीला, सात-अतीतको संझना आठ-अन्त्यदर्शन, नौ-घाटबाट, दश-प्रार्थना, एघार-पृष्ठभूमि, बाह्र-संझनाको दियो, तेह्र-मृत्युसत्य, चौध-वसुन्धरा, पन्ध्र-उपवास र सोह्र-पितृलोक रहेका छन् ।

पहिलो भागमा 'प्रारम्भ' शीर्षक रहेको छ । यसमा लेखककी सासु आमा अर्थात कोमल कुमारी बैसट्ठी साल कार्तिक एकादशीको शुक्रवारका दिन घरबाट बिरामी भेट्न भनी हातमा दूध बोकेर निस्केको घटना उल्लेख गरिएको छ । तर उनी घर नफर्केको हुँदा सबैजना आश्चर्य चकित र चिन्तित भएका अनि कोमल कुमारीलाई गाडीले ठक्कर दिएर मूर्छित पारेको कुरा बताइएको छ ।

दोस्रो भागमा 'घटना' शीर्षक रहेको छ । यसमा कोमल कुमारीलाई गाडीले ठक्कर दिएपछि अज्ञात व्यक्तिले अस्पताल पुऱ्याए पनि राम्रो उपचार

नभएकाले मृत्युवरण गर्नु परेका कुराहरू बताइएको छ । सबैले यो संसार एकनएक दिन छाड्नै पर्ने कुरा उल्लेख गरिएको छ ।

तीन भागमा 'पर्वतकी चरी' शीर्षक रहेको छ । यसमा कोमल कुमारीको इहलिला समाप्त हुँदा कोही नभएकाले अन्तिम अवस्थाका कर्महरू केहीपनि गर्न नपाएका कुराहरू बताइएको छ ।

चारभागमा 'चीरनिद्रा' शीर्षकरहेको छ । कोमल कुमारी लेकबाट बेसी हुदै तराईतिर बसाइँ सरेर सुनसरीको बौकामा आई बसेकी र उनले घरपरिवारमा असल छोरी, बुहारी र आमा अनि सासु र हजुरआमाको भूमिका खेलेका कुराहरू बताइएको छ ।

पाँच भागमा 'स्वर्गयात्रा' शीर्षक रहेको छ । यसमा सबैजना कोमल कुमारी हराएकोमा चिन्तित भइबसेका बेलामा तीनदिनपछि उनको लास घरमा ल्याइएको कुराको बयान गरिएको छ । यसमा यस्तो बेलाको शोकाकूल परिस्थितिको चर्चा गरिएको छ ।

छ भागमा 'ब्रहमलीला' शीर्षकको रहेको छ । यसमा कोमल कुमारीको लास अन्तिम संस्कार कर्म गर्दै घाटतर्फ लगिएका बखतका कुराहरू उल्लेख गरिएको छ ।

सात भागमा 'अतीतको सम्भना' शीर्षक रहेको छ । यसमा काव्यकारले कोमल कुमारी आमा भएका बेला उनले आफ्ना सन्तान प्रति गरेका कार्यहरूका बारेमा बताइएको छ ।

आठ भागमा 'अन्त्यदर्शन' शीर्षक रहेको छ । यसमा कोमलकुमारीको लास अन्तिम संस्कारका लागि घरबाट घाटतर्फ लगेर अन्त्यकर्म गरेका कुरा बताइएको छ । कोमल कुमारीको दर्शन अन्तिमपटक गरेर लास बिसर्जन गरेका कुरा बताइएको छ ।

भाग नौ मा 'घाटबाट' शीर्षक रहेको छ । यसमा कोमल कुमारीको देह पनि केही समयमै यस संसारबाट सिद्धिएको र त्यहा छोराले गर्नुपर्ने कर्मका बारेमा वर्णन गरिएको छ ।

भाग दशमा 'प्रार्थना' शीर्षक रहेको छ । यहाँ कोमल कुमारीको लास विसर्जन गरी घर फर्कदा उनी नभएकाले घरमा भएको शुन्य अवस्था र आमाको आत्माले शान्ति पाओस भनी परिवारले गरेका प्रार्थनाका बारेमा बताइएको छ ।

भाग एघारमा 'पृष्ठभूमि' शीर्षक रहेको छ यसमा कोमल कुमारीका बुवा आमा र जन्मथलो सल्यानको केउरेनी भएको र कर्मथलो ओखलढुङ्गाको विगुटार भएका कुराका साथै उनका असल कर्मका बारेमा पनि बयान गरिएको छ ।

भाग बाह्रमा 'सम्झनाको दियो' शीर्षक रहेको छ । कोमलकुमारीको अन्तिम क्रियाका लागि छोरा बुहारीले गरेका कर्मका बारेमा बताइएको छ ।

तेह्र भागमा 'मृत्युसत्य' शीर्षक रहेको छ । यसमा कोमल कुमारीको पितृयोनी भएकाले उनी बैकुण्ठमा होलिन् भन्ने विश्वास गरिएको छ । तर वैकुण्ठ पुगेर कोही नफर्केका कुरा पनि बताइएको छ ।

चौध भागमा 'बसुन्धरा' शीर्षक रहेको छ । यसमा लेखकको ससुराली घर विगुटारको बारेमा बताइएको छ । बिगुटार सबैथोकले भरिपूर्ण अर्थात दही दूधका लागि गाईभैंसी, अन्नका लागि धान मकै, खसीबाखाका बथान, परेवाका गुँड भरिभराउ भएका अनि आरु स्याऊ नास्पाती, सुन्तला तरुल, पिडालु र वनसमेत ऐसेलुले भरिभराऊ भएका कुरा बताइएको छ । यस्तो सुन्दर गाउँ छाडेर कोमल कुमारीका परिवारहरू बसाइँ सरेका कुरा पनि बताइएको छ ।

पन्ध्रभागमा 'उपवास' शीर्षक रहेको छ । यसमा लेखकका ससुरा देवीप्रसादलगायत धेरै गाउँलेहरू बिगुटारबाट ईटहरीको बौकामा बसाइ सरेर त्यहाँ आनन्दित जीवन बिताएका तर आज कोमल कुमारीको अभावले उनका श्रीमान एक्लै भएको कुरा  बताएको छ । कोमल कुमारी उपवास बसेकै दिन उनको दुर्घटना भएकाले उनको व्रत अपूर्ण भएको पूर्ण गर्ने अवसर नपाएको भनी गुनासो गर्नुको साथै उनलाई स्वर्गबाट उनको गाउँतर्फ नजर लगाउन आग्रह गरिएको छ ।

सोह्र भागमा 'पितृलोक' शीर्षक रहेको छ । यसमा पितृलोकमा गएपछि शरीर हुँदैन आत्मा मात्र हुन्छ । त्यसैले पितृहरूलाई राम्रोसँग तृप्त र खुशी पार्नुपर्छ । उनीहरूको अन्त्यकर्महरू सबै विधिपूर्वक गरिदिनुपर्छ अनि मात्र पितृहरू पार गर्दछन् भन्ने कुरा उल्लेख गरिएको छ । यसरी यो काव्यका भागहरू समाप्त भएको छ ।

### ५.२.३.३ भाव

काव्यकार पौड्यालको प्रस्तुत काव्यमा विविध किसिमका भावहरू प्रकट भएका छन् । यसमा मूलत : आमाको महिमागान र ईश्वरप्रतिको आस्थाका भाव पाइनुका साथै ग्रामीण परिवेशको चित्रण पनि प्रस्तुत गरिएको पाइन्छ ।

प्रस्तुत काव्यमा आमाको दुःखद मृत्यु पछिका घटनाहरूको बयान गरिएकोले यसमा आमाप्रति अगाढ आस्था व्यक्त गरिएकोछ । 'कोमल कुमारी' काव्यकारकी सासु आमाको दुःखद र पीडादायी मृत्युको वेदनाबाट छटपटी भएर प्रस्तुत काव्यको रचना भएको छ । यसमा 'आमा' भन्नेकुरा  संसारमै अमूल्य भएको र उनी  सृष्टिकर्ता दुःखहर्ता र पालनाकर्ता जस्ता गुणले गर्दा सबैभन्दा महान छिन भन्नेकुरा व्यक्त गरिएको छ । त्यसैले आमाको महिमा ज्यादै ठूलो छ भन्ने कुरा प्रस्तुत काव्यमा व्यक्त गरिएको एउटा उदाहरण हेरौं ।

आमा भन्दा ठूलो अर्को को छ संसारमा भन ?

तिनै आमा गइन् आज नफर्किने गरिकन ॥ *(पृष्ठ ७)*

आमाले आफ्ना सन्तानको सुखका लागि आफूलाई जस्तो सुकै दुःख परेपनि त्यसलाई सहज रूपमा लिएर हरतरहबाट परिश्रम र मेहनत गरिरहेकी हुन्छिन भन्नेकुरा  निम्न पङ्क्तिबाट स्पष्ट हुन्छ ।

आफ्ना सन्ततिका लागि दूग्ध धारा पियाउँथ्यौ ।

भोकै मेटाउनैलाई दश नंग्रा खियाउन्थ्यौ ॥

समाती हातका औला टुकटुक हिंडाउँथ्यौ ।

आफू चिसो तिरै फर्की ओभानोमा सुताँउँथ्यौ ॥ *(पृष्ठ १२)*

पौड्यालको उक्त काव्यमा ईश्वरप्रतिको आस्थाका भावहरू पनि प्रस्तुत भएको छ । प्रस्तुत काव्यकी नायिका कोमलकुमारी एकादशीको दिन ब्रत तथा उपवास बसेका बेलामा बिरामी भेट्न भनी हिडेको देखाउनु ईश्वरप्रतिको भक्ति हो । यसलाई निम्न पंङ्क्तिमा हेरौं ।

बैसठ्ठी साल हेर मैना कार्तिकैको एकादशी ।

बार शुक्र थियो साह्रै जिन्दगी भो महाकसी ॥

हातमा दुध बोकेर बिरामी हेर्दछु भनी ।

आफू भोकै थियौ किन्तु लाग्यौ त्यो तर्हरामनी ॥ *(पृष्ठ १)*

तीर्थव्रत भन्ने कुरा मान्छेले पहिले नै अर्थात उमेर मै गरिसक्नु पर्ने जस्ता ईश्वरप्रति आस्था प्रकट गरिएका कुरा  पनि प्रस्तुत काव्यमा उल्लेख गरिएको छ । यसलाई हेरौं ।

व्रततीर्थादि जो जे छन् बेलैमा गर्नुपर्दछ ।

थाहा हुँदैन हो मृत्यु कैले को मर्नुपर्दछ ॥  *(पृष्ठ ६)*

प्रस्तुत काव्यमा मान्छेको मृत्यु पश्चात ऊ स्वर्गमा नै जाने कुरा पनि उल्लेख गरिएको पाइन्छ । यसमा काव्यकारले आफ्नी सासुआमा यसलोक छाडेपछि स्वर्गलोक नै गएकी छिन् भन्ने कुरा पनि उल्लेख गरेका छन् । यसलाई हेरौं

स्वर्गबाटै उडी आऊ आकाश मार्गले गरी ।

खोली बादलको घुम्टो चियाऊ धर्तीमा झरी ॥ *(पृष्ठ २८)*

प्रस्तुत काव्यमा मान्छेको मृत्युअघि गीता, भागवत जस्ता धार्मिक ग्रन्थहरू पाठ गरेमा मृत्यु पश्चात मूक्त हुने र वैकुण्ठ लोकमा बस्न पाउने जस्ता कुरापनि उल्लेख गरिएको छ ।

गीता भागवतादिका शुभशव्द सुनाउँदा ।

वैकुण्ठ तिरको यात्रा मार्गतर्फ लगाउँदा ॥

लिपी गोवरले चोखो तुलसी मठ मन्दिर ।

ख्वाई अन्तिमको घुट्को तुलसी जल निर्मल ॥ *(पृष्ठ ५)*

प्रस्तुत काव्यमा ग्रामीण जनजीवनको सजिवचित्र प्रस्तुत गरिएको छ । काव्यकारका सासुससुराको गृहस्थाश्रमका बारेमा बयान गर्ने क्रममा ओखलढुङ्गाको बिगुटारको सुन्दर चित्रण गरिएको छ । विगुटार असाध्यै रसिलो र सुन्दर बस्तुभाउ, फलफुल, बगैचा अन्न आदिले भरिपूर्ण ठाउँ भएको कुराको बयान अत्यन्तै सुन्दर ढङ्गले गरिएको छ । यसलाई निम्न पङ्क्तिमा हेरौं ।

थाङग्रा राम्रा मकैका छन् घाम छेल्ने ठूलाकति ।

परेवा घुर्दछन् आई शान्तिका अग्रदूत ती ॥

लटरम्म फलेका छन् ऐसेलु वनमा कति

तरुल घरकै छेउ पिंडालु सुठूनी अति ॥ *(पृष्ठ २५)*

गाउँको चित्र उतार्ने क्रममा विगुटारको परम्परा र संस्कृतिका साथै गाउँले सरल र सहज जीवनको बारेमा पनि बताइएको छ । यसलाई हेरौं

संगिनी खेलिने हुन्थ्यो न्याय इन्साफ पाउँथे ।

शुभकर्म त्यही हुन्थे ग्राम्यवासी रमाउँथे । (पृ.२७)

**५.२.३.४ लय**

काव्यकार पौड्यालको प्रस्तुत काव्य मूलत वर्णमात्रिक छन्दमा रचना भएको छ । उनका अधिकांश कविताहरू अनुष्टुप लयमा रचना भएका छन् । प्रस्तुत काव्य पनि अनुष्टुप लयमा नै रचना भएको छ । उनको प्रस्तुत काव्यका श्लोकमा लयगतसिद्धि पाइन्छ । त्यसैले यिनमा सुन्दर भावना मुखरित भएका छन् । यसका श्लोकहरू पनि चुस्त र छोटा अनि सरल किसिमका छन् । भावमा गम्भीर्यता र लयमा मधुरता उनको रचनाको विशेषता रहेको छ । प्रस्तुत काव्यमा सुंक्तिमय र कलात्मक पङ्क्तिहरू प्रशस्त पाइन्छन् ।

छैन छायाँ यहाँ तिम्रो माया मात्र छ चित्तमा ।

के गरी दिन काट्दैछौ कहाँ छौ कुन वृत्तमा ॥ *(पृष्ठ ४)*

त्यसैले भन्न सकिन्छ नारदमणि पौड्यालको प्रस्तुत काव्यमा लयगत प्रौढता पाइन्छ ।

**५.२.३.५ रस**

पौड्यालको प्रस्तुत काव्यमा विशेषगरी करुण रसको प्रयोग भएको पाइन्छ । शोकमय अवस्थाको प्रस्तुती भएकाले यसमा करुण रसको उत्पत्ति भएको छ ।

काव्यकार पौड्यालको प्रस्तुत काव्य शोककाव्य हो । उनकी ममतामयी सासु आमाको दुःखद निधन भएको सम्पूर्ण वृतान्त पढ्दा मन भक्कानो परेर

आउने किसिमको प्रस्तुती यहाँ गरिएको छ । त्यसैले यो काव्य पढ्दा मनमा दया अथवा करुणाको भाव उत्पन्न हुने भएकाले यसमा करुण रसको प्रयोग भएको छ । यसलाई निम्न पङक्तिमा हेरौं ।

ऐय्या मरे भनी रोयौं करायौं दु :खले कति
आमा कहाँ दु :ख्यो भन्ने पाइनौ पुत्र सम्पत्ति ॥ (पृष्ठ २)

### **५.२.३.६ शैली–शिल्प**

कवि पौड्यालको प्रस्तुत काव्यमा यथार्थवादी तथा स्वच्छन्दतावादी शैली प्रस्तुत भएको छ । त्यसैगरी उनको प्रस्तुत काव्यमा विषय, भाव, संरचना रस अलङ्कार तथा विम्ब र प्रतीकको समन्वयात्मक आयोजना भएको पाइन्छ । उनका प्रस्तुत काव्यका श्लोकहरू आन्तरिक तथा बाह्य दुवै रूपमा पाइन्छन् । उनका धेरैजसो श्लोकहरूमा यथार्थ जीवनको झल्को प्रस्तुत भएको पाइन्छ उनका आफ्नै जीवनले देखेका कुराहरू प्रायः उनका रचनामा पाइने भएकाले प्रस्तुत काव्यमा पनि त्यही कुराहरू देख्न सकिन्छ । यसलाई अझ स्पष्ट पार्न निम्न पङक्तिहरू हेरौं ।

शोकाकुल भएका छन् पति पुत्र सबै यहाँ ।
मूल खम्बा ढलेको छ शाखामूल भयो जहाँ ॥
बेला छैन अबेला भो अबेला नगरीकन ।
घाटतर्फ लैजानु सबैको छ उतै मन ॥

जुटेका छन् सबै आज आफन्तहरू छन् जहाँ ।
दान भन्दा अरु केही जाँदैन साथमा उहाँ ॥
गएका पनि फर्कन्छन् घाटसम्म पुगे जब ।
आमा खोजी रहेका छौं आमा पाउँ कहाँ अब ॥ *(पृष्ठ ९)*

### ५.२.३.७ निष्कर्ष

नारदमणि पौड्यालका चौथो कृतिका रूपमा **कोमल शोक काव्य** (२०६३) रहेको छ । यसको विषयवस्तु कोमल कुमारी (लेखककी सासुआमा) को दुःखद निधनलाई आधार बनाएर तयार पारिएको छ । जसमा १६ भाग रहेका छन् । प्रस्तुत काव्यमा मूलत आमाको महिमागान गाइनुका साथै ग्रामीण परिवेशको चित्रण पनि प्रस्तुत गरिएको छ । यसमा आमा संसारको सृष्टिकर्ता र दुःखहर्ता भएको कुरा देखाइएको छ । प्रस्तुत काव्यमा ग्रामीण जनजीवनको सजिव चित्र प्रस्तुत गरिएको छ । यसै क्रममा काव्यकारले ओखलढुङ्गाको विगुटारको सुन्दर चित्रण गरेका छन् । पौड्यालको प्रस्तुत काव्य अनुष्टुप छन्दमा रचना भएको छ । यसमा भाव गाम्भीयर्ता, लयमा मधुरता पाइन्छ । काव्यको विषय ,भाव, संरचना, रस अलाङ्कार अनि विम्वप्रतीकको समन्वयात्मक आयोजना भएको छ ।

### ५.२.४ 'मणि' गीतिसङ्ग्रहको अध्ययन

### ५.२.४.१ परिचय

नारदमणि पौड्याल नियात्रा, कविता, काव्य तथा गीत विधामा कलम चलाउने व्यक्तित्व हुन् । उनको गीति तर्फको रुचि र झुकावकै कारणबाट उनको ५९ वटा गीतहरूको सङ्ग्रह **मणि** २०६३ प्रकाशित भइसकेको छ । प्रस्तुत गीतिसङ्ग्रहको अध्ययन क्रमशः तल प्रस्तुत गरिएको छ ।

### ५.२.४.२ गीतहरूको अध्ययन

प्रस्तुत गीतिसङ्ग्रह **मणि** भित्र ५९ वटा गीतहरू सङ्कलित छन् । यसको प्रकाशन २०६३ साल फल्गुणमा भएको हो । जम्मा ६१ पृष्ठको आयाम भित्र संरचित यस कृतिमा विभिन्न शीर्षकमा लय हालेर गाउन सकिने गीतहरू रहेका छन् । प्रस्तुत सङ्ग्रहभित्र रहेका गीतहरूको क्रमश : संङ्क्षिप्त अध्ययन प्रस्तुत गरिएको छ ।

**आमा**

नारदमणि पौड्यालको गीतिसंङ्ग्रह भित्र रहेका गीतहरूमध्ये पहिलो गीत 'आमा' शीर्षक रहेको छ । यो गीत एक पृष्ठमा संरचित छोटो तर असाध्यै मार्मिक गीत हो । चार पंङ्क्तिको एक अनुच्छेद मिलाइ रचना गरिएको यस गीतमा जम्मा चार अनुच्छेदहरू रहेका छन् । लयहालेर गाउन सकिने भएकाले प्रस्तुत गीत अत्यन्त सुन्दर छ ।

प्रस्तुत गीतमा आमा संसारकै जननी र माया ममताकी खानी भएको कुरा देखाइएको छ । त्यसैले आमालाई जहाँतहीँ सम्झिरहेको कुरा बताइएको छ । तल यसका केही पङ्क्ति प्रस्तुत गरिएको छ ।

रसधारा पग्लिदिन्थ्यौ

अमृतकी खानी

आमा तिमी मनकी देवी

पृथ्वी कि रानी । *(पृष्ठ १)*

**नेपाल**

पौड्यालको गीतिसङ्ग्रहमा संकलित गीतहरू मध्ये दोस्रो गीत 'नेपाल' शीर्षक रहेको छ । यो गीत पनि चारहरफ र चार अनुच्छेदमा संरचित छ । यसमा नेपाल सुन्दर अनि सानो भएपनि विशाल , मेचीदेखि महाकाली अनि वीर नेपाली र उच्च सगरमाथाका साथै स्वयम्भु , पशुपति र लुम्बिनी जस्ता आस्थाका प्रतीक भएकाले नेपाल विशाल छ भन्ने कुरा देखाइएको छ ।यसलाई निम्न पङक्तिमा देखाइएको छ ।

आँखा भरि हिमाल छ

आँखा भरि नेपाल

आफ्नो देश सानुहुन्न

मुटुभरि विशाल -पृ २)

**अर्को बुद्ध**

गीतकार पौड्यालको तेस्रो गीतका रूपमा 'अर्को बुद्ध' रहेको छ । जम्मा १ पृष्ठमा रचित  यस गीतमा चार अनुच्छेदहरू रहेका छन । लयवद्ध रूपमा संयोजन भएको यस गीतमा बुद्धको महिमाका बारेमा बताइएको छ । यसमा बुद्धले अहिंसाको उपदेश दिएका ज्ञानको सच्चा पाठ पढाइ हाम्रो देशलाई शान्तिप्रियदेश भनेर संसारमा चिनाउने काम गरेकाले उनी अमर भएका कुराहरू देखाइएको छ ।

अजय यो अमर हो

हुरी बतासमाझ

यौटै छ विश्व तारा

चम्किरहेछ आज । *(पृष्ठ ४)*

**सगरमाथा**

नारदमणि पौड्यालको गीतिसङ्ग्रहको चौथो गीतकारूपमा 'सगरमाथा' शीर्षक रहेको छ । जम्मा १ पृष्ठमा रचित यस गीतमा पाँच अनुच्छेदहरू रहेका छन् । यसमा सगरमाथा हाम्रो देशको श्रीपेच भएकाले यसले हाम्रो देशको गौरव विश्वसामु बढाएको कुराको उल्लेख गरिएको छ । यसलाई निम्न पङ्क्तिमा हेरौं ।

यो देशको बिहानी

नेपालको छ गाथा

यो राष्ट्रको मुकुट हो

हाम्रो यो  सगरमाथा *(पृष्ठ ५)*

**माटो**

**मणि** गीति सङ्ग्रह भित्रका पाँचौ गीतका रूपमा 'माटो' शीर्षक रहेको छ । जम्मा १ पृष्ठमा रचित प्रस्तुत गीतमा पाँच अनुच्छेदहरू रहेका छन् । यसमा माटोको महिमा गान गरिएको छ । यसलाई निम्न पङक्तिमा हेरौं ।

पहाडको भित्तो फोरी
तराईमा घुमी
माटो भित्रै फैलिदिन्छु
हिमशिखरलाई चुमी
भएपुग्छ यताउता
यो देशको माटो
साटौ भन्दा भेटिएन
माटोको त्यो साटो *(पृष्ठ ५)*

**मानचित्र**

**मणि** गीतिसङ्ग्रहमा रहेका गीतहरू मध्ये छैटौँ गीतका रूपमा 'मानचित्र' शीर्षक रहेको छ । जम्मा एक पृष्टमा रचित प्रस्तुत गीतमा पाँच अनुच्छेदहरू रहेकाछन् यसमा गाउँका दीन, दुःखी जनताका लागि गाउँमै बसेर विकासको फूलफूलाउन आहवान गरिएको छ । यसलाई यसरी हेरौं,

अक्षरहरू साक्षर वन
निरक्षरता माझ
झोपडीमा चेतनाका
बत्ती बलुन साँझ ।

गाउँ जाउ दुखेका ती

मनहरू समाऊँ

घाउहरू चहराइसके

महलमपट्टी लाऊ । *(पृष्ठ ६)*

**पानी**

**मणि** गीतिसङ्ग्रहमा सङकलित गीतहरूमा 'पानी' सातौ गीत रहेको छ । जम्मा १ पृष्ठमा रचित प्रस्तुत गीतमा चार अनुच्छेदहरू रहेका छन् । यसमा पानीको महिमाका बारेमा उल्लेख गरिएको छ । यसलाई स्पष्टपार्न निम्न पङ्क्तिहरू हेरौं ।

प्राणीको यो ढुकढुकी हो

प्राण धान्ने पानी

सगर छुँदै हिमाल हुँदै

सागर बन्छ पानी । *(पृष्ठ ७)*

**हिमचुलीको देश**

**मणि** गीतिसङ्ग्रह भित्र संरचित आठौं गीतका रूपमा हिमचुलीको देश शीर्षकको गीत रहेको छ । जम्मा एकपृष्ठमा संरचित प्रस्तुत गीतमा पाँच अनुच्छेद रहेका छन् । यसमा हाम्रो देश हिमचुली भएको देश भएकाले यसले हाम्रो देशको गौरव बढाएको कुरा बताइएको  छ । यसलाई निम्न पङक्तिमा हेरौं ।

हिमचुलीको देश मेरो

हिउँ परे जस्तो

माथितिर चिसो चिसो

तलतिर कस्तो

श्रमसीप जाँगरले

पौरखी भै खाको

विश्व सामु वीरताको

इतिहास गाको । *(पृष्ठ ८)*

**जन्मदिन**

**मणि** गीतिसङ्ग्रह भित्र नवौं गीतका रूपमा ‘जन्मदिन’ शीर्षकको गीत रहेको छ । एक पृष्ठमा रचित प्रस्तुत गीतमा चार अनुच्छेद रहेका छन् । यस गीतमा जन्मदिनको अवसरमा शुभआर्शिवाद दिएका कुराहरू बताइएको छ ।

यसलाई निम्न पङ्क्तिमा हेरौं ।

सधैं सधैं आइरहोस्

जन्मदिनको साँझ

हाँस्ने खेल्ने दिन हो यो

नाँचौ गाउँ आज । *(पृष्ठ ९)*

**आँखा**

**मणि** गीतिसङ्ग्रहको दशौं गीतका रूपमा ‘आँखा’ शीर्षकको गीत रहेको छ । एक पृष्ठमा रचित प्रस्तुत गीतमा तीन अनुच्छेदहरू रहेका छन् । प्रस्तुत गीतमा आँखाको महत्वको बारेमा बताइएको छ । यसलाई निम्न पङ्क्तिमा हेरौं ।

सृष्टिको यो उपहार

दिव्य दृष्टि हाम्रो

संसारमा अरु के छ

आँखा भन्दा राम्रो *(पृष्ठ १०)*

मृत्यु शैयाबाटै हुन्छ

यो आँखाको दान

यति ठूलो  संसारमा अरु के छ भन ? *(पृष्ठ १०)*

**जीवनयात्रा**

**मणि** गीतिसङ्ग्रह भित्र सङ्कलित एघारौं गीतका रूपमा 'जीवनयात्रा' शीर्षक रहेको छ । एक पृष्ठमा रचित प्रस्तुत गीतमा चार अनुच्छेद रहेका छन् । प्रस्तुत गीतमा गीतकारका आफ्नै जीवन यात्राको बारेमा बताइएको छ । यसलाई निम्न पङक्तिले स्पष्ट पार्न सकिन्छ ।

एकान्तमा मीठो लाग्छ

सपनीको रात

जीवनयात्रा चलिरहोस

तिम्रो हाम्रो साथ । *(पृष्ठ ११)*

**म त नदी**

नारदमणी पौड्यालको **मणि** गीति सङ्ग्रह भित्र सङ्कलित बाह्रौ गीतका रूपमा 'म त नदी' शीर्षकको गीत रहेको छ । एक पृष्ठमा रचित प्रस्तुत गीतमा चार अनुच्छेद रहेका छन् । प्रस्तुत गीतमा माया प्रीतिका कुराहरूको बारेमा बताइएको छ । यसलाई निम्न पङक्तिमा हेरौं

रुँदा पनि नरो भन्ने

अरु कोही छैन

मनको चौटा कोठाभित्र

कति छैन चैन । *(पृष्ठ १२)*

**धेरै माया साँचौ**

**मणि** गीतिसंङ्ग्रह भित्र संरचित तेह्रौ गीतका रूपमा 'धेरै मायाँ साँचौं' शीर्षक रहेको छ । एक पृष्ठमा रचित उक्त गीतमा तीन अनुच्छेद  रहेका छन् । यसमा पनि जीवनसँगिनी र मायाप्रीतिका बारेमा बताइएको छ । यसलाई निम्न पङ्क्तिमा हेरौ ।

पछ्यौरीको सप्को भित्र

लुकाएको रात

पिरतीको आँगनमा

समातेको हात  । *(पृष्ठ १३)*

**मुस्कुरायो**

**मणि** गीति सङ्ग्रह भित्र संरचित चौधौँ गीतका रूपमा 'मुस्कुरायो' शीर्षकको गीत रहेको छ । एक पृष्ठमा संरचित उक्त गीतमा तीन अनुच्छेद रहेका छन् । यसमा पनि मायाप्रीतिका बारेमा बताउँदै मनफाटे पछि जोडिन नसक्ने कुरा उल्लेख गरिएको छ । यसलाई निम्न पङक्तिमा हेरौं

त्यसै त्यसै दुखिदिन्छ

चर्किएर मन

फुटेपछि नजोडिने

हुन्छ यस्तो किन । *(पृष्ठ १४)*

**यौटा थियो**

**मणि** गीतिसङ्ग्रह भित्र संरचित चौधौ गीतका रूपमा 'यौटा थियो' शीर्षक रहेको छ । एक पृष्ठमा रचित उक्त गीतमा चार अनुच्छेद रहेका छन् ।

यसमा परदेश गएका आफ्ना श्रीमानलाई श्रीमतिले आफ्नो बालापन र मातृभूमि सम्भिmएर घर फर्कन अनुरोध गरिएको छ । यसलाई निम्न पङक्तिमा हेरौं ।

मुटुभित्र काँडा बिभ्यो

कसले निकाल्छ र ?

मातृभूमि संभिmएर

कैले आउँछौ घर *(पृष्ठ १५)*

**पर्खीबसें**

**मणि** गीतिसङ्ग्रह भित्र संरचित सोह्रौं गीतका रूपमा 'पर्खीबसे' शीर्षकको गीत रहेको छ । एक पृष्ठमा संरचित प्रस्तुत गीतमा पाँच अनुच्छेद रहेका छन् । यसमा गीतकारले मायाप्रीतिका लागि चौतारीमा पर्खिरहेका कुराहरू बताइएको छ । यसलाई स्पष्ट पार्न निम्न पङ्क्ति हेरौं ।

पर्खीबसें चौतारीमा

बाटो हेरिकन

मनको ढोका उघारेर

आउँछ्यौ कि भन *(पृष्ठ १६)*

**सुखदेखि**

**मणि** गीति सङ्ग्रह भित्र संङ्कलित सत्रौं गीतका रूपमा 'सुखदेखि' शीर्षकको गीत रहेको छ । एक पृष्ठमा रचित उक्त गीतमा चार अनुच्छेद रहेका छन् । यसमा सुखमा मात्र मान्छे आफ्ना हुन्छन् दु :खमा कोही हुँदैनन् भन्ने मान्छेको स्वार्थी प्रवृतिको बारेमा बताइएको छ । यसलाई स्पष्ट पार्न केही पङ्क्ति हेरौं ।

सुखभए सबै आफ्ना

मान्छे भए स्वार्थी

ज्ञानी गुनी दु : खीबाट

कसले सुन्छ अर्ती । *(पृष्ठ १७)*

**नानीदेखी**

**मणि** गीतिसङ्ग्रह भित्र सङ्कलित अठारौं गीतका रूपमा 'नानीदेखि' शीर्षकको गीत रहेको छ । एक पृष्ठमा रचित उक्त गीतमा तीन अनुच्छेदहरू रहेका छन् । यसमा गीतकारका आफ्नै सुख, दुःख र मायाप्रीतिका बारेमा बताइएको छ । यसलाई निम्न पङ्क्तिमा हेरौं ।

नानीदेखि बानी लाग्यो दु :खहरू झेली रह्यो

मनै त हो दु : ख सुख भित्र भित्रै खेली रह्यो

मायाप्रीति किस्ताबन्दी अलिअलि बस्तै गयो

आयो गयो माया मोह मनको गाँठो कस्तै गयो । *(पृष्ठ १८)*

**आजै राति**

**मणि** गीतिसङ्ग्रह भित्र सङ्कलित उन्नाइसौं गीतका रूपमा 'आजैराति' शीर्षकको गीत रहेको छ । एक पृष्ठमा रचित उक्त गीतमा चार अनुच्छेद रहेका छन् । लयात्मक रूपमा रचित उक्त गीतमा गीतकारका आफ्नै मनका र मायाप्रीतिका कुराहरूलाई समेटिएको छ । यसलाई स्पष्ट पार्न निम्न पङ्क्तिहरू हेरौँ ।

आजै राति सपनीमा देख्न पाए हुन्थ्यो

तिम्रा मनका कथाहरू लेख्न पाए हुन्थ्यो *(पृष्ठ १९)*

**मेरो माया**

**मणि** गीतिसङ्ग्रह भित्र सङकलित बिसौँ गीतका रूपमा 'मेरोमाया' शीर्षकको गीत रहेको छ । एक पृष्ठमा रचित उक्त गीतमा सात अनुच्छेद रहेका छन् । यसमा गीतकार आफ्नो माया प्रेमका बारेमा यसरी आफ्नो भाव व्यक्त गर्दछन् ।

हिमचुलीको हिउँ पग्लेर

खडेरीमा आए जस्तो

मेरो माया यस्तो छ है

तिम्रो माया कस्तो

उकालीमा भेटिएको

वरपीपलको छाँया जस्तो *(पृष्ठ २०)*

**तिम्रो मनमा**

**मणि** गीतिसङ्ग्रह भित्र संरचित एक्काइसौँ गीतका रूपमा 'तिम्रो मनमा' गीत रहेको छ । जसमा तीन अनुच्छेदहरू रहेकाछन् भने एक पृष्ठमा रचना गरिएको छ । यसमा गीतकारका मायाप्रीतिका बारेमा बताइएको छ । यसलाई निम्न पङ्क्तिले स्पष्ट पार्न सकिन्छ ।

तिम्रो मनमा बास बस्थें

लुकाइदिए हुन्थ्यो

धोको मेट्न मनको पोको

फुकाइदिए हुन्थ्यो

हेरिरहुँ जस्तो लाग्ने

कलकलाउँदो जोवन

बेरिरहुँ जस्तो लाग्ने

मुटुभित्र त्यो मन *(पृष्ठ २१)*

**भाग्य**

**मणि** गीतिसङ्ग्रह भित्र संरचित बाइसौं गीतका रूपमा 'भाग्य' शीर्षकको गीत रहेको छ । एक पृष्ठमा रचित उक्त गीतमा चार  अनुच्छेदहरू रहेका छन् । यसमा मान्छेका कर्म अनुसारका भाग्य हुनेकुरा बताइएको छ ।

यसलाई निम्न पङ्क्तिमा हेरौं ।

उसको पनि धर्ती हो यो

जसको गोडा छैन

भाग्य हो कि कर्म खोटो

मनमा छैन चैन *(पृष्ठ २२)*

**भोलि**

**मणि** गीतिसङ्ग्रह भित्र सङकलित तेइसौं गीतका रूपमा 'भोलि' शीर्षकको गीत रहेको छ । एक पृष्ठमा रचित उक्त गीतमा तीन अनुच्छेद रहेका छन् । यसमा मान्छेको जीवन र कर्कलाको पानी उस्तै भएको कुरा बताइएको छ ।

हेरौं केही पङ्क्ति ।

यो धुक्धुकी केही छैन

कर्कलाको पानी

घाम   लाग्दा  सुकिजाने

कस्तो जिन्दगी  । *(पृष्ठ २३)*

**निशानी**

**मणि** गीतिसङ्ग्रह भित्र सङकलित चैबिसौँ गीतका रूपमा 'निशानी' गीत रहेको छ । यसमा पाँच अनुच्छेद रहेका छन् । एक पृष्ठमा रचित उक्त गीतमा माया प्रीतिका बारेमा  बयान गरिएको छ । यसलाई निम्न पङ्क्तिमा हेरौं ।

विवश छु म आफैं भनू म के ऐले

सबै बिर्सी सम्झे तिमीलाई पैंले *(पृष्ठ २४)*

**लोकतन्त्र**

**मणि** गीतिसङ्ग्रह भित्र सङक्लित रहेका गीत मध्ये पच्चिसौं गीत 'लोकतन्त्र' रहेको छ । एक पृष्ठमा रचित उक्त गीतमा चार अनुच्छेद रहेका छन् । यसमा नेपालमा लोकतन्त्र ल्याउनका लागि सबै नेपालीको योगदान रहेको कुरा यहां उल्लेख गर्दै लयात्मक रूपमा प्रस्तुत गीतको रचना गरिएको छ । यसलाई स्पष्ट पार्न निम्न पङ्क्ति हेरौं ।

मधेश पहाड सबै एकै

बग्यो रगत धारा

सार्वभौम भइ छाडे

अग्रगामी नारा *(पृष्ठ २५)*

नयाँ नेपाल निर्माणमा

एकै भई जुटे

गाउँ शहर तराई पहाड

सबै संगै उठे । *(पृष्ठ २५)*

**मायागर**

**मणि** गीतिसङ्ग्रह भित्र रहेका गीतहरूमध्ये 'माया गर' शीर्षकको गीत छव्विसौं गीत हो । एक पृष्ठमा रचित उक्त गीतमा चार अनुच्छेद रहेका छन् । यसमा मायाप्रीतिका कुराहरू बडो आकर्षक शैलीमा प्रस्तुत गरिएको छ । यसलाई निम्नमा पङ्क्ति हेरौं ।

त्यसै पनि छोटो छ है
जीवनको मेल
जीवनभन्दा छोटो हुन्छ
जवानीको भेलल *(पृष्ठ २६)*

**दुलही**

**मणि** गीतिसङ्ग्रह भित्र संरचित सत्ताइसौं गीतका रूपमा 'दुलही' रहेको छ । एकै पृष्ठमा रचित उक्त गीतमा चार अनुच्छेद रहेका छन् । यसमा छोरीको कर्तव्यका बारेमा बताइएको छ । यसलाई निम्न पङ्क्तिमा हेरौं ।

मनभित्र भित्र्याउँथ्यौं
घरकी लक्ष्मी जानी
विश्वास बोकी अघि बढ्नु
कर्मपूजा ठानी *(पृष्ठ २७)*

**सपनी**

गीतिसङ्ग्रह **मणि** भित्र रहेका गीत मध्ये अट्ठाइसौं गीतका रूपमा अत्यन्तै छोटो तर मीठो गीत 'सपनी' रहेको छ । एकपृष्ठको पनि आधा भागमा रचित प्रस्तुत गीतमा तीन अनुच्छेद मात्र रहेका छन् । यसमा मायाप्रेम भएपछिको विवाहमा जीवनको फूल फुल्ने कुरा बताइएको छ । यसलाई हेरौं ।

दुई मिल्दा आपसमा नयाँ प्रेम खुल्छ

प्रेमपछिको विवाहमा प्रेमको फूल फुल्छ। *(पृष्ठ २८)*

**रङ्गीन साँझ**

**मणि** गीतिसङ्ग्रह भित्र संरचित उनन्तिसौ गीतका रूपमा 'रङगीन साँझ' शीर्षकको गीत रहेको छ । एक पृष्ठमा रचित प्रस्तुत गीतमा तीन अनुच्छेद मात्र रहेका छन् । यसमा प्रेमीकासँगका मायाप्रीतिका कुराहरूको सम्झना गरिएको छ। यसलाई हेरौं

अँगालोको सम्झनाले चिसिएछ रात

मिलनको चाहना त्यो बैसालुका साथ

लोलाउने ठाउँ खोज्दै तिमी सँगै आएँ

पल्पलको तिर्सनामा तिमीलाई पाएँ *(पृष्ठ २९)*

**गाउँ**

**मणि** गीतिसङ्ग्रह भित्र संरचित तिसौं गीतका रूपमा 'गाउ' शीर्षकको गीत रहेको छ। एक पृष्ठमा रचित प्रस्तुत गीतमा आठ अनुच्छेद रहेका छन्। यसमा गीतकार आफ्नै गाउँको माया र  मायाप्रीतिका कुरा यसरी व्यक्त गर्दछन्।

जहाँबाट पाइला चाल्यौं

त्यही मेरो गाउ

मुटुभरी गाउँको मायाँ

तिमी जहाँ थियौं

दुई नजर तिम्रा मेरा

मनपेट सबै दियौ *(पृष्ठ ३०)*

**चुल्बुले**

**मणि** गीतिसङ्ग्रह भित्र संङकलित एकतिसौं गीतको रूपमा 'चुल्बुले' शीर्षकको गीत रहेको छ । एक पृष्ठमा र चित प्रस्तुत गीतमा चार अनुच्छेद रहेका छन् । यसमा मायाप्रीति र आफ्नी प्रेयसीको स्वभावमा कताकता शङ्काको दृष्टिले हेरिएको कुरा देखाइएको छ । यसलाई निम्न पङ्क्तिमा हेरौं ।

लहसियौं अर्कोसित

बिर्सियौकि आज ?

कतिन्जेल लुकाई बस्छयौ

घुम्टोभित्र लाज । *(पृष्ठ ३१)*

**मणि**

**मणि** गीतिसङ्ग्रह भित्र संरचित बत्तिसौं गीतका रूपमा 'मणि' शीर्षककै गीत रहेको छ । मणि गीतको नामबाटै प्रस्तुत सङ्ग्रहको पनि नामाकरण गरिएको देखिन्छ । एक पृष्ठमा रचित प्रस्तुत गीतमा तीन अनुच्छेद रहेका छन् । यसमा मणि भन्ने वस्तु अनमोल भएको कुरा बताइएको छ । यसलाई निम्न पङ्क्तिमा हेरौं ।

आकाशको तारा जस्तै

चम्किदिन्छ यहाँ

हिरामोति जस्तो सस्तो

पाइन्छ नै कहाँ *(पृष्ठ ३२)*

**माया**

**मणि** गीतिसङ्ग्रह भित्र संरचित तेत्तिसौं गीतका रूपमा 'माया' शीर्षकको गीत रहेको छ । एक पृष्ठमा रचित उक्त गीतमा चार अनुच्छेद रहेका छन् । यसमा माया भन्नेकुरा छाम्दा, खोज्दा नभेटिने र पिउँदा नसकिने भएको कुरा बताइएको छ । यसलाई निम्न पङ्क्तिमा हेरौं ।

पिई रितिन्न त्यो माया

न त मेटिन्छ प्यास नै

दिइ सकिन्न त्यो माया

बस्छ त्यो आस-आस मै *(पृष्ठ ३३)*

**देखेदेखे जस्तो लाग्छ**

**मणि** गीतिसङ्ग्रह भित्र संरचित चौतिसौं गीतका रूपमा 'देखेदेखे जस्तो लाग्छ' शीर्षकको गीत रहेको छ । एक पृष्ठमा रचित उक्त गीतमा प्रेमिकासँग गरेका कुरा यसमा देखाइएको छ । यसलाई निम्न पङ्क्तिमा हेरौं ।

देखेदेखे जस्तो लाग्छ

चिने चिने जस्तो लाग्छ

भेट हुँदा मेरी माया

भन तिम्लाई कस्तो लाग्छ । *(पृष्ठ ३४)*

**निलो**

**मणि** गीतिसङ्ग्रहमा सङकलित पैतिसौं गीतका रूपमा 'निलो' शीर्षकको गीत रहेको छ । एक पृष्ठमा  रचित उक्त गीतमा तीन अनुच्छेद रहेका छन् । यसमा पनि मायाप्रीतिका बारेमा बताइएको छ । सुन्दर लयमा रचित उक्त गीतका केही नमूना हेरौं ।

तिमी नाचे दिल नाच्छ

रोए दिल रुन्छ

तिम्रै मीठो मुस्कानमा

चन्द्र ओर्ली चुम्छ । *(पृष्ठ ३५)*

**तिमी आधा**

**मणि** गीतिसङ्ग्रहमा सङकलित छत्तिसौं गीतका रूपमा 'तिमी आधा' शीर्षकको गीत रहेको छ । एक पृष्ठमा रचित प्रस्तुत गीतमा तीन अनुच्छेद रहेको छ । यसमा पनि आफ्नी प्रेमिका र आफू दुबैको जीन्दगी र मायाप्रीति बराबर भएको कुरा देखाइएको छ । यसलाई निम्न पङ्क्तिमा हेरौं ।

तिम्रो आधा मेरो आधा

जिन्दगीको पाटो

आधा -आधा हावापानी

आधा ढुङ्गा माटो *(पृष्ठ ३६)*

**सजाउँला दिलको फूल**

**मणि** गीतिसङ्ग्रह भित्र संरचित सैतिसौं गीतका रूपमा 'सजाउँला दिलको फूल' शीर्षकको गीत रहन गएको छ । एक पृष्ठमा रचित प्रस्तुत गीतमा छ अनुच्छेद रहेका छन् । यसमा मायाप्रीति भन्ने कुरा असाध्यै चोखो भएको कुरा देखाइएको छ । यसलाई हेरौं ।

हिमचुली झै चोखो रहोस

तिम्रो हाम्रो माया

नपरोस त्यो छड्के आँखा

नपरोस त्यो छायाँ *(पृष्ठ ३६)*

**पैसा**

**मणि** गीतिसङ्ग्रहमा संरचित अड्तिसौं गीतका रूपमा 'पैसा' शीर्षक रहेको छ । एक पृष्ठको रचित प्रस्तुत गीतमा चार अनुच्छेद मात्र रहेका छन् ।

यसमा पैसाको महत्वको बारेमा बताइएको छ ।  यसलाई निम्न पङ्क्तिमा हेरौं ।

यौटै रेछ दुनियाँमा सबै भन्दा सस्तो
चाहिने पनि पाइने पनि पैसा कस्तो कस्तो
पैसा भित्रै अड्किएको विकासको साँचो
जतिसस्तो भएपनि पैसाको छ खाँचो । *(पृष्ठ ३८)*

**जीवन दिने गर**

**मणि** गीतिसङ्ग्रह भित्र संरचित उनन्चालिसौं गीतका रूपमा 'जीवन दिने गर' शीर्षकको गीत रहेको छ । एक पृष्ठमा रचित प्रस्तुत गीतमा दश महिना पेटमा बोकेर  जन्मिएको बालकलाई फोहोर भन्दा पनि तुच्छ रूपमा फालिदिने निष्ठुरी आमालाई घच्घच्याएका कुरा देखाइएको छ । यसलाई निम्न पङ्क्तिबाट स्पष्ट पार्न सकिन्छ ।

कष्ट सही जन्म दियौं
त्यो शिशुलाई पैले
जतन गर्न नसकेर
फ्याँकि दियौं ऐले ।
के थियो र त्यसको दोष
मृत्यु दियौं आज
आफ्नै मुटु टुका पारी
के को ढाक्छयौं लाज  । *(पृष्ठ ३९)*

**बाह्रबुदे**

**मणि** गीतिसङ्ग्रह भित्र संरचित चालिसौँ गीतका रूपमा 'बाह्रबुदे' शीर्षकको गीत रहेको छ । एक पृष्ठमा रचित प्रस्तुत गीतमा चार अनुच्छेद रहेका छन् । देशमा सबैजना मिलेर लोकतन्त्र ल्याएपछि सरकार र पार्टीहरू बीच भएका बाह्रबुदे र आठबँदे समझदारी भएपनि विकास हुने कुरामा शङ्का भएका कुराहरू देखाइएको छ ।

बाह्रबुँदे समझदारी

आठबुँदेको खेल

लोकतन्त्र बहालीमा

बाह्र आठको मेल *(पृष्ठ ४०)*

विकास हुने हो कि होइन

भन्न सकिदैन

यतिधेरै सांसद भए

गन्न सकिदैन । *(पृष्ठ ४०)*

**सुहागरात**

**मणि** गीतिसङ्ग्रह भित्र सङ्कलित एकचालिसौं गीतका रूपमा 'सुहागरात' रहेको छ । एक पृष्ठमा रचित प्रस्तुत गीतमा चार अनुच्छेद रहेका छन् । यसमा गीतकारले आफ्नी प्रेमिकासँग सुहागरातको सम्झना गरेको कुरा देखाइएको छ । यसलाई निम्न पङ्क्तिमा हेरौं ।

आजै राति माया बस्यो

मेरो तिम्रो साथ

नबिर्सनु कैल्यै पनि

हाम्रो सुहाग रात । *(पृष्ठ ४१)*

**बिहान**

**मणि** गीतिसङ्ग्रह भित्र सङ्कलित बयालिसौं गीतका रूपमा 'बिहान' शिर्षकको गीत रहेको छ । एक पृष्ठमा रचित प्रस्तुत गीतमा चार अनुच्छेद रहेका छन् । यसमा छोरीलाई गरिने भेदभाव पूर्ण व्यवहार र धनीघरको सामन्ती किसिमको चलनको बारेमा देखाइएको छ । यसलाई निम्न पङ्क्तिमा हेरौं ।

> बिहान उठी दैलोपोती
>
> पधेराको पानी
>
> पठ्न लेख्न पाईदैन
>
> डोकोबोकी जाने *(पृष्ठ ४२)*
>
> > फेरिएन रीतिरिवाज
> >
> > पुरानै छ चलन
> >
> > आँत होइन दाँत हाँस्छ
> >
> > भित्र हुन्छ जलन *(पृष्ठ ४२)*

**उज्यालो**

**मणि** गीतिसङ्ग्रह भित्र सङ्कलित त्रिचालिसौं गीतका रूपमा 'उज्यालो' शीर्षकको गीत रहेको छ । एक पृष्ठमा रचित प्रस्तुत गीतमा चार अनुच्छेद रहेका छन् । यसमा सबैलाई जनताका  गाउँगाउँमा विकासको फूल फुलाउनको लागि एकजुट भई काम गर्न आह्वान गरिएको छ । यसलाई स्पष्ट पार्न निम्न पङ्क्तिहरू हेरौं ।

> उज्यालो भो पूर्वतिर
>
> उठौं अब उठौं

भाले बास्यो बिहानी भो

जुटौं सबैं जुटौं *(पृष्ठ ४३)*

सबैमिली गाउँ जाउँ

आफूले नै बनाऊँ

हासो  खुसी बराबरी

मिली जुली मनाउँ *(पृष्ठ ४३)*

**गाउँकी मायाँ**

**मणि** गीतिसङ्ग्रह भित्र सङ्कलित चौवालिसौं गीतका रूपमा 'गाउँकी माया' गीत रहेको छ । एक पृष्ठमा रचित प्रस्तुत गीतमा चार अनुच्छेद रहेका छन् । यसमा काठमाडौं शहरमा बाहिरबाट आएका मानिसलाई बस्नका लागि कोठा पाउन मुस्किल पर्ने र कोठा लिदा आइपर्ने समस्याका बारेमा बताइएको छ । यसलाई हेरौं ।

काठमाण्डौंमा कोठा पाउन

निक्कै गाह्रो पर्छ

विहे भाको छ कि छैन

यकिन गर्नुपर्छ *(पृष्ठ ४४)*

**बुढेसकाल**

**मणि** गीतिसङ्ग्रह भित्र सङकलित पैतालिसौं गीतका रूपमा 'बुढेसकाल' शीर्षकको गीत रहेको छ । एकपृष्ठमा र रुचित प्रस्तुत गीतमा पाँच अनुच्छेद रहेका छन् । यसमा बुढेसकालमा पुगेका व्यक्तिहरूको दिनचर्याका बारेमा बताइएको छ । यसलाई निम्न पङ्क्तिमा हेरौं ।

बुढेसकालको दिनचर्या

यसै बित्ने भयो

कुरासुन्ने कोही छैन

कराउँदै रह्यो । *(पृष्ठ ४५)*

**गाउँको माया**

**मणि** गीतिसङ्ग्रह भित्र सङकलित छयालिसौं गीतका रूपमा 'गाउँको माया' शीर्षकको गीत रहेको छ । एक पृष्ठमा रचित प्रस्तुत गीतमा पाँच अनुच्छेद रहेका छन् । यसमा गीतकारको आफ्नो जन्मभूमिप्रतिको प्रेमको बारेमा बताइएको छ । यसलाई निम्न पङ्क्तिमा हेरौं ।

ऐंसेलु र काफल पाक्यो

गुराँस फुल्यो वनमा

त्यही गाउँको सम्झना छ

अझै पनि मनमा । *(पृष्ठ ४६)*

**कर्म**

**मणि** गीतिसङ्ग्रहमा सङकलित सत्चालिसौं गीतका रूपमा 'कर्म' गीत रहेको छ । एक पृष्ठमा रचित प्रस्तुत गीतमा पाँच अनुच्छेद रहेका छन् । यसमा नारीजातिले बुहारीका रूपमा खेप्नु परेको दु :ख दर्दका बारेमा बताइएको छ । यसलाई निम्न पङ्क्तिमा हेरौं ।

सासु ज्युको शासन कडा

स्वामी भर पर्ने

आफैंलाई भित्र रुवाई

बाहिर बाँच्नु पर्ने । *(पृष्ठ ४७)*

**त्यही गाउँ**

**मणि** गीतिसङ्ग्रहमा सङकलित अड्चालिसौं गीतका रूपमा 'त्यही गाउँ' शीर्षकको गीत रहेको छ । तीन पृष्ठमा रचित प्रस्तुत गीतमा सोह्र अनुच्छेद रहेका छन् । यसमा गीतकारको आफ्नो गाउँको सुन्दरता र अनमोल प्राकृतिक धरोहरका बारेमा बताइएको छ । यसलाई हेरौं ।

बितेका दिन सम्झन्छु
त्यो मेरो बाल्य जीवन
अझै पनि त्यही गाउँ
जाऊ झैं लाग्छ यो मन *(पृष्ठ ४८)*

बासना धुपीको राम्रो
फूल राम्रो गुराँसको
बुकीको फूल झन राम्रो
रूप जस्तो कपासको *(पृष्ठ ५०)*

प्रस्तुत गीतको गीति एल्बम पनि तयार भइसकेको छ । प्रस्तुत गीतमा सङ्गीतकार आलोक श्रीद्वारा सङ्गीतवद्ध भइ रामकृष्ण ढकालले सुन्दर आवाज भरेका छन् ।

**नौलो**

**मणि** गीतिसङ्ग्रह भित्र सङ्कलित उनन्चासौं गीतका रूपमा 'नौलो' शीर्षकको गीत रहेको छ । एकपृष्ठमा रचित प्रस्तुत गीतमा तीन अनुच्छेद रहेका छन् । यसमा मायाप्रीतिका बारेमा बताइएको छ । प्रस्तुत गीतको पनि गीति एल्बम तयार भइसकेको छ । यसमा सङ्गीतकार आलोक श्रीद्वारा सङ्गीतवद्ध गरी साधना सरगमले स्वर भरेकी छिन । हेरौं प्रस्तुत गीतको नमूना ।

घाम पनि नौलै लाग्छन्

नौलै लाग्ने जून

मुटु-मुटु नौलो हुन्छ

नौलै तन मन । *(पृष्ठ ५१)*

**सुरताल**

**मणि** गीतिसङ्ग्रह भित्र सङ्कलित पचासौं गीतका रूपमा 'सुरताल' शीर्षकको गीत रहेको छ । प्रस्तुत गीतमा तीन अनुच्छेद रहेका छन् । प्रस्तुत गीतमा प्रेम प्रणयको मेल भए जस्तै सुर र तालको पनि मेल भएका कुराहरू बताइएको छ । यसलाई हेरौं

तिमी सुर बनी आउनु

म त्यसमा ताल मिलाउँ

म शव्द बोकी आउछु

दुवै मिली गीत सुनाउ । *(पृष्ठ ५२)*

**मायाजाल**

**मणि** गीतिसङ्ग्रह भित्र सङकलित एकाउन्नौं गीतका रूपमा 'मायाजाल' शीर्षकको गीत रहेको छ । एकपृष्ठमा रचित प्रस्तुत गीतमा तीन अनुच्छेद रहेका छन् । यसमा मायाप्रीतिका बारेमा बताइएको छ । यसलाई हेरौं ।

एकबारको जुनी हो यो

समुन्द्रको छाल

प्रेम सागरको गहिराइमा

बस्यो मायाजाल *(पृष्ठ ५३)*

**धोका**

**मणि** गीतिसङ्ग्रह भित्र सङ्कलित बाउन्नौ गीतका रूपमा 'धोका' शीर्षकको गीत रहेको छ । एक पृष्ठमा रचित प्रस्तुत गीतमा चार अनुच्छेद रहेका छन् । यसमा आफूले मनपराएकी मायालुले धोका दिएर पराइकी भएका कुरा बताइएको छ । यसलाई हेरौं ।

परैबाट देखे उनलाई

पराइकै झै छन्

मुटुभित्र काँडा रोपी

धोका दिइ गै छन् । *(पृष्ठ ५४)*

**आस**

**मणि** गीतिसङ्ग्रह भित्र सङ्कलित त्रिपन्नौ गीतका रूपमा 'आस' शीर्षकको गीत रहेको छ । एक पृष्ठमा रचना भएको उक्त गीतमा चार अनुच्छेद रहेका छन् । यसमा साठी वर्षे उमेरमा जागिरबाट अवकास लिए पछिका अवस्थाका कामका बारेमा बताइएको छ । यसलाई हेरौं ।

भरखर-भरखर साठी माथि

उमेर पुग्न लाको

जागीर छोडी अड्डाबाटै

पेन्सन पट्टा पाको *(पृष्ठ ५५)*

**होली**

**मणि** गीतिसङ्ग्रह भित्र सङ्कलित चौवन्नौँ गीतका रूपमा 'होली' शीर्षकको गीत रहेको छ । एक पृष्ठमा रचित प्रस्तुत गीतमा पाँच अनुच्छेदहरू

रहेका छन् । यसमा सांस्कृतिक पर्व होलीका बारेमा बताइएको छ । यसलाई निम्न पङ्क्तिमा हेरौं ।

आपसमा सदभावको

माला गाँसिदिउँ

रङ्गहरूको वर्षासँग

हर्ष साटी लिउँ *(पृष्ठ ५६)*

**सप्तरङ्गी**

**मणि** गीतिसङ्ग्रह भित्र सङ्कलित पचपन्नौं गीतका रूपमा 'सप्तरङ्गी' शीर्षकको गीत रहेको छ । एक पृष्ठमा रचित प्रस्तुत गीतमा छ अनुच्छेद रहेका छन् । यसमा सहकारी कार्यक्रमका सफलता र फाइदाका बारेमा बताइएको छ । यसकासाथै सबैलाई सहकारी कार्यक्रममा जुट्न आह्वान गरिएको छ । यसलाई निम्न पङ्क्तिमा हेरौं ।

सार्वभौम नेपाली हो सबै जुट्नुपर्छै

तलैदेखि सहकारी अब उठ्नु पर्छ

सँगै खाउ सँगै जाउँ हक बराबरी

जयजय नेपाल आमा जय सहकारी । *(पृष्ठ ५७)*

**उठौं**

**मणि** गीतिसङ्ग्रह भित्र सङ्कलित छपन्नौं गीतका रूपमा 'उठौं' शीर्षकको गीत रहेको छ । एक पृष्ठमा रचित प्रस्तुत गीतमा चार अनुच्छेद रहेका छन् । यसमा भविष्यका कर्णधार बालबालिकालाई उन्नतिका लागि सत्कर्म गर्न अर्ति दिएका कुराहरू बताइएको छ । यसलाई निम्न पङ्क्तिमा हेरौं ।

जागौं जागौं बाबु हो

भोलि कैल्यै नभनौं

आलस्यतालाई  त्यागेर

उन्नतिमा लाग्ने हो  । *(पृष्ठ ५८)*

**कतिमीठो**

**मणि** गीतिसङ्ग्रह भित्र सङ्कलित सन्ताउन्नौं गीतका रूपमा 'कतिमीठो' शीर्षकको गीत रहेको छ । एकपृष्ठमा रचित प्रस्तुत गीतमा पाँच अनुच्छेद रहेका छन् । यसमा मानिसको बाल्यकालका अनि त्यसमा आमाका भूमिकाका बारेमा बताइएको छ । यसलाई निम्न पङ्क्तिमा हेरौं ।

चिसो तिर आफू सूती ओभानोमा नानी

खानदिन्छिन भोक लाग्दा तिर्खा लाग्दा पानी

मनको कुरा बुझिदिने मनकी देवी जस्ती

स्वर्गभन्दा पनि ठूली आमा कस्ती-कस्ती । *(पृष्ठ ५८)*

**मणि एल्वम**

**मणि** गीतिसङ्ग्रह भित्र सङ्कलित अन्ठाउन्नौ गीतका रूपमा 'मणि एल्बम' शीर्षकको गीत रहेको छ । दुई पृष्ठमा रचित प्रस्तुत गीतमा सात अनुच्छेद रहेका छन् । यसमा गीतकार नारदमणि पौड्याललले रचना गरेका गीतहरूमा संङ्गीतकारहरूले सङ्गीत भरेका छन् भने गायककारहरूले स्वर भरेका छन् । **मणि** गीतिसङ्ग्रहका कतिपय गीतहरूको गीतिएल्बम **मणि एल्बम** तयार भइसकेको छ । प्रस्तुत अन्ठाउन्नौ भागमा त्यही एल्बम तयार गर्ने सङ्गीतकार र गायककारका सुन्दर कलाका बारेमा बयान गरिएको छ । यसलाई निम्न पङक्तिमा हेरौं  ।

मीठोबोली उदितको
देखे देखे जस्तो
नौलो माया साधनाको
दिलै छुने कस्तो *(पृष्ठ ६०)*

सप्तरङ्गी सातै थिए
दिपकको साथ
यीनै गीतमा सङ्गीत भर्थे
शुरेसजीका हात

आमा गीत आनीको स्वर
न्हयुले सङ्गीत ल्याए
तिम्रो मनमा बास बस्थे
रामकृष्णले गाए *(पृष्ठ ६०)*

शक्ती वल्लभ सङ्गीतमा
शक्ति थप्छन् जहाँ
सृष्टि खुल्छ नारदको
स्रष्टा बनी त्यहाँ *(पृष्ठ ६१)*

## ५.३ साहित्येत्तर कृतिहरूको अध्ययन

### ५.३.१ परिचय

नारदमणि पौड्यालले नेपाली साहित्यको क्षेत्रमा वि.सं २०३२ सालबाट कलम चलाउँदै आएका छन् । निबन्ध विधाबाट शुरु गरेको साहित्य यात्राबाट आजसम्म आइपुग्दा कविता, काव्य तथा गीत जस्ता विधामा समेत कलम चलाएकाले उनी विविध विधाका सर्जक भएको कुरा पुष्टि हुन्छ । यी विभिन्न

साहित्यिक कृतिहरूका साथसाथै साहित्येत्तर कृतिहरू तर्फपनि उनले कलम चलाएका छन् । उनका **सहकारी परिचय** (२०५४) तथा **सहकारी शिक्षा** (२०५६) प्रकाशित भएका छन् । उनका यी कृतिहरूको छोटकरी अध्ययन तल प्रस्तुत गरिएको छ ।

### ५.३.२ सहकारी परिचय तथा सहकारी शिक्षा

नारदमणि पौड्यालले रचना गरेका साहित्येतर कृतिहरूमा **सहकारी परिचय** (२०५४) तथा **सहकारी शिक्षा** (२०५६) रहेका छन् ।

सहकारी परिचय (२०५४) पुस्तकमा नेपालमा सहकारीताको विकास गराउने उद्देश्यले सहकारी र सो सम्बन्धी क्षेत्रका विविध पक्षबारे लेखिएका विवरणहरूका बारेमा बताइएको छ । सहकारीका बारेमा विभिन्न ८३ शीर्षकहरूमार्फत पृष्ठ १ देखि पृष्ठ १९४ मा प्रस्तुत पुस्तकको रचना भएको छ । सहकारीका अन्तराष्ट्रिय सिद्धान्त र यसको प्रयोग पहिलो शीर्षक रहेको छ, त्यसपछि नेपालमा साझा सहकारीको विकासकम, साझा संस्थाको स्थापना काम कर्तव्यहरू, दोस्रो योजनादेखि सहकारी आधारभूत आवश्यकताको परिपूर्तिमा साझा आदि हुँदै अन्तमा सहकारी संचारका ऐतिहासिक सामग्रीहरू शीर्षक रहेका छन् ।

प्रस्तुत शीर्षकहरूमा सहकारीको विकासलाई सैद्धान्तिक स्वरूप दिलाउने श्रेय बेलायतका रोवर्ट जोवेत र फ्रान्सका चार्ल्स फेरियर भएको कुरा उल्लेख गरिएको छ । उनीहरूले शोषण र होडवाजीलाई उन्मुलन गरी पारस्परिक सहयोग र आपसी सद्भावनाका आधारमा आदर्श समाज स्थापना गर्ने हेतुले सहकारीतालाई सिद्धान्तका रूपमा स्थापित गराएका हुन् भन्ने कुरा बताइएको छ । नेपालमा सहकारीताको विकास गराउने उद्देश्यले सहकारी बैङ्कको स्थापना भूमिसुधार सहकारी कार्यक्रम, संविधानमा साझाको स्थान, कृषि विकास बैङ्कको स्थापना, सहकारी प्रकाशन जस्ता शीर्षक मार्फत सहकारी विकासका बारेमा

बताइएको छ । सहकारी क्षेत्रमा भएका वि.सं. २०५३ सम्मका उपलब्धिहरूबारे उल्लेख गरिएको छ भने विभिन्न देशमा भएका सहकारी आन्दोलनका बारेमा जानकारी गराइएको छ । यसमा सहकारी आन्दोलन डेनमार्क, सहकारी आन्दोलन चीन, सहकारी आन्दोलन मलेशिया, इन्डोनेशिया, भारत आदि स्थानको बारेमा बताइएको छ ।

पौड्यालको दोस्रो कृति **सहकारी शिक्षा** (२०५६) रहेको छ । प्रस्तुत कृतिमा छ वटा मुख्य शीर्षकमा ४६ वटा उपशीर्षकहरू रहेका छन् । पृष्ठ संख्या १ देखि १०८ रहेको प्रस्तुत पुस्तकमा सहकारीको विकासका लागि गर्नुपर्ने क्रमवद्धता, यसका सफलता र असफलता जस्ता कुराहरूको पनि जानकारी गराइएको छ । सहकारी भनेको निम्न आय भएका आर्थिक रूपले पिछडिएका वर्गको आर्थिक हित र समुन्नतिको लागि उपयुक्त माध्यम स्वीकार गरी पारस्परिक सहयोगका आधारमा मित्रताको गाँठो दरिलो पार्नु हो भन्ने कुरा बताइएको छ । यसमा सहकारीको अवधारणा , सहकारीको वर्गीकरण, नीतिहरू , सहकारी शिक्षा, सहकारी कानुन , संगठन आदि मुख्य शीर्षकमा अन्य उपशीर्षक मार्फत सहकारी सम्बन्धी जानकारी गराइएको छ ।

♦♦♦

## परिच्छेद छ

# उपसंहार

नारदमणि पौड्यालको जन्म वि.सं २०१४ साल पुस ८ गतेका दिन सगरमाथा अञ्चलको ओखलढुङ्गा जिल्ला वार्ड नं. ५ विगुटार गा.वि.स मा भएको थियो । परिवारमा जेठे छोराका रूपमा उनको जन्म भएकाले उनको पालनपोषणमा कुनै कमी थिएन । उनी सानै देखि परिश्रमी र केही गरौं भन्ने उत्सुकता भएका मिलनसार र लगनशील प्रवृतिका थिए । गाउँकै भाषा पाठशालाबाट अक्षरारम्भ गरी काठमाण्डौंको रानीपोखरी संस्कृत माध्यमिक विद्यालयबाट विद्यालयस्तरको परीक्षा सकी भारतको सम्पूर्णानन्द संस्कृत विश्व विद्यालयबाट साहित्य विषयमा उनले शास्त्री उत्तीर्ण गरे । त्यसपछि त्रिभुवन विश्व विद्यालयबाट नेपाली विषय लिएर स्नातकोत्तर अध्ययन गर्दा गर्दै जागिरतिर व्यस्त रहनु परेकाले अध्ययनलाई यत्तिकैमा स्थगित गरे ।

काठमाडौंमा माध्यमिक तहमा अध्ययन गर्दागर्दै 'अन्तरमाध्यमिकविद्यालय' स्तरको निबन्ध लेखेर साहित्यको आरम्भ गरेका पौड्यालकालागि आफ्नो जन्मथलो अनि कर्मथलोका विभिन्न सुखदुखका क्षणहरू नै साहित्य सिर्जनका लागि प्रेरणा स्रोत बन्न पुगेको थियो । यसका साथै फुर्सदका समयमा विभिन्न साहित्यकारहरूका कृतिहरू पढ्ने बानीले उनको सिर्जनात्मक अभिरुचिमा मलजल पुऱ्यायो । फलस्वरूप उनले वि.सं. २०३२ सालमा मेरो यात्रा संस्मरण नामक नियात्रा लेखे । आज उनी निबन्ध विधाबाट थालिएको यात्रामा कविता, काव्य गीत जस्ता विविध विधाका सर्जक व्यक्तित्व बनिसकेका छन् । उनमा रहेको विविध व्यक्तित्व मध्ये सम्पादक व्यक्तित्वका रूपमा पनि त्यतिकै चर्चित रहेका छन् । साहित्य साधनामा जुटेका पौड्यालको अधिकांश समय सहकारी क्षेत्रको विकासतर्फ कार्य गर्दागर्दै बितेको पाइन्छ । उनी प्रर्वतमान मासिक पत्रिकाको सम्पादकका रूपमा वि.सं. २०४९ सालदेखि नै कार्य गरिरहेका छन् भने दर्जनौं सहकारी संस्थामा रहेर विशेषज्ञ

सेवा प्रदान गरिरहेका छन् । उनका यसै विषयमा आधारित पुस्तकहरू नेपालमा सहकारी आन्दोलन इतिहासदेखि वर्तमानसम्म (२०५२), सहकारी परिचय (२०५४), सहकारी शिक्षा (२०५९) प्रकाशित छन् ।

वि.सं. २०३२ सालबाट नियात्रा निबन्ध विधाबाट साहित्य क्षेत्रमा प्रवेश गरेका पौड्याल आधुनिक नेपाली साहित्यका एक उज्वल प्रतिभा हुन् । उनले साहित्यका विविध विधाबाट कलम चलाएर आफूभित्रको बहुमुखी प्रतिभालाई उजागर गरेका छन् । हालसम्म उनका **मेरो यात्रा संस्मरण** (२०३४), **केही कवि केही कविता** (२०४३), **नियात्राका नवीनतम थुङ्गाहरू** (२०५९), **म भित्र यसरी बोल्छ** (२०६२), **कोमल शोक काव्य** (२०६३), **मणि** गीतिसङ्ग्रह (२०६३) आदि कृतिहरू पुस्तकका रूपमा प्रकाशित भइसकेका छन् भने दर्जनौं फुटकर निबन्ध कविता, लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् ।

नेपाली साहित्यको लेखन परम्परामा नियात्रा विषयमा  कलम चलाउने थोरै स्रष्टाहरू मध्ये पौड्याल पनि एक हुन् । उनका समग्र कृतिहरूको अध्ययनबाट उनी देशका विभिन्न स्थानहरूको भ्रमण पश्चात देशका कुना काप्चादेखि लिएर शहरी क्षेत्रको रहनसहन, भेषभुषा, परम्परा, संस्कृति त्यहाका जनताको दुःख, सुःख आदि कुराहरूको चित्रण नै विषयवस्तु बनेका देखिन्छन् । **मेरोयात्रा संस्मरण** नियात्रामा लेखकको आफ्नै जन्मथलोको उकालीओराली सानै छँदा देखे भोगेको तीतामीठा अनुभवको साथै नेपालको पूर्वी पहाडी भागका जस्ताको तस्तै चित्रण गरिएको छ । **नियात्राका नवीनतम थुङ्गाहरू**मा पनि आफ्नो मातृभूमि देखि लिएर देशका अधिकांश महत्वपूर्ण तीर्थस्थल, पर्यटकीय स्थलका साथै भारतको महत्वपूर्ण  प्रान्त अनि लेखकले जागिरका सिलसिलामा भोगेका अनुभवहरूलाई विषयवस्तु बनाइएको छ । त्यसैगरी उनको कविता सङ्ग्रहमा सङ्कलित कविताहरूमा पनि आफ्नै जन्मथलो र ग्राम्यजीवनदेखि लिएर शहरी जीवनका साथै देशमा भइरहेका विषम परिस्थितिका बारेमा चित्रण गरिएको छ । कोमल शोक काव्यमा सासुआमाको दुःखद र असामयिक निधनको बारेमा चित्रण गरिएको छ । उनको प्रकाशित

गीतिसङ्ग्रहमा रहेका गीतहरूमा देशप्रेम, प्रकृतिप्रेम र विविध विषयवस्तु मध्ये श्रृङ्गारलाई प्रमुख रूपमा देखाइएको छ ।

यसप्रकार नेपालका कुनाकाप्चादेखि तराइकाफाँट, पूर्व मेचीदेखि पश्चिम महाकाली अनि छिमेकी मूलूक भारतको समेत पवित्र तीर्थस्थलको महत्व, रहनसहन संस्कृति, परम्परा, भेषभूषा तथा विविध सामाजिक तथा आर्थिक परिवेश जस्ता कुराहरूलाई उजागर गर्नु नै साहित्यकार पौड्यालका कृतिहरूको विशेषता हो । तापनि प्रस्तुतीकरणमा केही कमी कमजोरी भने नरहेको देखिदैन । समग्रमा भन्नुपर्दा नेपाली परम्परा, नेपाली संस्कृति, गरिबी अशिक्षा, नारी शोषण, लैङ्गिक असमानता जस्ता गम्भीर कुराहरूलाई पनि कृतिहरू मार्फत प्रस्तुत गरी समाजमा परिवर्तनको चाहना राख्ने पौड्याल नेपाली साहित्यका विविध विधाका महत्वपूर्ण प्रतिभा हुन् भन्ने कुरा उनका कृतिबाट स्पष्ट हुन्छ ।

उनको अधिकांश समय सहकारी क्षेत्रको विकासतर्फ कार्यगर्दा गर्दै बितेको पाइन्छ । उनका यसै विषयमा आधारित साहित्येतर कृतिहरू पनि प्रकाशित छन् । उनका सहित्येतर कृतिहरू **नेपालमा सहकारी आन्दोलन इतिहास देखि वर्तमानसम्म** (२०५२), **सहकारी परिचय** (२०५४) तथा **सहकारी, शिक्षा** (२०५६) प्रकाशित भएका छन् । यी पुस्तकहरूमा सहकारीको विकास गराउने उद्देश्यले नेपालमा विभिन्न किसिमको सहकारी कार्यक्रम गरिएका कुराहरू बताइएको छ । सहकारी विकासको लागि गर्नुपर्ने क्रमबद्धता र यसका सफलता तथा असफलता जस्ता कुराहरूको बारेमा पुस्तकहरू मार्फत जानकारी गराइएको छ ।

नारदमणि पौड्यालका विषयमा शोधकार्य गर्न चाहने शोधकर्ताका लागि निम्न शीर्षकहरू राख्न सकिन्छ

(१) नारदमणि पौड्यालको कवित्व

(२) नियात्राका नवीनतम थुङ्गाहरूको कृतिपरक अध्ययन

# सन्दर्भ सामग्रीसूची

**पुस्तक–सूची**


अधिकारी, तीर्थराज, (२०६२) "प्रतिकथन"(भूमिका) **म भित्र यसरी बोल्छ**, लेखक नारदमणि पौड्याल, काठमाडौं :प्रवर्तमान पब्लिकेसन्स

घिमिरे, माधव, (२०६२) "**म भित्र यसरी बोल्छ** कविता सङ्ग्रहको लोकार्पण एवम् कविता वाचन कार्यक्रम एक झलक" **म भित्र यसरी बोल्छ**, कविता सङ्ग्रह, लेखक नारदमणि पौड्याल, काठमाडौं :प्रवर्तमान पब्लिकेसन्स

जोशी, कुमार बहादुर, (२०५२) **महाकवि देवकोटा र उनका महाकाव्य,** काठमाडौं : साझा प्रकाशन

दाहाल, कलानिधि, (२०३४) "शुभकामना" (भूमिका) **म भित्र यसरी बोल्छ**, लेखक नारदमणि पौड्याल, काठमाडौं : प्रवर्तमान पब्लिकेसन्स

दाहाल, पुरुषोत्तम, (२०६२) "नेपाली साहित्यमा अर्को कृति" (भूमिका) **म भित्र यसरी बोल्छ,** लेखक नारदमणि पौड्याल, काठमाडौं : प्रवर्तमान पब्लिकेसन्स

पौड्याल, नारदमणि, (२०४३) **केही कवि केही कविता**, काठमाडौं : तुमुल प्रकाशन

———— (२०५२), **नेपालमा सहकारी आन्दोलन इतिहासदेखि वर्तमानसम्म**, काठमाडौं : नारद सूचना केन्द्र

———— (२०५२), **नेपाल फोरम बृहद ऐतिहासिक ग्रन्थ** काठमाडौं : साङ्ग्रिला प्रिन्टर्स

_________ (२०५४), **सहकारी परिचय**, काठमाडौं : श्रङ्खला अफसेट

_________ (२०५६), **सहकारी शिक्षा**, काठमाडौं : लिखु प्रिन्टर्स

_________ (२०५९) **नियात्राका नवीनतम थुङ्गाहरू,** काठमाडौं : कौशिकी साहित्य प्रतिष्ठान

_________ (२०६२) **मभित्र यसरी बोल्छ,** काठमाडौं : प्रवर्तमान पब्लिकेसन्स

_________ (२०६३) **कोमल शोककाव्य**, काठमाडौं : प्रवर्तमान पब्लिकेसन्स

_________ (२०६३) **मणि,** काठमाडौं : कौशिकी साहित्य प्रतिष्ठान

पौडेल, हेमनाथ, (२०६३) "**मभित्र यसरी बोल्छ** कवितासङ्ग्रहका सम्बन्धमा" **म भित्र यसरी बोल्छ** लेखक नारदमणि पौड्याल, काठमाडौं : प्रवर्तमान पब्लिकेसन्स

भट्टराई, कृष्णप्रसाद, (डा.) (२०६२) "विचार विम्ब" (भूमिका) **मभित्र यसरी बोल्छ**, लेखक, नारदमणि पौड्याल काठमाडौं : प्रवर्तमान पब्लिकेसन्स

भट्टराई, घटराज, (२०६३) "सभापतीय आसनबाट प्रा. घटराज भट्टराई", **मभित्र यसरी बोल्छ** कवितासङ्ग्रह, लेखक, नारदमणि पौड्याल, काठमाडौं: प्रवर्तमान पब्लिकेसन्स

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज, (२०४९) **नेपाली साहित्यको सङक्षिप्त इतिहास,** काठमाडौं : साझा प्रकाशन

त्रिपाठी, वासुदेव र अन्य (२०५४) **नेपाली कविता भाग ४,** काठमाडौं : साझा प्रकाशन

________ (२०६२) “नारदमणि पौड्यालको **म भित्र यसरी बोल्छ** कवितासङ्ग्रहबारे” **म भित्र यसरी बोल्छ,** लेखक, नारदमणि पौड्याल, काठमाडौंः प्रवर्तमान पब्लिकेशन्स प्रकाशन